# कर्णाली प्रदेश सभा

## सातौं अधिवेशन

## कार्यवाहीको सम्पूर्ण विवरण

## २०७८वैशाख ३ गते

## शुक्रवार

## (बैठक संख्या-१)

**राष्ट्रिय धुन,**

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेश सभाको हिउँदे अधिवेशन पहिलो बैठकको प्रारम्भ हुन्छ । माननीय सदस्यहरू माननीय प्रदेश प्रमुखको कार्यालयबाट प्रदेश सभाको हिउँदेअधिवेशन आह्वानसम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरावाचन गरेर सुनाउँछु ।

मितिः- २०७७।१२।३०

श्री प्रदेश सभा सचिवालय,

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

विषयः- प्रदेश सभाको सातौं (हिउँदे) अधिवेशन आह्वान सम्बन्धमा ।

कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूबाट मिति २०७७/१२/३० मा भएको आदेशअनुसार नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम कर्णाली प्रदेश सभाको सातौं (हिउँदे) अधिवेशन मिति २०७८ साल बैसाख ३ गते शुक्रवार दिनको २:०० बजे प्रदेश सभा भवन वीरेनन्द्रनगर सुर्खेतमा बस्ने गरी आह्वान भएको व्यहोरा अनुरोध गर्दछु।

आज्ञाले

ठाकुर प्रसाद सिग्देल

सचिव

मितिः-२०७७/१२/३०

माननीय सदस्यहरू मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय कर्णाली प्रदेशबाट पत्र प्राप्त भएको छ । म पत्रको व्यहोरा पढेर सुनाउँछु ।

मितिः- २०७७।१२।३०

श्री प्रदेशसभा सचिव,

प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

नेपालको संविधानको धारा १६९ को उपधारा (२) को खण्ड (क) बमोजिम माननीय मुख्यमन्त्री समक्ष मौजुदा मन्त्री परिषदका आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वाला, सामाजिक विकास मन्त्री माननीय दल रावल र उद्योग पर्यटन, वन तथा वातावरण मन्त्री माननीय नन्दसिंह बुढाले राजीनामा दिनु भएकोले निजहरूले सम्हाल्दै आउनुभएको आर्थिक मममिला तथा योजना मन्त्रालय र सामाजिक विकास मन्त्रालयको कार्यभार भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसी र उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यभार आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

चन्द्रमान श्रेष्ठ
प्रमुख सचिव
मितिः२०७७/१२/२९

माननीय सदस्यहरू, दैलेख जिल्ला निर्वाचन क्षेत्रनम्बर १ (क) बाट नेपाल कम्युनिष्टपार्टी माओवादी केन्द्रको उम्मेद्वार भइ यस कर्णाली प्रदेश सभाको सदस्य पदमा प्रत्यक्ष निर्वाचित माननीय धर्मराज रेग्मीले दल त्याग गरेको सूचना नेपाल कम्युनिष्टपार्टीमाओवादी केन्द्र प्रदेश सभा संसदीय दलबाट मिति २०७७/१२/२० गते प्रदेश सभा सचिवालयलाई लिखित जानकारी प्राप्त भएकोमा राजनीतिक दलसम्बन्धी ऐन,२०७३ को दफा ३५ (२) तथा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १९० बमोजिम सूचनामिति २०७७/१२/३० गते प्रकाशित भई सोहीमितिदेखि कर्णाली प्रदेश सभा नियमावली, २०७४ नियम १९१ बमोजिम उक्त स्थान रिक्त रहेको व्यहोराको जानकारी म सभालाई गराउँछु ।

माननीय सदस्यहरू कर्णाली प्रदेश सभा कार्यव्यवस्था परामर्श समितिको रिक्त पदमा नेपाल कम्युनिष्टपार्टीमाओवादी केन्द्र प्रदेश सभा दलको सिफारिसमा माननीय श्री गोपाल शर्मा मनोनित हुनुभएको व्यहोरा सभालाई जानकारी गराउँछु ।

माननीय सदस्यहरू प्रदेश सभाको सातौं अधिवेशन शुभारम्भको पहिलो बैठकमा दलको तर्फबाट धारणा राख्नको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री सीता कुमारी नेपाली ।

**माननीय सीता कुमारी नेपालीः**-माननीय सभामुखज्यू हामी कर्णाली प्रदेश सभाको सातौं अधिवेशनको पहिलो बैठकमा उपस्थित छौं । सर्वप्रथम नयाँ वर्ष २०६८ को पावन अवसरमा सम्पूर्ण माननीयज्यूहरूलाई माननीय सभामुखज्यूमार्फत सुस्वास्थ्य उत्तरउत्तर उन्नति प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु। साथै नेपाल

कम्युनिष्टपार्टीमाओवादी केन्द्रको तर्फबाट सातौं अधिवेशन सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । माननीय सभामुख महोदय, बैठकको आरम्भमा देश र जनताका निम्ति आफ्नो जीवन बलिदान गर्नु हुने महान वीर सहिदहरूप्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्दै घाइते योद्धाहरूप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु । देश कोभिड-१९ कोरोना भाइरसका कारण आक्रान्त भयो कोभिड १९ कोभिड भाइरसका कारण देशमा महामारीको रूपमा फैलियो यस क्रममा अग्रमोर्चामा रहेर सेवा गर्ने चिकित्सक, स्वास्थ्यकर्मी, सेना,प्रहरी, पत्रकार,स्थानीय जनप्रतिनिधि सामाजिक अभियन्ताहरूलगायत सबैलाई दलको तर्फबाट सम्मान प्रकट गर्न चाहन्छु ।

सभामुख महोदय, नेपाली जनताको लामो समय त्याग तपस्यापछि संविधान सभाबाट संविधान निर्माण भयो संविधानले यो देशलाई संघीयतामा लगेको छ । नेपाली जनताले वाम गठबन्धन लाई दुईतिहाई बहुमत पुऱ्याई संघ र प्रदेशहरूमा नेकपाको एकलौटी सरकार निर्माण भएको कुरा सर्वविदितै छ र हामीलाई लागेको थियो राजनीति क्रान्तिको अध्याय समाप्त भयो अब आर्थिक र सामाजिक समृद्धिका लागि देश अगाडि बढ्दै छ । संघ र प्रदेशहरूमा संविधानले गरेको व्यवस्था अनुसार संविधानको कर्यान्वयन गरेर हामीअगाडि बढ्दै छौं । समग्र देश र प्रदेशहरूको समग्र विकासका निम्ति प्रदेशहरू आ-आफ्नो ठाउँबाट प्रतिबद्ध भएर एउटा गतिमा जानुपर्ने थियो त्यो गतिमा जान सकेन । सभामुख महोदय, संविधान कार्यान्वयनको विषयसंविधान निर्माण त भयो संविधान कार्यान्वयनको विषय नेतृत्वसँग जोडिएका हुदोरहेछ । संविधान,गणतन्त्र,संघीयता,समानुपातिक प्रतिनिधित्व समावेशीप्रति नै अरुची भएको नेतृत्व हुँदा कार्यान्वयन सहज नहुदोरहेछ भन्ने पछिल्लो राजनीतिक क्रमले पनि लोकतन्त्र,संविधान र यो व्यवस्था माथिको प्रहार जो भयो यसले पनि यो असंवैधानीक र प्रतिगामी थियो भन्ने कुरा पनि पुष्टि गरेको छ । गलत व्यक्तिको हातमा शक्ति र सत्ता पुग्दा हामीले बनाएको संविधान को पनि इमान्दारीपूर्वक कार्यान्वयन हुन सकेन । यो बिडम्बना हो ।

अधिकार तल जनताले पनि जुन स्थितिमा पाउनु पर्थ्यो त्यो पाउन सकेनन् । देश विकास र समृद्धि तिर होइन । अन्धकारको खाडलतिर अस्थिरतिर जान खोज्यो त्यसको जिम्मेवारको हो ? म त्यसको कुरा राख्नचाहन्छु । नेपाली जनताले पटक पटक जनताको तागत इतिहासमा बेलाबेलामा पुष्टि पनि गरिसकेका छन् । जनताले कठिन परिस्थितिमा अप्ठ्यारो परिस्थितिमा आफ्ना मतहरू जहेर गर्ने गरिरहेका छन् । त्यसैले आज हामी जनताको जनमत र संवैधानिक सर्वोच्चतालाई मान्दै सर्वोच्च अदालतले गरेको फैसला मानिरहेका छौं र दलको तर्फबाट हाम्रा गतिविधिहरू अगाडि बढिरहेका छन्। सभामुख महोदय, हामीले कर्णाली प्रदेशको प्रदेश गठन भैसकेपछि कर्णाली प्रदेशमा प्रदेशको पहिलो बैठक्मा पनि हामीले प्रतिबद्धता गरेका थियौं र त्यो

प्रतिबद्धता गर्दै गर्दा कर्णालीको दुस्मन हामीले यहाँको गरिबी र अशिक्षालाई लिएका थियौं । कर्णाली प्रदेशको समग्र विकासका निम्ति हामीले प्रतिबद्धता गरेका थियौं । त्यो पहिलो बैठकको स्मरण म यतिबेला गरी रहन्छु त्यतिबेलाको प्रतिबद्धता साँच्चिकै हरेक हिसाबले हाम्रो कर्णाली पछि पारिएको छ । हरेक सुचाकाङ्कमा हाम्रो कर्णाली प्रदेश पछि परेको छ । यहाँको भौतिक पूर्वाधारको विकासको कुरा मात्रै होइन मानवविकासका रूपमा पनि हामी पछाडि पारिएका छौं ।

त्यसैले पनि कर्णाली प्रदेशको समग्र विकासका लागि एकताबद्ध भएर कर्णालीको मुहार फेर्नको निम्ति हामीले एकताबद्ध भएर जाने वाचा गरेका थियौं । कर्णाली प्रदेश सभा अगाडि बढ्दै गर्दा हाम्रा वाचाहरूती पूरा गर्न सक्यौं कति गर्न सकेनौं । यो समीक्षा गर्न जरुरी छ । हिमाल पहाड र भित्रीमधेसको भूभाग र भौगालीक विकटतायूक्त हाम्रो प्रदेशको नेतृत्व साविक कर्णालीबाट पाएको छ । यहाँको समग्र विकासका निम्ति हाम्रो योगदान कति भयो संसदमा हामीले खेलेका भूमिकाहरू पनि प्रष्ट छन् र हामीले संसदमा छैटौंअधिवेशनसम्म पुग्दाखेरि हामीले संसदमा के के प्रतिबद्धतागर्‍यौंकि के वाचा गयौं र त्यो प्रतिबद्धता र वाचा अनुसार हामी अगाडि बढ्न सक्यौ कति अगाडि बढ्न सकेनौं। त्यो पछाडि फर्केर हेर्नका निम्ति पनि म आग्रह गर्न चाहन्छु ।

साँच्चिकैहामी संघीयतामा देश अगाडि बढेपछि हामी संस्थापक थियौं । संस्थापकका अगाडि थुप्रै चुनौतीहरू हुन्छन र सम्भावना पनि त्यत्तिकै हुन्छ । हामी कर्णाली प्रदेशलाई शून्यबाट सुरु गरेर यो स्तरसम्म ल्याएका छौं । हामीले कर्णाली प्रदेशको सांगठनिक संरचना निर्माण गर्ने देखि यहाँको पूर्वाधारविकास गर्ने स्थितिमा र यहाँको मानव विकासको निम्ति गरिनु पर्ने गतिविधिहरू पनि गरिरहेका छौं र सँगँसगै कर्णालीको नयाँ सम्भावनाहरू के हुन्?र चुनौतीहरू के हुन ?भन्दै सम्भावनाको खोजि गर्दै हामी अगाडि बढेको पनि सर्वविदितै छ ।

माननीय सभामुखज्यू, कर्णाली प्रदेशमा नेपाल कम्युनिष्टपार्टीमाओवादी केन्द्र कर्णाली प्रदेश सभा दलको नेता माननीय महेन्द्र बहादुर शाहीको नेतृत्वमा तीन वर्ष अघि कर्णाली प्रदेश सरकार गठन गरेको सर्वविदितै छ । हाम्रो दलको नेतृत्वमा सरकार सुरुदेखि नै प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दल एवं समग्र कर्णालीवासीको भावनाबमोजिम कर्णालीको तीव्रविकास र आर्थिक समृद्धि हासिल गर्ने उद्देश्यमा इमान्दारिताका साथ लागि रहेको छ । विकास मात्र नभई सबै क्षेत्रमा पछाडि पारिएको यस प्रदेशको समग्र विकास र समृद्धिको पक्षमा प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै माननीय सदस्यहरूएकताबद्ध रहि आएको तथ्य पनि स्पष्ट छ । विकास र समृद्धिको मुद्दामा कोही पनि पक्ष विपक्षमा विभाजित नहुने प्रतिबद्धता प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दल सम्बद्ध माननीय सदस्यहरूले पटक पटक गरिरहेका छौं अबको परिस्थितिमा राजनीतिक अस्थिरता होइन ?स्थिरता चाहिएको छ । कर्णालीको समग्र

विकास र समृद्धिको जन चाहना पूरा गर्न तथा समग्र राजनीतिक परिवर्तन र यसबाट जनताले गरेको अपेक्षाअनुसार विकास र समृद्धिको अभियान्लाई कमजोर हुन नदिनका लागि पनि हामीसरकारलाई अझ बलियो र एकताबद्धरूपमा साथदिन नेपाल कम्युनिष्टपार्टी नेकपाको तर्फबाट हार्दिक अपिल गर्दै बिदा चाहन्छु हवस्त,धन्यवाद ।

**माननीय सभामुखः-** माननीयश्री यामलाल कंडेल ।

**माननीय श्री यामलाल कंडेलः-** माननीय सभामुख महोदय,आजहामी कर्णाली प्रदेश सभाको सातौं अधिवेशनको शुभारम्भमा उपस्थित भएका छौं । यस अवसरमा हाम्रो पार्टी नेकपा एमाले र कर्णाली प्रदेशको संसदीय दल नेकपा एमालेको तर्फबाट सभामुखमार्फत नयाँ वर्ष पनि भर्खरै प्रारम्भ भएको हुनाले सभामुखज्यूमार्फत सबै माननीय सदस्यज्यूहरूलाई यहाँ उपस्थित माहानुभावहरूलाई र हाम्रो कार्यक्रम विभिन्न माध्यमबाट हेर्नुहुने सुन्नुहुने सबै माननीय सदस्यहरूलाई पार्टीको तर्फबाट दलको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । यो सातौं अधिवेशनको सफलताको पनि शुभकामना व्यक्त गर्न चाहन्छु । समय गतिशील छ । गतिशील भएअनुसार नै यो अधिवेशनको बनावटमा पनि आज आइपुग्दा परिवर्तन भएको छ । जनताको चाहना यो भन्दा अगाडिको निर्वाचनमा जनताको जन आदेश के थियो जनता ले राम्रैसँग बुझेका छन । बुझ्ने अवस्था कै आँकडा छ तर पनि कर्णाली र समृद्धि र विकासका निम्ति विभाजित रहेको कम्युनिष्टपार्टीलाई एकताबद्ध गराउनेमा महान अभियानमा हामी कर्णाली प्रदेशमा नेकपा एमालेका तर्फबाट सहभागी भएका दलका तर्फबाट माननीय सदस्यहरूका तर्फबाट पार्टीहरूका तर्फबाट पनि योगदान पुऱ्याउने लक्ष्यका साथ जनमत के थियो । त्यो तपसिलको विषय थियो तर स्थापना कालदेखि कम्युनिष्ट आन्दोलनमा लागेका पुर्खा र वर्तमानमा रहेको चाहनाअनुसार हामी एउटा बनावटमा थियौं । आज सातौं अधिवेशनसम्म आइपुग्दा हाम्रो कर्णाली प्रदेशको संरचना मात्रै होइन देश कै राजनीतिक संरचना परिवर्तनपरिवर्तित हुँदा यसको रूप यहाँ पनि प्रकट हुने कुरा अन्यथा रहन्छ मलाई त्यस्तो लाग्दैन ।

हामीले यो बीचमा दल गतका हिसाबले जिम्मेवारीका हिसाबले जनप्रतिनिधिका हिसाबले के कस्ता किसिमका भूमिकाहरूनिर्वाहगऱ्यौं सबैका अगाडि तथ्य तथ्याङ्क जगजाहेरै छ । हो हामीले सभाका रेकर्ड हेऱ्यो भने विकास र समृद्धिका लागि कर्णालीको उन्नतिको निम्ति एकछिन सत्तापक्ष र प्रतिपक्ष मैले मात्र गरेर होइन सबैले बिर्सिएर भावना व्यक्त गरेको रेकर्ड खोज्यो भने यहाँ प्राप्त गर्न सकिने अवस्था छ । आजको यो अवस्थासम्म आइपुग्दा समय क्रममा सबैको मुल्याङ्कन हुन्छ । सबैको समीक्षा हुन्छ । ईतिहास निर्मम हुन्छ त्यो त्यसअनुसार अगाडि बढ्नु पर्ने कुरा हुन्छ तर यसको शुभारम्भमा पनि आजैको बनावट थियो शुभारम्भमा पनि यसैको बनावट थियो । ४० सिट मध्ये नेकपा एमाले २० सिट माओवादी केन्द्र १३ सिट माओवादी केन्द्र १३ सिट नेपाली काँग्रेस ६ सिट र राप्रपा १ सिट यही बनावटनै थियो । आज

आइपुग्दाविभिन्न कारणले त्यसको संख्यामा प्रभाव परेको कुरा हामीले सूचनाबाट सुनिउ फेरि आज हामीबीचका २ ढाई वर्ष एउटा अभ्यास गरियो । त्यसका तितामिठाभावनाहरू हामीले आआफ्ना मनमा संगाली रहेको होऔंला । त्यसका अनुभूतिहरू आफ्ना ठाउँमा होलान्हामीले जुन चाहनाअनुसार दुइओटा पार्टीएकताबद्ध गरेका थियौं नेपाली जनताको जुन प्रतिनिधित्व गरेका थियौं । त्यसमा हाम्रो तहको नेता कार्यकर्ताको त कति दोष छ थाहा छैन तर जसले शीर्षस्थ नेताहरूले नत नेकपा बनाउदा जनउन्मुखी भएर बाटोबाट गऱ्या हो न आजको अवस्थाआइपुग्दा जनअनुमोदितको फैसलाबाट त्यो एउटा स्थिति आएको हो । त्यलाई हामीले व्यहोर्नु बाहेक अर्को विकल्प छैन ।

फेरि आगामी दिनमा भिन्नताका बावजुद एकता फरक पार्टीका बावजुद एकता गरेर आफ्नो ठाउँको वा प्रदेशको संरचना समृद्धि विकास र निर्माणको कामलाई कसरी अगाडि बढाउने कुरा हो त्यो प्रमुख दायित्व र चुनौती हो भन्ने मलाई लाग्छ । कतिलाई लाग्न सक्छ यद्दपि मैले देखिराछु । चर्चा परिचर्चा कुनै एउटा व्यक्तिको चाहनाले पो यो सबै भा छैन कि कतिले त्यसरी पनि प्रश्न उठाइ रहेको एउटा अवस्था छ । मलाई लाग्छ आज हामीत सातौं अधिवेशनमा छौं । विगतका अधिवेशन जसरि हामी जनप्रतिनिधिका हिसाबले उपस्थित हुँदा पनि हामीले त्यस्तो प्रयत्नलाई सकारात्मक दिशामा अगाडि बढाउनका लागि प्रयत्न गरिएको थियो । दल भित्रको वैधानिकव्यवस्था होस् वा संविधान अन्तर्गतको वैधानिकव्यवस्था होस त्यस अन्तर्गत दललाई सुदृढ गर्ने कुरा दल अनुसारको जनताको भावना अनुसारको दलबाट प्रतिनिधित्व गर्ने सरकारलाई प्रभावकारी बनाउने हिसाबले पनि कतिपय काम कदमहरू नचालिएका होइनन् । त्यसमा मलाई लाग्छ कुनै घटनामा कोही जोडिएका छौं । कोही घटनामा कोही जोडिएका छौं तर कोही अछुतो छौं मलाई त्यस्तो लाग्दैन । सरकारमा रहेका माननीय सदस्यहरू बाहेक चाहे प्रतिपक्षमा भनौं चाहे सत्तापक्षमा रहेका सबै माननीय सदस्यहरूको भावना विषयगत हिसाबले साझा रहेर आइरहेको एउटा स्थिति थियो । यो आधारबाट नै हामीले बुझ्नुपर्ने एउटा अवस्था रहन्छ।

हामीले यहाँ स्मरण गराउन चाहन्छु । यो विषय आज असान्दर्भिक भैसक्यो त्यसमा चर्चा गर्नु केहि छैन किनभने हामीसामूहिकरूपमा चर्चा गर्ने ठाउँमा छैनौं किनभने म के गर्न चाहन्छु त भन्दा आज सर्वोच्च अदालतले पार्टी अलगअलग बनाई रहेको अवस्थामा होइन कि पार्टी एउटैअवस्थामा रहदाखेरि पनि कर्णाली प्रदेशको सभाभित्र कर्णाली प्रदेश सभाभित्र रहेको नेकपाको ३३ सदस्यीय दलभित्र दलले व्यवस्था गरे अनुसारको व्यवस्था अनुसारको पनि हामीले दलभित्र छलफल चलाउने गरी पनि हामीले अभ्यास गरेका थियौं। त्यहाँत कसैको अनुहार हेरिएन त्यहाँ हामी आजभोलि विषयलाई भन्दा पनि हाम्रा पार्टी का शीर्षस्थ नेताहरूको अनुहारका आधारबाट विचार र दृष्टिकोण बनाउने परिस्थिति छ त्यसमा म अल्ली असहमत छु । अनुहार एउटा रहन्छ

परिस्थितिबदलिन्छ तथ्याङ्क बदलिन्छ त्यस अनुसारको दृष्टिकोण पनि बदल्ने कुराका आधारबाट अगाडि बढ्दा मलाई लाग्छ सबै अनुहारसँग मिल्नेहरूहामी एक ठाउँमा उभिउ तर मलाई लाग्याथ्यो विषय मिल्ने ती नेताले आवाजबाट कर्णालीको अभियानलाई सकारात्मक ढंगले देलान् भन्ने ठानेको थिए तर शीर्षस्थ नेताहरूविषयका आधारबाट होइन कर्णाली प्रदेशका आधारबाट होइन यहाँका मुद्दाका आधारबाट होइन । आफ्ना अनुयायीका आधारबाट बनाउने परिस्थिति निर्माण भयो छलफल बिनै त्यो कटाक्ष सकिएको अवस्था छ । छलफल बिनै त्यसकारणले म सबैलाई भन्न चाहन्छु र सभामुखमार्फत यो कार्यक्रममार्फत म भन्न चाहन्छु ।

हामीले हिजै पनि नेकपा एकिकृत नेकपा हुँदाखेरि पनि कर्णाली सभाभित्रको दलका माध्यमबाट कर्णाली प्रदेशका जनताकाबीचमा आफ्ना धारणाहरूसार्वजनिक गरेकै थियौं। त्यो एउटा हामीले अभ्यास गर्‍यौं अभ्यास गर्दै जादा कतिपय राजनीतिक घटनाक्रमहरू म हेर्ने दृष्टिकोणमा आज पनि नेपाली राजनीतिमा विमति छ तर त्यो तथ्यका आधारबाट होइन स्वार्थ अनुकूलताका आधारबाट त्यसलाईविशेषण जनाउने नेपाली राजनीतिका उपर निरन्तरता जनाउने अहिलेपनि कायम छ । आफूलाई समर्थन गरियो भने क्रान्तिकारी हुने आफूलाई विमति राख्यो भने अर्को शब्दले सम्बोधन गर्ने नेपाली राजनीतिको बिरासत अहिले पनि कायमै छ । त्यसकारणले म भन्न चाहन्छु कि बीचमा घटेका कतिपय राजनीतिक घटनाक्रम र दृष्टिकोणमा विमतिहुनु स्वाभाविक छ तर उहाँहरूले भनेजस्तै यहाँपनि अघि कुरा उठिराछ । के गर्दा क्रान्ति हुन्छ के गर्दा प्रतिगामी हुन्छ ? के गर्दा प्रतिगमन हुन्छ ?संवैधानिक र असंवैधानिक बहस चलाउन सकिन्छ म त्यसमा कुनै विमतिराख्न सक्दीन । स्वरूप घटनाक्रममा अदालतले पनि आफ्ना फैसलाहरू सुनाएकै छ हामी सबै संविधानको सर्वोच्चतालाई स्वीकार गर्ने भा हुनाले मनले नमाने पनि त्यो वाध्यात्मकव्यवस्था भा हुनाले कतिपयअवस्थामा अनुकूलताहुँदा बहस गरेका छौं । कतिपयप्रतिकूल हुँदा यसको अनमेल ढंगले चर्चा गरेको एउटा अवस्थामा हुँदाकतिपय घटनाहरू अदालतले फरक दृष्टिकोण राखेको कुरालाई अन्यथा मान्न सकिदैन तर त्यसैका आधारबाट क्रान्ति र प्रतिगमनको कुरा मलाई लाग्छ मन शान्तिका निम्ति त भन्न सकिन्छ तर नेपाली राजनीतिमा पुष्टि गर्न गाह्रो कुरा हो । प्रतिगमन हुँदा संरचना बदलिएको हुनुपर्ने हुन्छ । प्रतिगमन हुँदा अधिकार कटौती भएको हुनुपर्ने हुन्छ तर, कुनै अधिकार कटौती भएको कुनै संरचना तलवित्तल नभएको खालि एउटा चलिरहेको प्रतिनिधिसभा विघटन भएको आधारबाटै दृष्टिकोण बनाउने कुरा कति उपयुक्त हुन्छ ?कति अनुपयूक्त हुन्छ त्यो छलफल चलाउ तर सर्वोच्च अदालतले तर्कसंगत लाग्न सक्छ ।

त्यलाई मान्न सकिन्छ हामीले मानेर अगाडि बढिरहेको एउटा अवस्था छ तर हामीले हाम्रो ठाउँमा के गरिम त त्यो चर्चाको विषय गराएर अरु कुराका बारेमा जोड्नु सान्दर्भिक हुन्छ जस्तो लाग्छ तर आज हाम्रो सबैको चलन के छ त भन्दा आफ्नो

जिम्मेवारीको बारेमा चर्चा गर्दै नगर्ने तर अरुका बारेमा चर्चा चलाएर समय बिताउने गरेर बिताउने जुन तरिका छ त्यसबाट हामीले हाम्रो जिम्मेवारी पूरा गराउने सकिन्छ सकिदैन थाहा छैन । तर हो प्रतिकूलता छ नयाँ संरचना हो संघीय संरचना पहिलो चोटि निर्माण भएको हो । कानून थिएन संरचना थिएन सबै कुरा थिएन त हामी सबै बसेर चलाएकै अवस्था हो । त्यसका बावजुदहामीले कति गर्न पर्थ्यो कति गर्न सकेनौं यो छलफलको विषय बन्न सक्छ छलफलको विषय बनाउन सकिने एउटा अवस्था रहन सक्छ ।त्यसकारणले म आज पनि बीचमा दल एउटै थियो नेकपा एमाले सर्वोच्चको सम्मानित सर्वोच्चको फैसलापछि आज हामी नेकपाबाट पूर्ववत्अवस्थामा फर्किदा नेकपा माओवादी केन्द्र र नेकपा एमालेको पूर्ववत् अवस्थामा फर्किएको एउटा अवस्था छ त्यो दलको हिसाबले म स्मरणका साथ भन्न चाहन्छु प्रारम्भदेखि आरम्भसम्म मैले दलका तर्फबाट वा एउटा जनप्रतिनिधिका तर्फबाट भनेका कुराको बारेमा जवाफदेही र जिम्मेवारीका साथ सडकमा रहदा एउटा हुने जिम्मेवारीविहीन हुँदा एउटा भन्ने अर्थबाट होइन कि त्यो जिम्मेवारी बहनका साथ म सबै विषयमा छलफल गर्न तयार छु ।

हिजो हामी रचनात्मक सुध्रियोस् भनेर रचनात्मक हिसाबले दल र संसदभित्र हामीले हाम्रा कतिपय कुरा राखेकै एउटा अवस्था थियो तर कतिपय कुरा प्रतिष्ठाको विषय र दलगत मान्यताका हिसाबले कहिले काहीं सत्यतालाई स्वीकारेर, आफ्नो सत्तालाई स्वीकार गर्दा तलवित्तल पर्छ कि भन्ने मान्यताका आधारबाट विचार बनाउने नेपाली राजनीतिमा प्रसस्त चलन छ । जसका कारणले गर्दाखेरि तथ्य आझेलमा पर्ने दलगत मान्यतालाई साचि राख्दा चाहिँ नरुचाएका कुराको बारेमा पनि पैरवी गर्न पर्ने जुन परिस्थिति छ । त्यलाई बदलौं भन्ने नै म तपाईहरूसँग अनुरोध र आग्रह गर्न चाहन्छु । हो सबैले सबैको भूमिका हुन्छ तर म फेरि पनि म भन्न चाहन्छु म दलीय आचरण अनुसार दलगत संरचनालाई सुदृढ गर्ने कुरा नै गरौं । हो हिजो चाहिँ नेकपा एमाले र नेकपा माओवादी केन्द्र गर्दा ढाई तीन वर्षसँगसँगै गएको होला कतिलाई के भन्ने लागिराछ म अहिले केहि अहिले के लागि रहेको कुरा सार्वजनिक मिडियाबाट चर्चा यहाँबाट चर्चा गर्न चाहन्न । त्यो व्यक्तिगत मित्रताको कुरा भएन म भन्न चाहन्छु आज पार्टीगत संरचना नै सुदृढ गर्ने कुरा नै राम्रो कुरा हो । तर, म देख्दै छु । पार्टीको सम्बन्धका कुराका आधारबाट होइन व्यक्तिगत सम्बन्धका आधारबाट अगाडि बढ्ने जुन तरिका छ । त्यो तरिका एक छिनका निम्ति कोही कसैलाईराहत होला तर, त्यो गलत बाटो हो राजनीतिक निर्णय लिन जो पनि सक्छ आज रहिरहेको बाटोबाट आज अलग निर्णय लिन सक्ने एउटा अवस्था रहन्छ । त्यो आधारबाट कसैलाई पनि यो गर्न सकिने अवस्था रहदैन तर म अनुरोध गर्न चाहन्छु म दलको तर्फबाट अनुरोध गर्न चाहन्छु । म त्यो दलको नेताको हिसाबले आगामी दिनमा सबै विषयमा हार्दिकताका साथ खुल्ला खुलस्तताको साथ दलीय सम्बन्धलाई सुदृढ गर्ने गरी गर्ने कुरा कर्णालीका समस्यालाई साझा विषय बनाउने कुरा कर्णालीका समस्यालाई केन्द्र भागमा एउटै एजेण्डा बनाउने

कुरा मा मैले पहिलो बैठकमा जुन विषय राखेको थिए आज पनि त्यो मान्यता बदल्न पर्छ भन्ने मलाई लागेको छ । अहिले जहासम्म हाम्रो समर्थनको कुरा पनि अलिकता चर्चा चलाउनु पर्ने जरुरी र आवश्यकता ठान्दछु त्यसका बारेमा पनि अलिकति छुट्टै विषय पनि एजेण्डा छ । म त्यसमा मौका मिलेछ भने वा विषय मिलेछ भने हामी चर्चा गरौंला तर म फेरि पनि भन्न चाहन्छु कि हामीले किन समर्थन गऱ्यौं त भन्दा अरु कुनै कारणले होइन एकमात्र पार्टीनेपाली जनताको चाहना अनुसार एउटै पार्टीबन्छ भने पोजिसन जेसुकै होस् समर्थन गरेको अवस्था हो । नम्बर १ नम्बर २ आज एमाले भनेर होइन समर्थन फिर्ता लिने स्थिति आज नेकपा हुँदाखेरि र ३२ मा १८ जना माननीय सदस्यहरूले विधिवत रूपले दलको वैधानिकव्यवस्थाअनुसार माननीय मुख्यमन्त्रीको रोहवरमा त्यतिबेलाको प्रमुख सचेतक गुलाबजंग शाहको बीचमा हामीले हाम्रो धारणा प्रकट गरेर नै सार्वजनिक गरेको एउटा अवस्था थियो । आज फेरि दलको अलग अस्तित्व आइसकेपछि आजसम्मका काम कारवाहीका आधारबाट नेकपा एमाले संसदीय दललाई त्यस्तो लाग्यो त्यसअनुसार हामीले यो आफ्नो प्रक्रिया अगाडि बढायौं। असहज भएपनि त्यलाई सबैले सहज रूपमा लिनुनै कर्णालीका निम्ति राम्रो हुन्छ भन्ने कुरा म राख्नचाहन्छु,।

असहज त लागेकै होला व्यक्तिलाई त्यलाई सहज रूपमा लिउ हो नेकपा एमालेभित्र लोकतान्त्रिक अभ्यासमा बाकस थापेर दुइटा प्यानलबाट महाधिवेशन र अधिवेशन र नेतृत्व चयन गर्ने भा हुनाले नेकपा हुँदाखेरिका कतिपय समस्याहरू अहिले नेकपा एमालेमा देखा पऱ्याछ । कतिलाई के लागिराछ त भन्दाखेरि एकता बनाएर होइन कि अन्तरविरोधमा चलखेल गरेर आफ्नो भविष्यदेख्नेहरू पनि देखि राछौं । त्यो पूरा हुन्छ जस्तो लाग्दैन। हो, अहिले नेकपा एमालेमा पार्टी भित्र समस्या छ तर दलभित्र हामीएकताबद्ध भएर कुनै कर्णाली प्रदेशमा मात्रै होइन योभन्दा अगाडिको स्टेपमा नपुगेको चाहे त्यो ३ नम्बर प्रदेश होस् चाहे त्यो १ नम्बर प्रदेश होस् चाहे अर्को कोही प्रदेश होस् नेकपा एमाले एकताबद्धताका साथ आफ्ना गतिविधिहरू अगाडि बढाई रहेको छ । हो हामीले संगठनको कतिपय कामलाई व्यवस्थित व्यवस्थापन गर्दा कतिपय समस्याहरू देखिने गरी प्रकट भएका छन्। म त्यसलाई स्वीकार गर्न चाहदिन तर त्यसमा हाम्रो रुचि हुनुपर्ने हो हाम्रो दिलचस्पी हुनु पर्ने हो तर अलि परको साथिको बढी दिलचस्पी देखिराछु।आफ्नो घरको व्यवस्था आफैं गर्ने कुरा गर्नुभयो भने सुदृढ हुन्छ । छिमेकीको पनि सम्बन्ध राम्रो हुन्छ तर घरतिरको भन्दा छिमेकीको गर्दा के हुन्छ भने घर पनि बिग्रिन्छ। छिमेकीको सम्बन्ध पनि बिग्रिन्छ म फेरि पनि स्वीकार गर्न चाहन्छु । सम्मानित सभामार्फत सभामुखमार्फत भन्न चाहन्छु नेकपा एमाले भित्र सांगठनिक समस्या देशव्यापी गरी जनताले देख्ने गरी नै प्रकट भएका छन् । त्यसको हामीसमाधान गर्छौं । गर्छौं नै तर त्यसैलाई नै आधार बनाएर गर्ने जुन कुरा छ मेरो अनुरोध र आग्रह छ त्यसले न सम्बन्ध सुधार गर्ने कुरा हुन्छ न वातावरण राम्रो गर्ने

कुरा हुन्छ । त्यसैका आधारबाट मलाई लाग्छ । विचार र दृष्टिकोण बनाउने कुरा गर्नेसाथीहरूलाई अन्यथा भन्ने कुरा त केहि रहेन त्यसकारणले म अहिले पनि के देख्दैछु त भन्दा आआफ्नो कल्चर र स्वभाव होला ४० मध्ये अहिले ३९ छौं । देखिने गरी थाहा छ । कुन दलले के निर्णय गर्नुहुन्छ । यो आफ्नो कुरा छ अब त्यो दलको निर्णयप्रतिकुनै कुरा गर्न चाहन्न । किनभने उनको उहाँहरूको सार्वभौम अधिकारको कुरा हो तर बजारमा हल्ला म जे देखिराछु । बजार हल्ला देखाउनका निम्ति सक्रिय जो साथीहरू रहि रहनु भाछ बजार हल्ला देखाउनका निम्ति सार्थक दिनका निम्ति जिम्मेवार साथीहरूले जे भूमिका गर्नु भएको छ त्यले लोकतन्त्रलाई त राम्रो गर्छ जस्तो लाग्दैन मलाई ।

हो समयक्रममा आज कम्पोजिसन बदलिएको छ तर म बजार हल्ला जे देखिराछु सामाजिक सञ्जालमा मा म जे देखिराछु र म भन्न चाहन्छु । यो सभामार्फत नेकपा एमाले प्रति आँच पुऱ्याउने गरी नेकपा एमालेका माननीय सदस्यहरूको चरित्र हत्या गर्नेगरी जुन काम भैरहेको छ त्यो काम निन्दनीय छ । निन्दनीय छ, त्यले दलीय सम्बन्धलाई राम्रो गर्दैन त्यले दलीय संस्कारलाई सुसंस्कृत गराउने कुरामा सहयोग पुग्दैन समयक्रममा त तपाईहरूसँग भोलि संसद परिवारको हो आवश्यकतापऱ्यो भने इन्फर्मल तरिकाले खुला खुलस्त छलफल गर्न सकिने अवस्थामै छु । म तर म आज यो सम्मानित सभाबाट म भन्न चाहन्छु । अनुरोध गर्न चाहन्छु । किदलीयसीमालाई मिचेर दलप्रति पार्टीप्रति र पार्टीका माननीयप्रति सार्वजनिक प्रतिष्ठामा आँच आउने गरी काम गर्ने जुन कामहरू भैराछ म आज यो सम्मानित सभामा विनम्रतापूर्वक के अनुरोध गर्न चाहन्छु भने त्यस्तो काम नगरौंविषयमा छलफल गरौंमुद्दामा सँगै जान सकिन्छ तर, त्यो काम गर्ने जुन तरिका छ  अब नेतृत्वले नै चाहेको त म भन्दिन गर्नुभाछैन होलानै तर दलसँग जोडिएका नेताका कार्यकर्ताको जुन तरिका वीरेन्द्रनगर बजारमा, संसद परिसरमा, कर्मचारी क्षेत्रभित्र वा कर्मचारीको कम्पाउण्ड भित्र, निवास भित्र मैले जे देखिराछु त्यो तरिका गलत तरिका हो। आज जो पनि मान्छे निर्भीकतापूर्वक आफ्ना विचार निष्ठा राख्न सक्ने स्थितिमा छ । राजनीतिक निर्णय लिन सकिन्छ तर आजसम्मै ठानेर विचारविमर्श गर्नेकुरा चाहिँ त्यो  कुरा हो त्यसकारणले म अनुरोध के गर्न चाहन्छु त भन्दाखेरि अझै हाम्रो कार्यकाल बाकि छ । हामी बीचैमा सौहार्द सम्बन्ध गर्दै जानु पर्ने हुन्छ । त्यसका निम्ति नेकपा एमाले तयार छ । नेकपा एमाले तयार छ । त्यो आधारबाट हामी अगाडि बढ्न तयार छौं । यस आधारबाट चाहिँ विचार दृष्टिकोणहरू अगाडि बढाउने कुराहरूगरौं । यो आधारबाट अगाडि बढ्न सकिने अवस्था रहन सक्छ ।

शुभकामनैको सन्दर्भमा भएकाले म आज कुनै इन्डिकेटरका आधारबाट ३ वर्षको चाहिँ सरकारले गरेको काम र जनताले गरेको अनुभूतिका बीचको कुरा यहाँ म चर्चा गर्न चाहन्न । किनकि यो औपचारिक फोरममा आफ्नो दलीय मान्यता कै आधारबाट

विचार र दृष्टिकोण भएको दुनियाँले बुझ्ने चलन छ । विरोध गर्ने थियो विरोध गरे भन्ने अर्थमा बुझ्ने कुरा छ । म त्यता तिर चर्चा गर्न चाहन्न । स्वयम माननीय सदस्यहरू जो हामी जनस्तरमा जादा हामीले गरेका काम कारवाहीका बारेमा चाहे त्यो स्थानीय लेबलको काम कारवाहीका बारेमा होस्, चाहे त्यो प्रदेशले गरेको काम कारवाहीका बारेमा होस्, चाहे संघीय सरकारले गरेका काम कारवाहीका बारेमा होस्, त्यती रुचिको अवस्थालाई चाहिँ नागरिक प्रति प्रेरित गर्ने गरी प्रतिक्रिया आइराछन् । मलाई त्यस्तो लाग्दैन जब प्रतिक्रिया त्यस्तो आइराछैन भने हामी सकारात्मक ढंगका साथ छलफल गरौं कुराकानी गरौं र यो आधारबाट अगाडि बढौ भन्ने कुरा राख्नचाहन्छु । आजको यो शुभारम्भको दिनमा यी नै शुभकामनाको सन्दर्भमा मलाई लागेका केहि विषय तपाईहरूका बीचमा राखे त्यसका निम्ति माननीय सभामुखलाई धन्यवाद दिदै फेरिपनि सभामुखमार्फत सबैमा नववर्षको शुभकामना व्यक्त गर्दै यो सातौं अधिवेशनको सफलताको कामना गर्दै बिदा हुन चाहन्छु,धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री जीवन बहादुर शाही ।

**माननीय जीवन** बहादुर **शाहीः-** सम्माननीय सभामुखज्यू,सम्माननीय सभामुखमार्फत यो सदनलाई र यहाँ दर्शकदीर्घामा बस्नुभएका सम्पूर्ण नेपाली दाजुभाई र यो मिडियाबाट बाहिर सुन्नु भएका आदरणीय सम्पूर्ण देश विदेशका नेपाली नागरिक दिदीबहिनी दाजुभाईलाई २०७८ को नयाँ वर्षको हार्दिक मंगलमय शुभकामना दिन चाहन्छु । सम्माननीय सभामुख महोदय,म त्यो देशको नागरिक जो कैलाशको शीरमुनि बसेको म त्यो देशको नागरिक जो देउती बजैको काखमा बसेको म त्यो देशको नागरिक मेरो भूमि मिचिदा पनि मेरो शीर काटिदापनि न संघको संसदले बोल्यो न मेरो यो प्रदेश सभाले बोल्यो न मेरो सरकारले बोल्यो म त्यो देशको त्यो प्रदेशको म नागरिक हुँ । सम्माननीय सभामुख महोदय, आज हृदय छियाछिया भएको छ । देशको सार्वभौमिकता लुटिदा बोल्दा कोही पनि बोलेनन् । पत्र दिइयो सुनिएन । म त्यो देशको त्यो भूमिको नागरिक हुँ । सभामुख महोदय,ऐन कानून बनाउने थलो हो सभामुख महोदय ऐन बनाउने हामीले ऐन बनाउछौं। कानून बनाउछ । कानून र ऐनका विपरीत नै यो सभा हिड्छ भने सभामुख महोदय,हामी मुलुकको प्रगतिको उन्नतीको कामना कसरी गर्न सक्छौ म आज उदारण दिन चाहन्छु । सभामुख महोदय कानून छ हामीले बनाएको यो कानून छ । सभामुख महोदय, हो अहिले भर्खर कुरा आयो सूचना आएको छ । सरकार अल्पमतमा पुगेको छ । सरकारमा बसेको दल छुट्टिएको छ । असंवैधानिक कुरालाई प्रतिगमन भनिएको छ तर आज पक्का प्रतिगमन भएको छ सभामुख महोदय, संविधानविरोधविपरीत गर्ने कामलाई चाहिँ असंवैधानिक भनिन्छ । मैले बुझेको प्रतिगमन भनेको के हो ?भनेपहिलाको ठाउँ मै पुऱ्यानु चाहिँ प्रतिगमन भनिन्छ आज कानूनतः यसको निक्यौंल नहुँदासम्म कुन दल ठूलो भएको छ । कुन दल सरकारमा छ या छैन ।

को विपक्षी हो ? को प्रमुख विपक्षी हो ? भन्ने कुरो मलाई लाग्छ सभामुख महोदय, यत्रायत्रा विज्ञहरू बसेको ठाउँमा कानूनका विज्ञहरू बसेको ठाउँमा कानूनको एउटा दफा पढियो कि पढिएन । म त्यो कानूनको दफा पढेर सभामुख महोदय,प्रदेश भन्नाले कर्णाली प्रदेश भन्ने बुझ्नुपर्छ । विपक्षी दलको नेता भन्नाले देहायबमोजिमको दलले संसदीय दलको नेताको रूपमा छानेको व्यक्ति सम्झनु पर्छ । प्रदेशको मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद गठन गर्न समर्थन गर्ने दल बाहेक प्रदेश सभामा १० प्रतिशत वा सो भन्दा बढी सदस्यहरू भएको मध्ये सबै भन्दा बढी सदस्य भएको दललाई मानिने छ । ५ मा के भन्छ, कुनै व्यक्ति विपक्षी दलको नेता भैरहेको मा कुनै कारणबाट कुनै दलको प्रदेश सभामा १० प्रतिशत भन्दा बढी सदस्य पुग्न गइ सबैभन्दा बढी सदस्य भएको दल बन्न पुगेमा त्यस्तो दल त्यस्तो दल यस खण्डको प्रयोजनको लागि सम्बन्धित दल वा सदस्यले उपखण्ड २ मध्येको पारस्परिक सहमती प्रदेश सभाको अधिवेशन बसेको मितिले १५ दिनभित्र र उपखण्ड ३ बमोजिम लिखित मञ्जुरी प्राप्त पारस्परिक सहमति हुन नसकेको मितिले १५ दिन भित्र दिनु पर्ने छ । यी कुराहरू भोलि हुन सक्लान्, पर्सी हुन सक्लान, पहिल्यै दिनमा बसेर यो यसरी चाहिँ यलाई गर्ने हाम्रो कानूनले दिएको छैन अब यो के गर्ने हो भने सम्मानित सभामुख महोदय, यो कानूनलाई च्यातेर फाल्नु पर्ने दिनहरू आए आज कानूनीरूपमा अंग पुगेको रूपमा को ठूलो भयो र को सरकारमा छैन भन्ने छैन । सरकार छ हिजो कै संरचनामा छ ।

अबको संरचनामा हुने विश्वासको मत लिने अथवा अविश्वासको मत दिने कुराबाट मात्रै यी कुराहरूको परिवर्तन हुन्छ । म यो किन भन्दैछु भने संविधान र कानून बनाउने थलोमा चाहिँ कानून को उल्लंघन हुनुहुदैन भन्ने चाहिँ मेरो त्यति मात्रै कुरा हो दुनियाँलाईथाहा छ । हामी मैले अघि प्रतिगमन भनेको मैले बुझेको त्यहि हो हिजो सबै हाम्रा साथीहरूलाई नेकपाका साथीहरूलाई रहर हुन्थ्यो उहाहरूले आफ्नो परिचय दिदा नेकपा पूर्वमाओवादी, नेकपा पूर्व एमाले भन्नु हुन्थ्यो अब पूर्व एमाले भन्नु पनि परेन पूर्वमाओवादी पनि भन्नु पनि परेन एमाले भयो माओवादी भयो र यो देशमा नेकपा भैसकेपछि देशको काचुली फेरिन्छ दुई तिहाईको नेकपा सरकारले जनता स्वर्गमा पुग्छन कुनै दुःख हुन्न।कुनै दुविधा आउदैन भन्ने कुरा हामीले सुनेका थियौं त्यसैले हामी त्यो कुनामा टक्रक्क गरी बसेका थियौं आज कति समृद्धशाली भयौं । कति हामी खुसी भयौं यो त अहिले देशको व्यवहारले देखाएकै छ सभामुख महोदय, यो कुराहरू हुन । यसकारणले यी कुराहलाई होइन भने अरुभन्दा पनि कानून बनाउने ठाउँमा चाहिँ कानूनका कुरामा विशेष ख्याल गर्नु पर्छ भन्ने मलाई लाग्छ सभामुख महोदय, हाम्रो प्रदेश मा हामीआफूलाईगौरवशाली ठान्दछौं। यहाँका प्रदेश प्रदेशका सचिवालयमा काम गर्ने पनि प्रदेश मा ३० वर्ष काम गरिसकेका यहाँका प्रदेश संसदमा काम गर्नेहरू कानूनका

विज्ञहहरू ल्यायर राख्याछौं । कतै एउटा पानो पल्टाउने पनि गर्नु पर्छ हाम्लाई थाहा छ । नाङ्गो आखाले देखेका छौं ।

सभामुख महोदय, नाङ्गो आखाले हेर्दाखेरि नेकपा एमाले ठूलो दल छ अहिले दल छ । सभामा ठूलो होइन संख्यामा छ । त्यसपछि माओवादी छ । त्यसपछि नेपालीकाँग्रेस छ त्यसपछि राप्रपा छ । यो, सबैले बुझेको तर त्यसका कानूनी प्रक्रियाहरू हुन्छन यदि त्यस्तो नहुने हो भने बाहिर नै बनेर यो सदन चलाउनु पर्ने केहि पनि रहदैन । यो चाहिँ मैले रेकर्ड गर्न चाहेको भोलिका आउने भावी सन्ततीले पनि यो गल्तीनदोहोर्याउन भनेर म भन्न चाहन्छु सभामुख महोदय, यही ढंगले अगाडि बढोस् भन्न चाहन्छु । अब हिजो के भएको थियो कसो भएको थियो भनेर म त्यो कुरा पनि म भन्न चाहदिन मैले अघि नै पनि भने मैले नागरिक जो नागरिकको अस्मिता लुट्दा नबोल्ने यो संसद अस्मिता लुटिदा नबोल्ने यो सरकार आफ्नो एउटा आफ्नो एउटा सदस्य गएर चाहिँ ५३०० मिटर माथि पुगिरहेको त्यो बाचेको छ कि मरेको छ कि कस्को लागि गरेछ । नबोल्ने सरकारसँग त मैले भन्नु नै छैन । यो सभासँग मैले भन्नु नै छैन तर पनि आज सम्म मैले जो कुरा आइरहेको छ। जसले जसका जे जे चाहनाहरू छन् तीचाहनाहरू पूरा हुन भन्ने चाहिँ मचाहिँ भगवानसँग प्राथना गर्न चाहन्छु र यहाँ एकदम महत्त्वपूर्ण कुराहरू भैरहेका छन हामी नेपालीको जात मैले गर्दा महान क्रान्तिकारी मैले गरेको कुरा महान क्रान्तिकारी महान पार्टी अरुले गरेको गद्दारहरू हुने लाल गद्दारहरू हुने अथवा के सेता गद्दारहरू हुने भन्ने जुन हाम्रो प्रचलनछ।

त्यो प्रचलनलाई पनि हामीले विचार गर्नुपर्छ हाम्रा भावना र आफ्ना विवेकहरू मान्छेहरूले प्रयोग गर्न सक्छन । यहाँ भित्र दलीय संरचनाहरू छन् । दल भित्रका छौं तर हामी संसदका ४० जना संसदहरूहामी एउटा परिवार हो । हाम्रो यो परिवारलाई हामीले हेर्ने दृष्टिकोणहरूलाईहामीले ख्याल गर्नुपर्छ भन्ने लाग्छ । सरकारमा गएको मन्त्री एउटा पार्टीको हुन सक्दैन सरकारमा गएको एउटा मुख्यमन्त्री एउटा पार्टीको हुन सक्दैन। त्यो हुनु पर्‍यो के भने यो प्रदेशको मुख्यमन्त्री हो मैले भनौंला तेरो प्रदेशको मुख्यमन्त्री को? भन्दा मैले फलानो भन्न पाउने मेरो गर्व मैले गर्वका साथ भन्न सक्छु तेरो सभापति को हो ?अथवा तेरो अध्यक्षको हो ?भने म व्यक्तिको नाम लिउँला यी कुरालाई पनि हामीले ख्याल गर्यो भने किन ती आज व्यवहारहरू देखिएका छन् । यी परिणामहरूआइरहेका छन् । त्यो ढंगले चाहिँ परिचालित भएको पनि हामीले महसुस गरेका छौं । सभामुख महोदय, यी कुरा हरूलाईआगामी दिनहरूमा हुने छैनन् तर अंग नपुर्‍याईकन विधि नपुर्‍याईकन कि तुहियो भने बच्चा ७ महिनामा तुहिन्छ होइन भने ९ महिनामा बच्चा जन्मिन्छ । ९ महिनामा चाहिँ त्यो जन्मिएको बच्चालाई चाहिँ फुलफेसको बच्चा भनिन्छ। त्यसैले यो सदनमा हुने कुरा पनि फुलफेजको कुरा नआइकन सभामुखको मुखारबिन्दबाट यी ननिस्कन भन्न मिल्दैन कि त्यस्तो हुने हो भने हामी सबैलाईथाहा छ यो सरकार गिरिसकेपछि आज चाहिँ प्रदेश प्रमुखको हामीले पत्र

पढ्नुपर्ने कुनै आवश्यकता छैन । किनकि त्यो त एउटा नक्कलीकाम मात्रै हो । फलानो मन्त्रालयको दिएको छ फलानो मन्त्रालय दिएको छ भनेर ४ दिनमा पनि कुनै मन्त्री मन्त्रालयको मन्त्री हुन सक्छ ?सभामुख महोदय, त्यो हुन सक्दैन तर के हो भने प्रक्रियामा चाहिँ गैसकेपछि चार दिन होइन १ घण्टा किन नहोस्। त्यो हुँदासम्म यो आउने प्रचलनहरू छन् । त्यो प्रचलनलाईहामी यो एकदम कमजोर प्रदेशका संसद सभासद भन्ने कुरा नरहोस् भन्ने कुरा चाहिँ मैले अनुरोध गर्दै अहिलेको लागि सबैलाई पुनः २०७८ सालको नववर्षको शुभकामना व्यक्त गर्दै र यो मुलुक निर्माण गर्ने सम्पूर्ण वीर योद्धाहरूलाई हार्दिक श्राद्धाञ्जली व्यक्त गर्दै म यहाँबाट बिदा हुन्छु, धन्यवाद जय नेपाल ।

**माननीय सभामुखः-** माननीय श्री शोसिला शाही ।

**माननीय शोसिला शाहीः-** माननीय सभामुख महोदय, सर्वप्रथम त नयाँ वर्ष २०७८ सालले देशमा देश विदेशमा शान्ति, स्थिरता, समृद्धि ल्यावस् यही नै शुभकामना व्यक्त गर्न चाहन्छु। २०७७ साल फागुन २६ गते दिन हाम्रो सचिवालय मा कार्यरत भरत बुढा व्लड क्यान्सर भै निधन भएको हुँदा स्वर्गीय भरत बहादुरप्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्न चाहन्छु । शोकाकुल सम्पूर्ण परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु । उहाँको निधनबाट एउटा सक्षम राष्ट्रवादी योद्धा गुमाएको छ छौं । यसबाट राष्ट्रलाई क्षति भएको छ । सभामुख महोदय, आज हामी कर्णाली प्रदेस सभाको सातौं बैठकमा उपस्थित भएका छौं । विभिन्न राजनीतिक उतार चढावका बीच यहाँसम्म आइपुगेका छौं । मुलुकको राष्ट्रिय राजनीतिमा समेत अस्वभाविक घटनाहरूविकसित भैरहेका छन् । नेपाली जनताले स्थिर सरकारको चाहनाविकास र समृद्धिको चाहना अलपत्र पर्ने अवस्था सिर्जना भएको छ । अत्यन्तै दुखद कुरा हो । दुई तिहाईको सरकार यति छोटो समयमा आफ्नो गन्तव्य बिर्सेर गलत दिशामा हिड्ला भनेर कसैले सोचेको थिएन सभामुख महोदय, यसको वास्तविक कारण कुनै एउटा सरकार मात्र नभएर २०६२/२०६३ पछिको मार्गचित्र नै गलत भएका कारण आज यो अवस्था सिर्जना भएको हो परम्परागत शक्ति र आधुनिक शक्तिको सहकार्यबाट मात्र देश अगाडि बढ्छ । परम्परागत शक्तिलाई पाखा लगाएर एक्लै अगाडि बढ्न बढ्छु भन्दा निस्किएको परिणाम हो यो । तसर्थ आजको आवश्यकता राज संस्था सहितको हिन्दु राष्ट्र पूर्नस्थापना होस सर्वधर्म समभाव अर्थात सबै धर्मका बीच समानता हुनु पर्छ ।

जब देशको पहिचानको लागि मात्र हिन्दु राष्ट्र हुनु पर्छ हुनु हुन्छ आवश्यक छ । यो केवल हाम्रो रहरको कुरा होइन यो देशको आवश्यकता हो । देशलाईशान्तिविकासको बाटोमा अगाडि बढाउन चुनावी राजनीतिबाट माथि उठेको एउटा निस्पक्ष संस्था मुलुकको अभिभावकको रूपमा राजसंस्थाको कुरा हामीले गरेका हौं । प्रत्यक्ष शासन राजाले गर्नु पर्छ भन्ने कुरा हाम्रो होइन । अब हामीले खुल्ला ढंगले यो छलफल र बहस अगाडि बढाउनु पर्छ । पुर्वाग्रही ढंगले होइन मुलुकको राष्ट्रिय

राजनीतिको प्रभावबाट कर्णाली प्रदेश पनि अछुतो रहन सकेन भारी जनमतका साथ आएको यो सरकार घर झगडामा नै यसमा लिएको छ । यसबाट कर्णाली प्रदेशको विकासको गतिमा अवरोध आएको छ । पार्टीको साँघुरो घेराबाट हामी माथि उठ्न सकेका छैनौं । सभामुख महोदय, जुनसुकै पार्टीको बहुमत आएपनि ५ वर्ष ढुक्कसँग सरकार चलाउन सक्नुपर्छ । अस्थिर सरकार बाट कहिल्यै पनि विकासको परिकल्पना गर्न सकिदैन । विगतवर्षहरूमा कोरोनाको कहर बाट देशले ठूलोपऱ्यो अहिले फेरि यो महामारि दोहोरिएर आउन थालेको छ । समयमै नै हामीले आज ध्यान दिन सकेनौ भने फेरि डरलाग्दो रूप देखापर्न सक्छ। समयमानै सरकारसमेत सचेत रहनु पर्छ ।

सभामुख महोदय, आफ्ना भनाईहरू यहाँ मैले राखिसके तैपनि मनमा लागेका कुरा २-४ कुरा यहाँ भन्न चाहन्छु । म सिटको लागि लोभिएको होइन हाम्रो पार्टी पनि सिटको लागि लोभिने खालको पनि होइन । हामी जनताले चुनेर यहाँसम्म आएका हौं । जनताले नै मत दिएर आइसकेपछि दलको मान्यता के हुन्छ । कस्तो हुन्छ भन्ने हजुरहरूले सोच्नु भएको होला भन्ने लाग्छ मलाई टाइम टाइममा कहिले मलाई अगाडि बसालिन्छ कहिले मलाई पछाडि बसालिन्छ । सभामुख महोदय, एउटा मात्रै एउटा मात्रै माननीय भएको कारणले हो कि एउटा मात्र दल भएको कारणले होकि अब यो किन यस्तो भैरहेको छ। मैले बुझ्न सकेको छैन पहिला मलाई आखिर ठूला सत्तापक्ष दल हुनुहुन्छ । उहाँहरूले पनि कुरा गर्नु पर्ने हो । प्रमुख प्रतिपक्ष हुनुहुन्छ, उहाँहरूले पनि कुरा गर्नु पर्ने हो । किनभने एउटा दललाई मात्रै दोष दिदैन म केरे महिला बुझ्न जान्दैन बोल्नै जान्दैन भने उहाँहरूलाई केरे पछाडि फालिएको हो कि अहिले केरे म उभि रहेको थिए लगभग एक घण्टा जति आधा घण्टा जति त्यहाँ उभिए । उभिदा उभिदै पनि त्यहाँ सहमतिमा जानु पर्छ भन्ने एउटा छ । प्रमुख प्रतिपक्ष प्रतिपक्ष भनेर जो छोडिएको छ पहिला उसमा प्रमुख प्रतिपक्ष भनेर दुइटा त्यो टासिएको थियो त्यो पनि च्यात्न लगाइयो त्यो पनि मैले केहि पनि भनेन त्यसका लागि पनि ठिकैछ भने प्रमुख प्रतिपक्ष भनेको होकि प्रतिपक्ष भनेको के हो? भन्ने कुरा उठ्यो त्यो पनि ठिकैछ भनेर मैले त्यसमा गरे त्यसो भएको हुनाले सभामुख महोदय, जान्नेलाई सबै कुरा बुझ्नेलाई सबै थोक मिल्दो रहेछ भन्ने कुरा मैले यहाँ अनुभव गरेको छु किनभने बोल्नेका कनिका बिक्छन् नबोल्नेका चामल पनि बिक्दैनन् भन्ने एउटा उखान छ । सभामुख महोदय, आज देखि त्यस्तो नहोस् मेरो सिट जहाँ छ त्यहि नै होस् भन्न चाहन्छु । फेरि पनि अझ त्यसैमा पनि त्यो भयो भने म जनताको मत ल्याउने छु। त्यहि ह्रस्व दीर्घ भएर पनि त्यो राखेर जानेछु । सभामुख महोदय, मलाई कुर्चिको लालच छैन मलाई कुनै पनि छैन जनताले विकास खोजेको छ । निकास खोजेको छ । त्यो एउटा होस् भन्ने चाहन्छु । सबै सुरक्षाकर्मीकर्मचारी लगायत सम्पूर्णलाई यहाँहरूलाई फेरि पनि धन्यवाद दिन चाहन्छु । २०७८ सालको शुभकामना दिदै आफ्ना भनाई यही राख्नचाहन्छु । हवस्त धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब यो बैठक १० मिनेटका लागि स्थगित हुन्छ।

# कर्णाली प्रदेश सभा
## सातौं अधिवेशन
## कार्यवाहीको सम्पूर्ण विवरण
## २०७८ वैसाख३ गते
## शुक्रवार
## (बैठक संख्या-१ दोस्रो)

**माननीय सभामुखः-** माननीय सदस्यहरू, १० मिनेटका लागि स्थगित बैठक पुनः सुचारु हुन्छ । प्रदेश प्रमुखज्यूबाट जारी भएको प्रशासकीयकार्यविधि नियमित गर्ने पहिलो अध्यादेश, २०७७ अध्यादेश जारी गर्नु पर्ने परेको परिस्थिति र कारण सहित सभा समक्ष पेश गर्न प्रदेश सरकारका तर्फबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला के.सी.लाई अनुमति दिन्छु ।

**भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय बिमला के.सी.ः-** माननीय सभामुख महोदय, सर्वप्रथम नयाँ वर्ष २०७८ कोयहाँहरू सबैमा शुभकामना व्यक्त गर्न चाहन्छु । यो वर्षले सबै खालको अस्त व्यस्ततालाई उत्साह र जोस जागरमा बदलोस्हामी सबैमा एउटा खालको सकारात्मक सोच पलावस फेरिपनि शुभकामना दिन चाहन्छु ।

माननीय सभामुख महोदय, प्रदेश सभाको अधिवेशन चालु नभएको अवस्थामा कर्णाली प्रदेश प्रमुखज्यूबाट प्रदेश सरकारको नियमित कार्यहरू सञ्चालन गर्नका लागि प्रशासकीयकार्यविधि नियमित गर्ने पहिलो संशोधन अध्यादेश, २०७७ जारी गर्न अतिआवश्यक भएकोले सो बमोजिम गरी प्रदेश सभा नियमावली, २०७४ को नियम ९३ बमोजिम उक्त अध्यादेस सभा समक्ष पेश गर्दछु,धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रमुखज्यूबाट जारी भएको प्रदेश लोकसेवा आयोग दोस्रो संशोधन अध्यादेश, २०७७ अध्यादेश जारी गर्नु परेको परिस्थिति र कारणसहित प्रदेश सभामा पेश गर्न प्रदेश सरकारका तर्फबाट प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला के.सी.लाई अनुमति दिन्छु ।

**माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री बिमला के.सी.ः-** माननीय सभामुख महोदय, प्रदेश सभामा कर्णाली प्रदेश प्रमुख माननीय गोविन्द्र प्रसाद कलौनीज्यूबाट प्रदेश लोक सेवा आयोग दोस्रो संशोधन अध्यादेस, २०७७ जारी गर्न अत्याआवश्यक भएकाले सो बमोजिम गरी प्रदेशसभा नियमावली, २०७४ को नियम ९३ बमोजिम उक्त अध्यादेश सभा समक्ष पेश गर्दछु,धन्यवाद ।

**माननीय सभामुखः**-माननीय सदस्यहरू, प्रदेश प्रमुखज्यूबाट जारी भइ सम्बन्धीत मन्त्रीबाट सभामा पेश भएका प्रशासकीयकार्यविधि नियमित गर्ने पहिलो संशोधन अध्यादेश, २०७७ र प्रदेश लोकसेवा आयोग दोस्रो संशोधन अध्यादेस, २०७७ अस्विकार गर्ने प्रस्ताव पेश गर्न चाहनु हुने माननीय सदस्यहरूले कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ९४ (१) बमोजिम दुइ दिन भित्र सचिवालय सचिवलाई सुचना दिनुहुन जानकारी गराउँछु।

माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका माननीय मुख्य मन्त्री श्री महेन्द्र बहादुर शाहीलाई नेपालको संविधानको धारा १८८ को उपधारा २ बमोजिम प्रदेश सभाको विश्वास छ भनि विश्वासको मतका लागि वक्तव्यसहित प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय मुख्यमन्त्री महेन्द्र बहादुरशाहीः**-माननीय सभामुख महोदय, प्रदेश सदस्यज्यूहरूसर्वप्रथम २०७८, सालको नयाँ वर्षको अवसरमा कर्णालीवासी आमा बुबा दाजुभाई दिदी बहिनीहरूमा जीवनमा शान्ती र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु।

जनयुद्ध जनआन्दोलन र सहिद बेपत्ता नागरिक घाइते तथा अपाङ्ग भएका योद्धाहरू प्रति उच्च सम्मान प्रकट गर्दै उक्त महान आन्दोलनमा सरिक सबै राजनीतिक दलमा आबद्ध नेता कार्यकर्ता तथा समस्थ जनताहरूलाई एकपटक सम्झिन चाहन्छु । संघीय व्यवस्था कर्णालीलाई चाहिएको थियो । यसैले कर्णाली प्रदेशमा पनि जनयुद्ध जनआन्दोलन कर्णाली प्रदेश प्राप्तीको आन्दोलन गर्नु पर्ने अवस्था सिर्जना भएको थियो संघीयताकै कारण सिंहदरवारको अधिकार गाउँ गाउँसम्म पुऱ्याउने र नजिकको सरकारको रूपमा प्रदेश सरकार रहने व्यवस्था स्थापना पनि भयो संघीयता कार्यान्वयनका लागि प्रदेश सरकार स्थापना भएको र कर्णाली प्रदेशको पहिलो मुख्यमन्त्री भई जनताको सेवा गर्न अवसर पाएकोमा मैलेगर्व गरेको चाहिँ छु । संघीय सरकारको संरचना बनिबनाउ थिएन । संघीय सरकारको संरचना बनिबनाउ थियो तर प्रदेश सरकारका लागि नयाँ संगठन नयाँ संरचना ऐन कानून जनशक्तिको व्यवस्था गर्न पर्ने अवस्था रहेको थियो । आफ्नो पदभारग्रहण गर्दा आफ्नो बस्ने कुर्ची टेबुल कार्यकक्ष समेत आफैले व्यवस्थापन गर्नु पर्ने परिस्थितिबाट प्रदेश सरकार अगाडि बढेको थियो । राजनीतिक नेतृत्व र कर्मचारी तन्त्र दुबैमा संघीय व्यवस्था सञ्चालनका लागि अनुभवको कमि थियो । त्यसैमाथि संघीय सरकारको प्रदेश तहलाई हर्ने दृष्टिकोणमा संघ स्पष्ट थिएन । जो आज पनि कायमै छ।

प्रदेश सरकारलाई आवश्यक जनशक्ति उत्पादन गर्नुपर्ने चुनौति चाहिँ थियो । संवैधानिक तथा कानूनी जिम्मेवारी पुरागर्न प्रदेश कानूनहरूको समेत व्यवस्थापन गर्नु पर्ने अवस्था थियो । अनुभवी जनशक्तिको अभावको बीचबाट हामीले संगठन संरचना र जनशक्ति व्यवस्थापन गरेका छौं। यसै गरी कानून निर्माण गरी कार्यान्वयनमा ल्याएका

छौं र सरकार सञ्चालन गर्नका लागि आधारभूत जग बसाल्ने काम भएको छ । हामीले योजनाबद्ध विकासका लागि प्रथम पञ्चवर्षीय योजना बनाएर सार्वजनिक गरिसकेका चाहिँ छौं र संघीय सरकारसँग समन्वय गरी कर्णाली करिडोर, भेरि करिडोर, कोहोलपुर सुर्खेत सडक राष्ट्रिय प्रसारण लाइन रणनीतिक महत्त्वका रूपान्तरणका योजना अगाडि बढाउन पहल गरिराखेका चाहि छौं । र प्रदेश गौरवका आयोजनाहरू पहिचान गरी प्रदेश गौरवका आयोजना निर्धारण मापदण्डकोमस्यौदा तयार भएको छ । अन्तर प्रदेश, अन्तर पालिकासँग जोडिएका महत्त्वपूर्ण आयोजनालाई प्रदेश महत्त्वका आयोजनाका रूपमा अगाडि बढाएका चाहिँ छौं । मझौला योजना कृषि उद्योग पर्यटन गरिबी निवारण सामाजिक सुरक्षा जस्ता कार्यक्रम लागु भैरहेका छन् । स्थानीय तहसँग सहकार्य समन्वय स्थानीय आयोजना अगाडि बढाईएको चाहि छ । समन्वय गरी विकास र समृद्धिका लागि तीन पटक प्रदेश समन्वय परिषद रएक प्रदेश विकास परिषदको बैठक आयोजना गरी रणनीतिक महत्त्वका निर्णय लिएका छौं । र ती निर्णयहरू नीति विधिमा ढाल्दै कार्यान्वयनमा रहेको जानकारी गराउन चाहन्छु । हामीले एक चौमासिक बजेट एक चौमासिक र तीन वार्षिक जनपक्षीय नीति तथा कार्यक्रम साथै बजेट ल्यायौं र हामीले सबै क्षेत्रमा सन्तुलित विकासका लागि इमान्दारितापूर्वक र जिम्मेवारीपूर्वक पहलकदमि लिएको तथ्य सबैको सामु आउने निश्चितनै छ ।

सभामुख महोदय, प्रदेश सरकार गठन भए यता ९५ ओटा मन्त्रीपरिषद बैठकहरू भएका छन्। र बैठकले ५८७ ओटा जनपक्षीय निर्णयहरू गरेको जानकारी गराउन चाहन्छु । हामीले सबैभन्दा पहिले प्रदेशको नाम र राजधानीराख्ने काम सर्वसम्मतिबाट हामीलेपास गऱ्यौं र हामी हाम्रा विकासआवश्यकता र प्राथमिकताको तय हामी आफैले गरेका छौं । जसो चाहि सरकारले पूर्वाधारविकास, सामाजिक विकास, उत्पादन,उद्योगविज्ञानप्रविधि र अनुसन्धान पर्यटन र वातावरण तथा सुशासनलाई उच्च प्राथमिकता दिई उच्च आर्थिक बृद्धिदरको मात्रा तय गरेको छ । कर्णालीवासीको जीवनस्तरलाई केन्द्रमा राखी मुख्य मन्त्री रोजगार कार्यक्रम, एकिकृत दिगोविकास कार्यक्रम, मुख्य मन्त्री जीविकोपार्जन कार्यक्रम उद्यमशील तथा आय आर्जन विकास कार्यक्रम पूर्वाधारविकास कार्यक्रम लगायतका कार्यक्रमहरू अगाडि बढिराखेका चाहिँ छन् । महिला सशक्तीकरण बिना समाज विकासको कल्पना पनि गर्न सकिदैन । यहि तथ्यलाई मनन गर्दै छोरी माथिको विभेदलाई अन्त्य गर्ने छोरी र बालबिबाह रोक्नका लागि बैंक खाता छोरीको सुरक्षा जीवनभरिको कार्यक्रम लागु गरी हालसम्म ६ हजार ५ सय छोरीहरूको बैंक खाता खोलिएको छ।

बालबिबाह रोक्नको लागि बैंक खाता छोरीको सुरक्षा जीवनभरिको कार्यक्रम लागु गरिने हालसम्म ६ हजार ५सय छोरीहरूको बैंक खाता खोलिएको छ, र स्थानीयमा यस्तै छोरी बुहारि छात्रवृति कार्यक्रमपनि लागु भएकोचाहिँ छ । हाम्रो प्रदेशमा करिब २९ प्रतिशत दलित समुदाय को बसोवास रहेको छ । र दलित समुदायका लागी

दलितबहुमूलप्रवाहीकरण कार्यक्रम अगाडि बढाएका छौं । लोपोन्मुख राउटे समुदाय सिमान्तकृत समुदायलाई सुरक्षित शिक्षा तथा जीविकोपार्जनका लागिविशेष व्यवस्था भएको छ । कृषि उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउन कृषकको जीवन स्तर उठाउँन र समग्र आर्थिक विकासमा टेवा पुऱ्याउन दिने उद्देश्यले सहकारी र बैंक मार्फत कृषकहरूलाई बैंक मार्फत ऋण प्रदान गर्ने कार्यक्रम सुरु भएको चाहिँ छ ।

एक वर्षदेखि गत एक वर्षदेखि प्राकृतिक महाँमारीको रूपमा फैलिएको कोभिड विरुद्ध लड्न नै सरकारको साधनस्रोत र समय केन्द्रित गर्नुपर्ने अवस्था चाहिँ आयो । अहिले पनि कर्णालीवासीको अभिभावकत्व निर्वाह गर्नुपर्ने दायित्व पुरा गरिरहेका चाहिँ छौं। कोभिडबाट प्रभावित भएर रोजगार बेरोजगार युवाहरूलाई युवाहरू र गरिबी निवारण लक्षित गरी आफ्नो गाउँठाउँको विकास आफै गर्न जनशक्ति,जनसंख्या,गरिबी र विकटताको आधारमा बजेट बिनियोजन गरी मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन भैरहेको छ । यस कार्यक्रमबाट प्रत्येक वडामा कम्तीमा प्रत्येक वडामा कम्तीमा ३० लाख देखि ६५ लाखसम्म पुग्ने गरी दुई अरव ९८ करोड बजेट निकासा भई कार्यान्वयनमा गैरहेको छ । फेरिपनि यो वर्षमा महामारी,भोकमरी र रोजगारीलाई प्राथमिकता दिनुपर्ने देखिन्छ, र कोभिडको दोस्रो लहर आएको देखिन्छ । र यो अवस्था एकातिर छ भने अर्कोतिर खडेरिका कारणले गर्दाखेरि पनी भोकमरी पनी समस्या पनी सिर्जना भएको चाहिँ छ, र यो जिम्मेवारी पनि पुरागर्नु छ ।

सभामुख महोदय, हाम्रो सरकारले माननीय सदस्यको सुझावलाई महत्त्वपूर्ण पुजीँको रुपमा लिदै आएको छ र विभिन्न समस्याका बाबजुदहामीले कर्णाली प्रदेश र जनतालाई केन्द्रमा राखीइमान्दारीपूर्वक पहलकदमी लिरहेका छौं । र प्रदेशको विकास र समृद्धिको लागिहरतरहले सुझाव दिनुहुने माननीय सभामुख महोदय, र माननीय प्रतिपक्षदलका नेता र प्रदेशसभाका सम्पुर्णमाननीय सदस्यहरूप्रति आभारि छु । र तपाईहरूको सुभेक्षा जनताको उच्च चाहनाको अभिव्यक्ती हो भन्ने कुरा मलाई लागेको चाहिँ छ । हामीले प्रदेश सरकार निर्माण गर्दा कर्णालीको तीब्र विकास आर्थिक समृद्धि र राजनीतिक अस्थिरताको सुन्दर सपना देखेका थियौं । यसकालागि केहि पनि कोहि पनि हामीले प्रतिपक्ष नभनी कोही पनी प्रतिपक्ष नहुने प्रतिबद्धता व्यक्त गरेका चाहिँ थियौं र हामीले पहिलो संसदको बैठकमा र कर्णालीको प्रतिपक्ष भनेको भोक हो, रोग हो, गरिबी हो । अविकास चाहिँ हो भन्ने हाम्रो सबै सभामा सहभागी माननीय संसदहरूको बुझाइको साझा निष्कर्स हो र भुलेका चाहिँ छैनौं । हामीले जनताकाबीचमा मतदान माग्दा राजनीतिक स्थायित्व र कर्णाली समृद्धिको यात्रा तयगर्ने कवुल गरेका चाहिँ थियौं । वाम गठबन्धनमा रहेको नेकपा एमाले र नेकपा माओवादीमा रहेको साझा घोषणापत्र र प्रतिबद्धताका आधारमा हामीले मत प्राप्त गरेको तथ्य पनि हाम्रो सामु जीवितै छ । यो तथ्य कसैले पनि भुल्नु हुदैन र जनमतको अपमान गर्ने प्रयत्न पनि कहीं कतैबाट हुनुहुदैन ।हाम्रो चिन्ता र चासो भनेकै कर्णाली प्रदेशको तीब्र विकास र आर्थिक विकास

हासिल गर्नुहो । यसका लाग राजनीतिक स्थायीत्व अहिलेको प्रमुख आवश्यकता हो । यसकारण राजनीतिक स्थायित्व कायम गर्न कर्णालीको तीब्र विकास, आर्थिक समृद्धिको अभियानलाई निरन्तरता दिन यस सम्मानित सदनबाट हामीले फेरि एक पटक साझा प्रतिबद्धता व्यक्त गर्न जरुरीचाहिँ छ र अहिलेको बदलिदो राजनीतिक परिस्थितिका कारण हामी आजको अवस्थामा यहाँ उपस्थित भएका छौं र उभिएका छौं र परिस्थिति बदलिएको चाहिँ छ र यो बदलिएको परिस्थितिलाई हामीले फेरि पनि कर्णालीको समग्रविकासका लागि आर्थिक समृद्धिका लागि र यहाँको असल सुशासन कायम गर्नका लागी हामी सबै एकठाउँमा उभिनु पर्ने र हामीसबैले एकपटक फेरि साझा प्रतिबद्धता व्यक्त गर्नुपर्ने अहिलेको आवश्यकता चाहिँ छ ।

यो सरकार ५ वर्षका लागिबनेको सरकार चाहिँ थियो र अहिलेको बदलिएदो राजनीतिक परिस्थितिले गर्दा हामी यो स्थितिमा आइपुगेका छौं । उभिएका चाहिँ छौं । यसका लागि अहिले सरकारलाई दिएको समर्थन फिर्ता भएको चाहिँ छ । नेकपा एमालेको दलको तर्फबाट यसकालागि फेरि कर्णाली प्रदेश सरकारको नेतृत्व गर्नुको नाताले र हामीले संविधानमा भएको संवैधानिक मान्यता अनुरूप सदनमा फेरि हामीले विश्वासको मत लिनुपर्ने संवैधानीक व्यवस्थाबमोजिम आजहामी यो प्रस्तावमा यो अवस्थामा यहाँ हामी उभिएका चाहिँ छौं र मलाई आशा छ विश्वास चाहिँ छ। किहामीले एउटा नयाँ राजनीतिक संस्कार चाहिँ बसाल्नको लागी र फेरि पनि हामीले एकताको सन्देश चाहिँ प्रवाह सिंगो देशलाई गर्नका लागिहामी एकतावद्ध छौं भन्ने कुराको एउटा आभास दिनका लागि फेरि पनि यो अविश्वासको प्रस्ताव जो आएको छ । यसलाई विश्वास समर्थन फिर्ता आएको छ र मैले विश्वासको मत लिने प्रस्ताव मैले चाहिँ यहाँ पेश गरेको चाहिँ छु । र यसमा मलाई आशा छ सबैले एकपटक हामीलाई थाहाँ छ । नेकपा माओवादी केन्द्रको सिटको क्षमता कतीछ ? के छ ? भन्ने कुरा थाहाँ हुँदाहुँदै पनिएकपटक फेरि हामीले सबै संसदमा सहभागी दल र त्यसका सबै माननीयज्यूहरूलाई हामीले दलको तर्फबाट हामीले एउटा अपिल पनि गरी सकेका छौं । एकपटक फेरि सरकारलाई समर्थन गर्नको लागी सरकारको पक्षमा चाहिँने मतदान गर्नका लागि हामीले सार्वजनिक अपिल पनि गरिसकेका चाहिँ छौं र फेरि पनि मैले यो सदनबाट तपाइहरू सबै माननीय सदस्यहरूलाई हामीले छलफल गरौंला यी हाम्रा कर्णालीका इस्युहरू भनेका साझा इस्युहरू हुन र हामीले सबै बिषयहरूहामीले छलफलबाट हल गर्न सकिन्छ र यसका लागी सबै माननीय सदस्यलाई एकपटक मलाई फेरि मतदान गर्नुहुने छ भन्ने कुरामा म पुरै आशा, विश्वास राख्दै मतदानका लागि आग्रह गर्दै म प्रस्ताव प्रस्तुत गर्ने अनुमति माग्दछु ।

माननीय सभामुख ज्यू, म प्रदेश सभाको सदस्य महेन्द्र बहादुर शाही नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने नेकपा एमाले र नेकपा माओवादी केन्द्रका प्रदेश सभा सदस्यको समर्थनमा बहुमत प्राप्त गरी

प्रदेश प्रमुखबाट यस प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएको र हाल नेकपा एमालेले उक्त समर्थन फिर्ता लिए पश्चात नेपालको संविधानको धारा १८८ को उपधारा २ तथा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को उपनियम ४२ को ४ बमोजिम विश्वासको मत प्राप्त गर्नका लागी प्रदेश सभा समक्ष प्रस्ताव पेश गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः**-माननीय सदस्यहरूउक्त प्रस्तावमाथि छलफल सुरु हुन्छ । छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले सभामुखको वायाँतर्फ रहेका सचिवालयका कर्मचारीलाई आफ्नो नाम टिपाउनु होला । आफ्नो धारणा राख्न बाँकी माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय श्री बिन्दमान विष्ट समय ७ मिनेट ।

**माननीय बिन्दमान विष्टः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशसभाको यो सातौं अधिवेशनको प्रारम्भमा नयाँ वर्ष २०७८ को सबैमा माननीय सभामुख मार्फत व्यक्त गर्न चाहन्छु । आज हामी एउटा नयाँ परिवेशमा उपस्थित भएका छौं । गत तीनवर्ष पहिला नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र र एमालेको समर्थनमा कर्णाली प्रदेश को सरकार निर्माण भएको थियो र सरकारले केही समय अगाडि नेकपा एमालेले समर्थन फिर्ता लिइसकेपछि कर्णाली प्रदेश सरकारको तर्फबाट माननीय मुख्यमन्त्रीज्यूले विश्वासको मत यहाँ पेस गर्नु भएको छ । यो विश्वासको मत लिने परिवेशमा हामी छलफलमा प्रवेश गर्दै गर्दा खेरि हामीले तीन वर्ष अगाडि एउटा प्रतिबद्धता व्यक्त गरेका थियौं र त्यो प्रतिबद्धता पूरा गर्ने सन्दर्भमा निरन्तर रूपमा कर्णाली प्रदेश सरकार र प्रदेश सभा कर्णालीका जनताहरूको इच्छा आकांक्षा यहाँका जनताको समृद्धिलाई मूलभूत रूपमा सफलीभूत पार्नका निमित्त इमानदारीताको साथ हामी सबै क्रियाशील भएको तथ्य जगजाहेरै छ । हाम्रा केही चुनौतीहरू रहे सभामुख महोदय, हाम्रा चुनौतीहरू के रहे भन्दा हाम्रो प्रदेश यसै पछि पारिएको प्रदेश यसका फेरि त्यसैमा पनि प्रदेशका सबै संरचनाहरू नयाँ जनशक्तिको कुरा नियमको कुरा विधिको कुरा विधानको कुरा निर्माण गर्दै अगि बढ्नु पर्ने बाध्यता र यी सबै हिसाबले हेर्दाखेरि जनशक्तिको व्यवस्थापकीय पाटोको हिसाबले हेर्दाखेरि हाम्रो प्रदेश अलि पछि पारिएको प्रदेश को हिसाबले हेर्दाखेरि अगाडि बढ्ने चुनौतीहरू एउटा चुनौती त्यो रह्यो । दोस्रो चुनौती के रह्यो भने सभामुख महोदय, मैले आजको मितिमा आएर विचार गर्दाखेरि नेपाल संघीयतामा गयो प्रदेशहरू निर्माण भए नेपालको संघीयता भनेको मूलभूतरूपमा प्रदेश नै हो र प्रदेशलाई हेर्ने दृष्टिकोणमा प्रदेशलाई हेर्ने समस्याहरू व्यक्त भए।

**माननीय सभामुखः**- माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवन बहादुर शाहीः-** सम्माननीय सभामुख महोदय, सम्माननीय सभामुखज्यूको अनुमतिले जुन आज मुख्यमन्त्रीज्यूले आज विश्वासको मतको लागि प्रस्ताव

गर्नु भएको छ र आफ्नो पक्षमा मतदान गर्नका लागि जुन आह्वान गर्नु भएको छ । त्यसैको विषयमा हामी छलफलमा छौं ।

सम्माननीय सभामुख महोदय, हामी काँग्रेसको लागि अहिले दुई दल भन्ने छैन । हिजोसम्म आजसम्म प्रमुख प्रतिपक्ष दलका भलै यो सचिवालयले हरू व्यवस्था गरेतापनि मतदानहुनु भन्दा अगाडिको परिपेक्ष्यमा चाहिँ हामी प्रमुख प्रतिपक्ष दलकै हैसियतमा छौं भन्ने चाहिँ म आग्रह गर्न चाहन्छु । यस सन्दर्भमा हामी नेकपाका प्रमुख प्रतिपक्ष थियौं र आजका दुई दल भएका छन् । नेकपा माओवादी र नेकपा एमाले हिजो सरकारमा ४ जना मन्त्रीहरू तत्कालीन त्यो बेला तत्कालीन नेकपा एमालेको तर्फबाट अनि तीन जना नेकपा माओवादीका तर्फबाट चाहिँ सरकारमा गएको कुराहरू सर्वविदितै छ । एक जना मन्त्रीलाई उहाँको कसुर हो या होइन तर हामीले देखेको हामीले बुझेको म आज पनि यो रोस्ट्रमबाट भन्न चाहन्छु । कि ती मन्त्रीले त्यो गरे भन्ने हामीलाई विश्वास छैन कम्तिमा पनि मलाई विश्वास छैन ।

उहाँले त्यो गर्‍यो भन्ने लाग्दैन । एउटा बैकिङ्ग कसुरमा जालसाजी सुदुरपश्चिमको मान्छेले उहाँलाई जालसाजी गरेर उहाँलाई फसायो त्यसै सन्दर्भमा उहाँचाहिँ बर्खास्त हुनु भयो । त्यो आज म यो सदनलाई स्मरण गराउन चाहन्छु र म आज फेरि पनि दोहोर्‍याउन चाहन्छु । ती व्यक्तिले त्यो गरेहोलान् भन्ने मलाई चाहिँ विश्वास छैन । त्यसपछि बाँकी रहनु भयो तीन जना मन्त्रीहरू र ३ जना यतातिरका ६ जना मन्त्रीहरू र त्यो भौतिक योजना मन्त्रालयको कार्यभार स्वयम् मुख्यमन्त्रीले आफैंले लिनु भयो भर्खरकै कुरा हो मलाई लाग्छ मलाई एक्ज्याक्टली डेट थाहा छैन। २२-२३ गते मात्रै त्यो भन्दा अगाडि नेकपा एमालेले हामीले समर्थन फिर्ता लियौं भन्यो त्यसपछि पनि भर्खरै अस्ति ३ जना मन्त्रीहरूले राजीनामा गर्नु भयो तर के भनियो भने नेकपा एमालेले फिर्ता लिइसक्यो अब हामी सरकारमा छैनौं । भन्ने कुराहरू आए यदि नेकपा एमालेले फिर्ता लिइसकेको हो भने मन्त्रीहरू पनि फिर्ता हुनु पर्थ्यो । हाम्रो दावी चाहिँ त्यही नै थियो । मन्त्री झण्डा हल्लाएर हिडिरहने नेकपाले फिर्ता लियौं भन्न कति कानूनसम्मत हुन्छ या हुन्न भन्ने कुरा हो अन्तिममा भएपनि उहाँहरूले फिर्ता लिनुभयो । अब अहिले आएर हाम्रो नाङ्गो आँखाले हेर्दाखेरि नेकपा एमालेको संख्या हामीले १९ जनाको देख्यौं देखेका छौं । १९ जनाको नेकपा एमालेको संख्या छ । भलै बजारमा भन्ने गरिन्छ । हाम्रो संख्या २० हो ठिक हो। निर्वाचित भएको २० हो तर सम्माननीय सभामुख भैसकेपछि संसदीय परम्परामा चाहिँ १९ चाहिँ त्यो दलको मानिन्छ । त्यो उहाँ त्यो दलको रहँदैन । त्यो चाहिँ ठूलो दल छ त्यो कुरै छैन । अब मुख्यमन्त्रीज्यूले आफ्नो उहाँको १२ सिट, १३ सिट थिए १३ सिटमा चाहिँ एक जनाले फ्लोर क्रस गर्नु भयो । उहाँ जानु भयो फ्लोर भन्नाले यहाँ भित्र आएर होइन कि बाहिरै बाट ठूलै फ्लोरबाट उहाँले क्रस गर्नुभयो । म चाहिँ अब नेकपा एमाले भए तिमीले मलाई चुनेर पठायौ त पनि म तिमीसँग बस्दैन भन्नु भयो उहाँ जानु भयो उहाँ गैसकेपछि हाम्रो संवैधानिक व्यवस्थाले

दलको व्यवस्थाले उहाँलाई त्यो दलले हाम्रो दलको होइन भनिसकेपछि दलमा नभईसकेपछि उहाँको पद चाहिँ गयो । अब हामी ३९ जनाका छौं र हाम्रो आजसम्म पनि अगिसम्म पनि हामी एकदम अलमलमै थियौं किनकि राष्टिय राजनीतिको एक खालको छ र हामी अहिलेसम्म पनि तटस्थ बस्ने हाम्रो विचार थियो ।

हाम्रा लागि त दुबै पार्टीको प्रतिपक्ष होनि हामी एउटा पार्टीको मात्र होइन । हिजो सरकारमा त्यो पार्टी त एउटै थियो । केन्द्रले पनि एक छिन पर्ख भनिरहेको थियो अगिनै एकजना माननीयज्यूले असाध्यै मार्मिक कुरो गर्नु भयो । पानी पनि तलै बग्छ जवानी पनि तलै बग्छ । भन्नु भयो म गाउँको भिरमा बस्ने भा हुनाले पानी पनि तलै बग्छ ढुङ्गा पनि तलै गुड्छ । माथि गुड्दैन र भए पछि हामी के भन्छौं भने यसरी तटस्थ बस्नु त उपयुक्त भएन कि पक्षमा कि विपक्षमा मत त हाल्नै पर्छ । तीनटा कुरा हामी नेपाली संस्कारमा भनिने गरिन्छ । तीन कुराको दान गरिन्छ । एउटा मतदान अर्को रक्तदान अर्को कन्यादान यी तीन दानमा पैसा खान मिल्दैन । दान भनेको तीन दान दिने कुरामा हामीले हेऱ्यौं । कंग्रेसले विचार गऱ्यो माथिबाट भन्यो यहाँ हल्ला छ यहाँ अहिले आइरहेको बजार हल्ला छ । कंग्रेस एमालेसँग लाग्यो भने सत्ताको लालायित १९ जना पुगेको मा ६ जना कंग्रेस गयो भने त केही नभए पनि फालेको पनि एउटा मन्त्री त पाइहाल्छ नि यस्तो लालायित छ । कांग्रेस भन्ने त्यहाँ पनि आरोप यता चाहिँ १२ जनाको भयो भने कंग्रस के बौलाएर त्यहाँ गैरहेको छ । त्यो पक्षमा हाल्छ कंग्रेसले जोडेपनि १८ नै हुन्छ त्यो भन्दा बढी हुनेवाला छैन । के हो राजनीतिमा फाइदा र बेफाइदाको कुरा हुँदैन । हामी चुनावमा लड्छौं नि सबै लड्दाखेरि जित्छौं भनी लड्या हुन्छौं त कतिले हार्छन् कतिले जित्छन् त्यो आफ्नो ठाउँमा हुन्छ । त्यसैले आफ्नो एउटा दलीयताको कुरामा राष्ट्रियराजनीतिको कुरा पनि हुन्छ । अर्को पनि हुन्छ र कंग्रसले सधैं के पनि भनेको छ भने तल परेका साना निमुखाहरूलाई तान्ने कुरा अब हामी प्रमुख प्रतिपक्ष नरही रहेको अवस्थामा चाहिँ राजनीतिक मोडालिटी पनि फरक ढंगले गएको हुनाले कही गएर लालायित भैहाल्ने यो सोचेर गऱ्यो भन्ने अगि माननीयज्यूले भनेको मलाई पनि त्यो लागि रहेको छ । हाम्रा विषयमा पनि नानाथरिका कुराहरू लेख्ने प्रभावित बनाउने त्यो भा हुनाले हामीलाई केहिँ छैन । हामी प्रस्ट छौं पहिला देखि हामी प्रस्टै छौं हामी छ जना छौं । कर्णाली प्रदेश नाम पनि छ नै थियो अहिले पनि हाम्रो संख्या छ नै छ अनि हामी छ नै छौं । त्योभन्दा हामी बढी छैनौं । फेरि सोच्नुहोला कर्णाली प्रदेश लेखिसकेको छ भन्ठान्नु होला मिडियाकर्मीहरू यही भको हुनाले प्रदेश रेडियो कार्यालयमा अहिले पनि छ नम्बर प्रदेशै भनेर लेख्या रहेछ के समचार दिने ठाउँमा पनि त्यही लेखेको छ ।

त्यसकारणले हाम्लाई कुनै सत्ताको लोभको कारणले होइन । सत्ताको लोभका लागि भनेपछित ठूलै भएतिर लाग्ने होला हामी के गर्छौं हामी प्रतिपक्ष हो थर्ड मै बस्नु छ । त्यसैले हामी चाहिँ यहाँबाट भागेर पनि हिड्दैनौं मत पनि दिदैनौं भन्दैनौं कसलाई

मत दिने भयौं भने जो कमजोर छ । हामीले हाल्दापनि उसको चाहिँ बहुमत पुग्दैन त्यो हामीलाई प्रस्टै थाहा छ । हामीले हाल्दा पनि मुख्यमन्त्रीको बहुमत पुग्दैन १२, ६, १८ हुन्छ । हामीले राम्रैसँग जानेर सत्ताको लोलुपतामा हैन । हामी चाहिँ थर्ड पार्टी पनि फस्ट, सेकेण्ड,थर्ड भन्छ नि थर्ड बेन्चर हामी चाहिँ पक्षमा मत हाल्ने हामीले निर्णय गरेका छौं हामी पक्षमा मत हाल्छौं । यही कुरा चाहिँ राख्दै म यहाँबाट बिदा हुन्छु। धन्यवादम कसैलाई फेरि हाल्दिनुस् नि भन्दैन अरुका कुरा म जान्दिन । मेरा कुरामा मेरो पार्टीको कुरामा छ जना ले ६ मत टक्कै पक्षमा हाल्छौं धन्यवाद जयनेपाल ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब, कर्णाली प्रदेश सरकारका मुख्य मन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीलाई छलफलका क्रममा उठेका प्रश्न हरूको जवाफदिन अनुमति दिन्छु ।

**माननीय मुख्य मन्त्री महेन्द्र बहादुर शाहीः-** सभामुख महोदय, र यहाँ धेरै कुराहरू चाहिँ छन् धेरै विषयहरूमा विषय वस्तुहरू राख्न आवश्यक छ र सरकारको तर्फबाट संसदमा आएर सरकारले गरेका राम्रा काम कारवाहीका बारेमा जानकारी गर्ने सम्बोधन गर्ने काम पनि हुन सकिरहेको चाहिँ थिएन र हामीले कुनैबेला सरकारले गरेका काम कारवाहीका बारेमा जानकारी गराउनेनै छौं र आज हामी विशेष परिस्थितिमा उभिएका छौं । यो परिस्थितिमा हामी उभिदा यहाँ म धेरै माननीय सदस्यहरूले आफ्नो दलको तर्फबाट अझै दलका प्रमुख व्यक्तिहरूले आफ्ना विचारहरू यहाँ संक्षिप्त रूपले भएपनि व्यक्त गर्नु भएको छ । म त्यतापट्टि म धेरै टीकाटिप्पणीतिर म प्रवेश गर्दिन र हाम्रो एक मात्रै चाहना के भने हामीले हिजो संविधान निर्माण गर्दाखेरि यो देशको एउटा राजनीतिक परिवर्तन एउटा अभियानमा हामी हिड्दै गर्दा हाम्ले संविधान निर्माण गर्ने बेला त्यति सजिलो चाहिँ थिएन र विभिन्न बीचबाट हामीले संविधान जारी गऱ्यौं र संविधान जारी गर्ने क्रममा अब यो संविधान कार्यान्वयन गर्नका लागि एक पटक नेपालका सबै राजनीतिक दलहरू एक ठाउँमा उभिएर यो व्यवस्थालाई कार्यान्वयन गर्ने र जनताले खोजेको समग्र विकास गर्ने अभियानमा हामी लाग्नु पर्दछ। सबैको त्यतिखेर सामेल भएका संविधान सभाका सबै दलहरूको तर्फबाट सबैले आफ्ना धारणाहरू, विचारहरू व्यक्त गरेका चाहिँ थिए र अब यो व्यवस्था कार्यान्वयनका लागि र संविधानको समग्र रक्षाका लागि जसरी हामीले संविधान सबै एक ठाउँमा उभिएर विभिन्न शक्ति केन्द्रहरूको अवरोधको बाबजुदपनि जसरी जारी गऱ्यो । फेरि पनि यो मुलुक बनाउनका लागि बन्न नदिने देशमा अस्थिरता चाहने शक्तिहरू छन् । त्यो अस्थिरताको विरोध चाहने फेरि सबै नेपालका राजनीतिक दलहरू एक ठाउँमा उभिएर सिंगो राष्ट्रनिर्माणको अभियानमा लाग्नुपर्छ भन्ने विचारको भएको थियो । र यसका लागि अब राजनीतिक स्थिरता अहिलेको आवश्यकता हो अस्थिरताबाट सम्भव छैन । जनताले यो मुलुकले देशमा राजनीतिक स्थिरता चाहेको छ ।

यो स्थिरताका लागि इक पटक राजनीतिक धुव्रीकरण जरुरी छ भनेर हामीले एउटा राजनीतिक धुव्रीकरण गरेर नेपालका ठूला वामपन्थी शक्तिहरू कम्युनिष्ट शक्तिहरू एक ठाउँमा भयौं। हामी एक ठाउँमा उभियु र दुईतिहाइको बहुमत प्राप्त सरकार चाहिँ भयो र जनताले धेरै ठूलो अपेक्षा चाहिँ गरेका थिए अब यो देश बन्छ यो मुलुक बन्छ । साँच्चिकै हामीले खोजेको समृद्ध विकास यो देशमा हुन्छ भन्ने जनताको ठूलो अपेक्षा चाहिँ थियो र त्यो अपेक्षा माथि फेरि एक पटक तुसरापात चाहिँ भयो । हामी फेरि एक ठाउँमा उभिन सकेनौं र हामी फेरि विभाजन भयौं र यसले यो मुलुकमा अर्को ठूलो राजनीतिक अस्थिरता गरेको छ । र फेरि पनि जनताले सत्ताको स्थिरता चाहेको छ र सत्ताको स्थिरताका लागि जनताले के भन्ने गर्छन् भने यस्तो देश चाहिँयो जुन देशमा प्रायः धेरै नागरिकहरू प्रधानमन्त्री हुन पाउने धेरै नागरिकहरू मन्त्रीहरू बन्न पाउने देश चाहिँ हो। ६ महिना, ३ महिना, १२ महिना, ९ महिना, १८ महिना, सरकारहरू बन्ने ढल्ने बन्ने ढल्ने त्यो अवस्थाबाट जनताहरू वाक्क दिक्क भएर अब स्थिरताको खोजि चाहिँ जनताले गरेका थिए र अहिले पनि कर्णाली प्रदेशको पनि सत्ताको स्थिरता जनताले चाहिँ खोजेका छन् जनताको चाहना हो । यो चाहना पूरा गर्नको लागिमात्रै भएपनि हामीलाई थाहाँ छ । नेकपा माओवादी केन्द्र हाम्रो संसदीय दल १२ जनाको छ । १२ जनामा हामी ११ जना मात्र हामी छौं । हामीलाई २० चाहिन्छ । यो कुरा हुँदा हुँदै पनि मलाई के अपेक्षा के आशा गरें भने मुख्यमन्त्री को बन्ने त्यो चाहिँ ठूलो कुरा होइन मन्त्री को बन्ने त्यो पनि ठूलो कुरा होइन । जनताले खोजेको सत्ताको स्थिरता चाहिँ हो । ५ वर्षको थायी सरकार चाहिँ हो । यो सरकारलाई ५ वर्षको थाइ सरकारको रूपमा अगाडि बढाउनु हुने छ र जनतालाई साँच्चिकै एक पटक हामी सत्ता लोभका लागि चाहिँ होइन । पदका लागि चाहिँ होइन । हामीले जनतालाई फेरि पनि विश्वस्त पार्न लागि जनतामा हामी राजनीतिक विश्वास कायम गर्नका लागि एक पटक हामी सबैले फेरि एउटा प्रतिबद्धता जाहेर चाहिँ गर्नु हुने छ भन्ने कुराको अपेक्षासहित म संसदमा विश्वासको चाहिँ मत लिनको लागि मैले प्रस्ताव पेस गरेको हुँ । र यसमा के भयो कसो भयो बजारमा के हल्ला चले कोले के लेखे भन्ने कुरासँग सम्बन्ध राख्ने भन्दा पनि हामीले चाल्ने कुनै कदम पनि राजनीतिक छन् या अराजनीतिक छन् भन्ने कुरा नै महत्त्वपूर्ण विषय हो र हामीले गर्ने कुनै पनि कामहरू राजनीतिक हुनुपर्छ ।

राजनीतिक चरित्रको हुनुपर्छ र हामीले एउटा नैतिक संस्कार चाहिँ हामीसँग हुनुपर्छ र त्यो संस्कारको चाहिँ हामीले विकास गर्नुपर्छ यो अहिलेको आवश्यकता चाहिँ हो । त्यसो हुँदा हामीले एउटा नयाँ राजनीतिक संस्कार बसाल्नका लागि पनि अरु धेरै चाहिँ हामी टीकाटिप्पणीतिर लाग्ने भन्दा पनि मैले मुख्यमन्त्रीलाई दिएको विश्वासको मत फिर्ता लिइसकेपछि विश्वासको मत लिनका लागि मैले माननीयज्यूहरूसँग भन्ने कुराहरू सबैले आग्रह गर्ने कुरा अनुरोध गर्ने कुरालाई मैले अराजनीतिक चाहिँ तपाईको कदम चाहिँ हो भन्ने कुरा मलाई चाहिँ लागेन र त्यसो हुँदा सबैसँग अनुरोध गर्नु आग्रह गर्नु र

आफ्नो विचारलाई राख्नु एउटा राजनीतिक नै हो । एउटा राजनीतिक संस्कार नै हो भन्ने सोचका साथ हामीले सबै छलफलहरू संवादहरू र सबैसँग हामीले अपिलहरू हामीले हिजो मात्रै दलकै तर्फबाट दलमै निर्णय गरेर हामीले सबै प्रदेश सभामा सहभागी दल र सबै माननीय सदस्यहरूलाई एक पटक फेरि जनतालाई सत्ताको स्थिरता चाहिँ कायम गर्नका लागि थाइत्व कायम गर्नका लागि एक पटक फेरि मतदान गर्नुहोस्, यसको पक्षमा उभिनुस् भन्ने कुरा अपिल गर्‍यौं र फेरि पनि मैले यो अपिल गर्न चाहन्छु । हामीले साँच्चिकै कर्णाली प्रदेशका जनतालाई एउटा नयाँ उत्साह चाहिँ दिनका लागि नयाँ विश्वास दिनका लागि फेरि पनि विनम्रका साथ माननीय सदस्यहरूलाई म आग्रह गर्छु । एकपटक फेरि जनतालाई खुसी दिनका लागि पनि तपाईले सरकारलाई समर्थन चाहिँ गर्नुहुनेछ, मतदान गर्नुहुनेछ भन्ने कुराको अपेक्षासहित उठेका विषय वस्तुहरू म यही राख्दै मेरो भनाइ अन्त्य गर्छु, धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब यो छलफल यही समाप्त हुन्छ ।

माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नु भएको प्रस्तावलाई प्रदेश सभा नियमावली, २०७४ को उपनियम ७ को प्रावधान बमोजिम उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा दस्तखतसहितको मत विभाजन गरी मत संकलन गरिने व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु । माननीय सदस्यहरू अब म मत विभाजन गर्दा अपनाइने प्रक्रियाका बारेमा जानकारी गराउँछु । मत विभाजन गर्नु अगि सभाकक्ष बाहिर हुनुभएका माननीय सदस्यहरूलाई सभाकक्षमा प्रवेश गर्ने मौका दिन ५ मिनेटको घन्टी बजाइने छ। घन्टी बजिसकेपछि सभाकक्ष बाहिर हुनु भएका माननीय सदस्यहरू सभाकक्ष भित्र प्रवेश गर्नुपर्ने छ । सभामुख आसनको दायाँतर्फ र वायाँतर्फ उपकक्ष लवीमा बाहिरबाट प्रवेश गर्ने र बाहिर जाने सम्पूर्ण ढोकाहरू बन्द गरिने छन् । उल्लेखित ढोकाहरू बन्द गरिए पछि मत संकलन गर्ने कार्य सुरु नहुन्जेलसम्म बाहिर रहेका माननीय सदस्यहरू लगायत कसैलाई पनि सभाकक्ष एवं उल्लेखित उपकक्ष लवीहरूमा प्रवेश गर्न दिइने छैन । सभामुख आसनको दाहिने र देब्रेतर्फ रहेका उपकक्षको वर्णानुक्रमअनुसारको राखिएका छन् ।

यस प्रस्तावको पक्षमा हुने अर्थात हुन्छ भन्ने पक्षका माननीय सदस्यहरू सभामुख आसनको दायाँतर्फ रहेको उपकक्ष लवीमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आआफ्नो नामाक्रमको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ ।

प्रस्तावको विपक्षमा हुने अर्थात हुन्न भन्ने प्रस्तावका माननीय सदस्यहरू सभामुख आसनको बायाँतर्फ रहेको उपकक्ष लवीमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आआफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुपर्ने छ ।

माननीय सदस्यहरूको सहयोगका लागि दुबै तर्फ सचिवालयका कर्मचारी रहने छन्। कुनै माननीयले आफ्नो मत सच्याउन चाहेमा मतदान कार्य सकिएको ३ मिनेटभित्र माग गरेमा सच्चाउन दिइने छ ।

माननीय सदस्यहरू अब ५ मिनेट घन्टी बजाउन आदेश दिन्छु ।

**माननीय जीवनबहादुर शाहीः-** माननीय सभामुख महोदय, मर्यादा पालक र माननीय बाहेक अरु कोहिँ पनि बस्न पाइदैन सभामुख महोदय, यो छुटेको जस्तो लागेर मैले सम्झाएँ ।

**माननीय सभामुखः-** नियमावलीमा छ त्यो भएर हामीले माननीय सदस्यले उठाएको कुराको व्यवस्था गरेनौं । माननीय सदस्यहरू, अब म ५ मिनेट घन्टी बजाउन आदेश दिन्छु ।

माननीय सदस्यहरू अब, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय महेन्द्र बहादुर शाहीले आफूलाई प्रदेश सभाको विश्वास छ भनी राख्नु भएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । माननीय सदस्यहरू यस प्रस्तावको पक्षमा अर्थात हुन्छ भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरू सभामुख आसनको दायाँतर्फ रहेको लवीमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु होला । र प्रस्तावको विपक्षमा अर्थात हुन्न भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरू सभामुख आसनको बायाँ तर्फ रहेको उपकक्ष लवीमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आफ्नो नामावलीक्रमको दस्तखत महलमा दस्तखत गर्नुहोला ।

माननीय सदस्यहरू अब, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय महेन्द्र बहादुर शाहीले आफूलाई प्रदेश सभाको विश्वास छ भनि राख्नु भएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । माननीय सदस्यहरू यस प्रस्तावको पक्षमा अर्थात हुन्छ भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरू सभामुख आसनको दायाँतर्फ रहेको लवीमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस् र प्रस्तावको विपक्षमा अर्थात हुन्न भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरू सभामुख आसनको बायाँतर्फ रहेको उपकक्ष लवीमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आफ्नो नामावलीक्रमको दस्तखत महलमा दस्तखत गर्नुहोस् ।

माननीय सदस्यहरू, बन्द गरिएका सभाका सबै प्रवेशद्वारहरू खोल्न आदेश दिन्छु। माननीय सदस्यहरू अब म मत विभाजनको परिणाम घोषणा गर्दछु ।

माननीय सदस्यहरू आजको मतदानमा उपस्थित माननीय सदस्यहरूको संख्या ३७ रहेको छ। माननीय सदस्यहरू अब म कर्णाली प्रदेशका मुख्यमन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीले आफूलाई प्रदेश सभाको विश्वास छ भनी राख्नु भएको पक्षमा

अर्थात हुन्छ भन्ने पक्षमा जम्मा २२ मत र हुन्छ भन्ने प्रस्तावको विपक्षमा अर्थात हुन्न भन्ने पक्षमा जम्मा १५ मत परेको छ ।

मानननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीले आफूलाई प्रदेश सभाको विश्वास छ भनी राख्नु भएको प्रस्तावको पक्षमा जम्मा २२ मत परेको र उक्त संख्या प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमत भएकाले अब म मुख्यमन्त्री महेन्द्र बहादुर शाहीले आफूलाई प्रदेश सभामा बहुमत छ भनी रहेको प्रस्ताव बहुमतले पारित भएकाले प्रदेश मुख्यमन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीको सरकारले विश्वासको मत प्राप्त गरेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब यो बैठक २०७८ साल बैशाख १० गते शुक्रबार दिनको २ बजे सम्मका लागि स्थगित हुन्छ ।

## कर्णाली प्रदेश सभा

## सातौं अधिवेशन

## कार्यवाहीको सम्पूर्ण विवरण

## २०७८ वैसाख १३ गते

## सोमवार

## (बैठक संख्या-२)

**राष्ट्रिय धुन,**

**माननीय सभामुखः**-माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको सातौंअधिवेशनको दोस्रो बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेशबाट पत्र प्राप्त भएको छ । म पत्रको व्यहोरा पढेर सुनाउँछु ।

श्री प्रदेशसभा सचिवज्यू,

प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश सुर्खेत ।

माननीय प्रदेश प्रमुख श्री गोविन्द प्रसाद कलौनीले नेपालको संविधानको धारा १६८ को उपधारा ९ बमोजिम माननीय मुख्यमन्त्री श्री महेन्द्र बहादुर शाहीको सिफारिसमा देहायबमोजिमको नियुक्ति हेरफेर र कार्यविभाजन गरी प्रदेश मन्त्रीपरिषद् गठन गर्नु भएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

| क्र. | नाम थर | पद | कार्यविभाजन |
|---|---|---|---|

| स. | | | |
|---|---|---|---|
| १. | माननीय महेन्द्र बहादुर शाही | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय |
| २. | माननीय नरेश भण्डारी | मन्त्री | आन्तरिकमामिला तथा कानून मन्त्रालय |
| ३. | माननीय विमला के.सी. | मन्त्री | आर्थिक मामिला तथा योजना र सामाजिक विकास मन्त्रालय |
| ४. | माननीय नन्दसिंह बुढा | मन्त्री | उद्योग, पर्यटन,वन तथा वातावरण |
| ५. | माननीय अम्मर बहादुर थापा | मन्त्री | भौतिक पूर्वाधारविकास |
| ६. | माननीय कुर्मराज शाही | मन्त्री | भूमिव्यवस्था कृषि तथा सहकारी |

आनन्द सारु
निमित्त प्रमुख सचिव
मितिः २०७८/०१/०५

माननीय सदस्यहरू, दैलेख जिल्ला निर्वाचन क्षेत्र नम्बर १ नेपाल कम्युनिष्ट पार्टी एमालेको उम्मेद्वार भै यस कर्णाली प्रदेश सभाको सदस्य पदमा प्रत्यक्ष निर्वाचित माननीय अम्मर बहादुर थापा, कालिकोट निर्वाचन क्षेत्र नम्बर १ नेपाल कम्युनिष्ट पार्टी एमालेको उम्मेद्वार भै यस कर्णाली प्रदेश सभाको सदस्य पदमा प्रत्यक्ष निर्वाचित माननीय कुर्मराज शाही, डोल्पा जिल्ला निर्वाचन क्षेत्रनम्बर १ बाट नेपाल कम्युनिष्ट पार्टी एमालेको उम्मेद्वार भै यस कर्णाली प्रदेश सभा सदस्य पदमा प्रत्यक्ष निर्वाचित माननीय नन्दसिंह बुढा र सल्यान जिल्ला निर्वाचन क्षेत्र नम्बर १ ख बाट नेपाल कम्युनिष्ट पार्टी एमालेको उम्मेद्वार भै यस कर्णाली प्रदेश सभाको सदस्य पदमा प्रत्यक्ष निर्वाचित माननीय प्रकाश ज्वालाले दल त्याग गरेको सूचना नेपाल कम्युनिष्ट पार्टी प्रदेश सभा संसदीय दलबाट मिति २०७८ साल वैशाख १२ गते राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३५ को कर्णाली प्रदेश सभा नियमावली २०७४, को नियम १९० को प्रदेश सभा सचिवालयलाई लिखित जानकारी प्राप्त भएकाले कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १९१ बमोजिम २०७८ साल वैशाख १३ गतेदेखि माननीय श्री अम्मर बहादुर थापा,माननीय श्री कुर्मराज शाही, माननीय श्री नन्दसिंहबुढा र माननीय श्री प्रकाश ज्वालाको प्रदेश सभा सदस्य पद रिक्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत सार्वजनिक सरोकारका विषयहरूमा यथा स्थानबाट आफ्ना भनाइ राख्नविशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय पद्मा खड्का ।

**माननीय पद्मा खड्का:-** सभामुख महोदय, प्रदेश सभाको सातौंअधिवेशनको यो दोस्रो बैठकमा विशेष सार्वजनिक महत्त्वको विषय र कर्णाली प्रदेश सरकारलाई ध्यानार्कषण गराउनका लागि म यहाँ उपस्थित भएको छु । सर्वप्रथम मैले कर्णाली प्रदेशको जुम्ला जिल्लामा मंसिरको महिना जुन आगलागी भयो मंसिरको महिना जुम्लाको जुन गोठी गाउँपालिकामा जुन आगलागी भएर २८ घर जले । त्यसैगरीपुसको महिना कालिकोटको तिलागुफा नगरपालिका पनि ४ राचुलीमा १७ घर जलेर आगलागीबाट जले, त्यसैगरी फेरि तिला गाउँपालिकाको जुम्ला गाउँपालिका रिपुमा फेरि आगलागी भएर २८-२९ घर जलेर नष्ट भए र कर्णाली प्रदेश सरकारले ती दुइओटा जिल्लामा भएका विभिन्न समयमा भएका तुरुन्तै कर्णाली प्रदेश सरकार त्यहाँ उपस्थित भएर एउटा दुखमा सरकार उपस्थिति भयो र त्यो एउटा सहानुभूति दिन सक्यो सरकारले त्यो एउटा सराहनीय पक्ष छ र त्यसै गरी त्यो आगलागीबाट जुन दुखित हुने आम नागरिकलाई म पनि एउटा कर्णाली प्रदेश सभा सदस्यको तर्फबाट दुःख व्यक्त गर्न चाहन्छु ।

उहाँहरूले पाउनु भएको राहत उपलब्ध छैन भने सरकारलाई अझै मैले अनुरोध गर्न पनि चाहन्छु । त्यसै हुनाले मैले कर्णाली प्रदेश सरकारलाई यस आग्रह र अनुरोध गर्न के चाहन्छु भने सरकार भएको अनुभूति सबै जिल्लाका नागरिकले पाउन सक्छन् । कि सक्दैनन् । सरकारले त्यो खालको व्यवहार दिन सकेको छ कि छैनभन्ने कुरा सबै जिल्लाका नागरिकहरूले अनुभूति गर्न सकिरहेको अवस्था छैन । त्यस कारणले मैले यहाँ आज विशेष समयमा यो कुरा उठाइरहेको छु र सुर्खेत जिल्ला जो कि कर्णाली प्रदेशको राजधानी बत्ती मुनिको अध्यारो भनेर पनि हामीले महसुस गरिरहेका छौं । जसको सुर्खेत जिल्लाको बराहताल गाउँपालिकावडा नम्बर २ सिस्नेरीमा ९ ओटा घर आगालागि भएर जलेर खरानी भए जहाँ धनजनको धेरै क्षती भयो धेरै पशु चौपायाहरू मरे, धेरै व्यवसाय गरेका कुखुरा फर्महरू जलेर नष्ट भए, खै त्यहाँ कर्णाली प्रदेश सरकार यही राजधानीभित्र कर्णाली प्रदेश सरकार छ ।

त्यहाँ उपस्थिति खै सरकार को ?खै दुख समवेदना प्रकट खै त्यहाँका नागरिकलाईसाहानुभूति दिन सकेको सरकारले खै यहाँ आज नागरिकले प्रश्न गरिरहेका छन् । सरकार कुनै एउटा साविकका जिल्लाहरूका लागि मात्रै हो कि सबै दश जिल्लाका लागि हो खै त्यहाँ सम्मान जनक सरकारले व्यवहार देखाउन सकेको यो कुरा आज नागरिकले प्रश्न गरिरहेका छन् । यो म सरकार लाई भन्न चाहन्छु । यसै गरी पञ्चपुरी गाँउपालिकाको राँगा भन्ने ठाँउमा भर्खरै मात्रै वैशाख ४ गते फेरि आगलागी भएर ४ ओटा घर ४ ओटा गोठ आगलागी भएर नष्ट भएका छन् । त्यहाँ पनि दुइओटा कुखुरा व्यावसायीको ठूलो फर्म जलेर नष्ट भएको छ । धेरै धनमालको जलेर नष्ट भएको छ । त्यहाँ पनि हामीले सरकारको उपस्थितिदेख्न सकेनौं सक्ने कुरा परै छ तर पनि सरकारले कम्तीमापनि आफ्नो प्रदेशभित्र भैरहेका घटनार विपदका शब्दबाट पनि समवेदना दुख प्रकट गर्न सकेन हामीले हामी सबै यहाँका नागरिकले के अनुभूति

गरिरहेका छौं । सरकार कहाँ छ भन्ने कुरा छ । यो कुरा मैले सरकारलाई प्रश्न गर्न चाहन्छु । किन विभेद गरिदै छ । बत्ती मुनिको आज सरकार छ कि छैन भन्ने कुराको अनुभूति गर्न पाएका छैनन् । यो कुरा म सरकारलाई प्रश्न गर्न चाहन्छु । यसैगरी गिरिघाट जहाँ यही बैसाखको यही बैसाख ६ गते फेरि गिरिघाटमा पनि एउटा घरमा आगलागी भयो जहाँ गिरिघाटमा हामीले धेरै चोटि यो सरकारले संसदमा चिच्याएर बोलिरहेका छौं । यही आवाजहरूहामीले सुनाइ रहेका छौं । तीपीडितको आवाज यहाँ उठाएका छौं । ती पीडितहरूको आवाज यहाँ बोलिरहेका छौं। खै बाढीपीडितको कुरालाई अगाडि बढाएको आज ती छानामुनी बसेका नागरिकहरूको आगलागीबाट पीडितहुनु पर्‍याछ । बाढिबाट पीडितहुनु पर्‍याछ । त्यस्तै गरी गर्मी समयमा वनजंगल नष्ट हुँदा कुनै वनबाट आउने आगलागीबाट बच्न सकिरहेका छैनन् । खै नागरिकले सम्मानपूर्वक बाच्न पाउने अधिकारको सरकारले खै त्यसको सुरक्षाको दिन सकेको खै त्यसको ग्यारेन्टी गर्न सकेको यो कुरा मैले सरकारलाई पटक-पटक हामीले यो बाढीपीडितहरूको कुरा उठाइ रहेका छौं तर पनि समाधान गर्न सरकारले अगाडि कुनै कदम चालेर यसको सहि समयमा सहि हामीले यसलाई व्यवस्थापन गर्न सकेका छैनौं । यो कुरा मैले सरकारलाई ध्यान आर्कषण गर्न चाहन्छु र अन्तमा मैले कर्णाली प्रदेशको यो राजधानीमा दिनप्रतिदिन कोरोनाको एउटा हट इस्यु  बनिरहेको छ । कोरोनाको विषयमा हाम्रो कर्णाली प्रदेश कता निदाई रहेको छ । हाम्रो कदमहरू चालिरहेका छन् । कम्तीमा पनि यो सदनलाई कर्णाली प्रदेश सरकारलाईजानकारी गराओस् सदनभित्रका हामी जनप्रतिनिधिलाई पनि सरकारले के गरेको छ भन्ने कुराको सूचनाहामी त्यसैसमयमा पाउन सकौं मैले यही अनुरोध गर्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री ठम्मर बहादुर विष्ट समय ७ मिनेट

**माननीय श्री ठम्मर बहादुर विष्टः-** माननीय सभामुख महोदय, अ मैले विशेष गरी यो दोस्रो लहर जो चलिरहेको छ कोभिड १९ को अब हामीकहाँ भयावहरूपमा आउदैछ । नजीकै इन्डियामा दिल्ली यसको उत्कर्षमा पुगेको छ । त्यसपछि नेपालगञ्जलाई त्यसले समातेको छ र यहाँबाट नजीकै हाम्रो झण्डै सय किलोमिटर हाम्रो दुरीमा छैन र अब हाम्रो यहाँ व्यवस्था हेर्दाखेरि त्यस्तो खालको एउटा भयावह स्थिति हुने हो भने हाम्रो मृत्यु पर्खने सिवाय अरु केहि देखिदैन । त्यसको लागि मैले प्रदेश सरकार मातहतको मन्त्रालयले यसको के व्यवस्था छ । यो सम्बन्धमा एउटा अत्यन्तै हट इस्यु भएको हुनाले जनतालाई पनि एउटा यो आतंकित बनाइरहेको छ । सम्भवतः भोलि देखि नै सुर्खेत लकडाउन हुँदैछ । व्यवस्थापन कसरी गरिन्छ । अब हामीले सुनिरहेका छौं केन्द्र सरकारले भन्छ तल सिलिन्डर किन व्यवस्था गर हामी भन्छौ प्रदेश को डाक्टरसँग बुझ्दा र स्थानीय अथवा जिल्लाको हस्पिटलहरूसँग बुझ्दा उहाँहरू के भन्नु हुन्छ भने सरकार बरु सिलिन्डर देउ अक्सिजन देउ पैसा हामी दिन्छौं । अब दोहोरी चलीरहेको छ । कले दिने हो मलाई लाग्छ यस्तो अवस्थामा संघ सरकारले कमसेकम

व्यवस्था गरेर सातौं प्रदेशमा र सबै तहमा एकचोटि एउटा विशेष रेस्क्यु पलान बनाएर दिन जरुरी छ र यसको लागि प्रदेश सरकारले ठीक ढंगले यसको संयोजन गर्न जरुरी छ । मैले सुनिरहेको छु आज मात्रै पनि मेरो त्यहाँ केहि डक्टरहरूसँग सम्पर्क भएको थियो अब किटको अभाव हुने स्थिति भयो हिजो मात्रै झण्डै एक दर्जन त्यहाँ बिरामीहरूतपाईको अक्सिजन चाइनु पर्ने बिरामीहरू त्यहाँ भर्ना लिने स्थिति भयो अब एकै दिनमा १८-२० जना हुँदा त्यहा नथेग्ने स्थिति हुन सक्छ । हुने ग्यारेन्टी भयो । त्यसैले यस्तो व्यवस्था के हुन सक्छ । एउटा ठूलो चाहिँ चुनौती हाम्रो अगाडि मैले देखि रहेको छु । यदि बेलैमा हामीले सोचेनौ भने त्यसकारण त्यसको लागि खास गरी चाहिँ सिलिन्डर ग्याँसको व्यवस्था ल्यावको व्यवस्था भेन्टिलेटरको व्यवस्था मैले सुनिरहेको छु । प्रदेश अस्पतालमा आवश्यक आइसियु नै छैन भेन्टिलेटर त छदै छैन । भने अब के गर्ने हो । बिरामीलाई घरमै बस्न या त्यही मृत्यु पर्खेर बस भन्नुबाहेक अरु हामीसँगउपाय नहुन सक्छ ।

दोस्रो सँगसँगै अर्को कुरा के छ भने प्रदेश सरकार मातहतका १० जिल्ला मेहलकुना लगायतको अस्पतालमा त्यहाँ ईलाका स्तर कै विकास छ त्यहाँ सामान्य तपाईको बिरामी पनि त्यहाँ थेगिने स्थिति छैन । सबै खालका कोभिड ननकोभिड सबैखालका बिरामीहरू प्रदेश अस्पतालमा आउँदा त्यसको ठूलो म सरकारलाई ध्यान आर्कषण गर्न चाहन्छुकि प्रदेश सरकार प्रदेश अस्पतालको त मेन्ली त्यसको चाहिँ व्यवस्थापन गर्नु नै पर्ने हो र त्यस मातहतका अरु नौ दश ओटा एघार ओटा जो अस्पतालहरू छन् । त्यसको पनि चाहिँ व्यवस्था गर्न पर्‍यो र केहि तीबिरामीहरूलाई केहि कोभिडका बिरामीहरूलाई त्यहाँ पनि चाहिँ सामान्य प्रकृतीका बिरामीहरूलाई उपचार गर्न सकिने खालको चाहिँ व्यवस्था त्यहाँ गर्न पर्‍यो यसो भयो भने अहिले अलिकति हामीले व्यवस्थापन गर्न सक्छौं भन्ने मलाई लाग्छ। त्यस्तै अर्को कुरा के छ भने अब हामीले धेरै नियम बनाउने कानून बनाउने लौरो मात्रै लगाएर पनि हुदैन । जिल्ला प्रशासनले भोलि लकडाउन त गर्छ तर सरकारले यो पनि व्यवस्थापन गर्न पर्‍यो कि स्थानीय सरकारसँग संयोजन गरेर हुन्छ संघलाई गुहारेर हुन्छ । या आफूसँग कति रकम छ । सेनिटाइजर र तपाईको माक्स जनतासँग छैन । एउटा लाउने तरिका पनि छैन । अर्को छदापनि छैन । मान्छेले के खाने अब भोलिदेखि लकडाउन भयो भने उले के खाने साँझ बिहान काम गर्नजाने मान्छे काम गर्न जाने जान दिदैन प्रशासनले लठ्ठी हान्छ । लगाउने उसका मास्क पनि छैन । स्यानिटाइजर पनि छैन। त्यसको तरिका पनि छैन । अब यसको तरिका के हो ?यो कुराको लागि पनि एउटा चाहिँ तपाईको एउटा मिनिमम र मेक्सिमम खालको एउटा प्लान बनाएर सरकारले व्यवस्थित ढंगले एउटा छुट्टै रेस्क्यु पलान बनाएर एउटा हार्ड एण्ड फास्ट पूरै यलाई चाहिँ अगाडि बढ्न जरुरी छ । मलाई त्यस्तो लाग्छ।

अब त्यस्तै एउटा के पनि यहाँ भैरा देखिन्छ भने एउटा पाँचौं यहाँ त्यहाँ अस्पतालहरूबाट मेनपावरको कुरा आइरहेको छ । अब कोभिडको यस्तो हुदो रहेछ कि त्यो कोभिडसँग सम्बन्धित छुट्टै त्यसको लागि तपाईको ट्रेनिङ्ग लिनुपर्ने र सरकारले के गरेको रहेछ भने सामाजिक विकास मन्त्रालय झण्डै एक वर्षदेखि एउटा सर्ट लिस्टिङ्ग गरेर पाचौं तहको उहाँहरूले कर्मचारी त्यत्तिकै अगाडि त्यो विज्ञापन अहिले आको छैन जो पाचौं तहबाट विज्ञापन भएर कर्मचारी पदपूर्ति गर्दा धेरै एचएका अरु चाहिँ तपाईको नर्सहरू आउन सक्ने स्थिति हुदो रहेछ । त्यस कारणले सम्बन्धित मन्त्रालयको मन्त्रीज्यू हुनुहुन्छ यहाँ यो कुरालाई नोट गरेर तुरुन्तै एक दुइ दिन भित्रै मा त्यो सर्ट लिस्टिङ्गलाई निकालेर केहि कर्मचारीहरू तत्काल त्यहाँ चाहिने स्थिति केहि परिपूर्ति हुन सक्छ पूरै नभएपनि त्यो कुरालाई पनि अगाडि बढाउन मैले सरकारसँग अनुरोध गर्दछु ।

त्यस्तै अब अरु मजदुरहरू कामदारहरूको लागि पनि कसरीउनीहरूलाई खानपानको व्यवस्था गर्ने मान्छे कयौं, खान नपाएर झुण्डिनु पर्ने अरु चाहिँ नन कोभिडका बिरामीहरू चाहिँ तपाईको सिटामोल खान नपाएर ठूलठूला गम्भीर प्रकृतिका रोगहरू फेरि बीचमै मरेका यम्बुलेन्स नपाएर चाहिँ नन कोभिडका कोभिडका बिरामीहरू मरेका हामीले डेलि सुनिरहेका छौं । यसको लागि पनि आवश्यक व्यवस्था सम्बन्धित अस्पतालहरूमा सरकारले गर्नु पर्‍यो र सँगसँगै प्रदेशसँग एउटा भनिएको विषय के छ भने लामो समय देखि विशेषगरी संक्रामक रोग र विशेष गम्भीर प्रकृतिका जस्तै मुटुका रोगहरू लिभरका या यस्तै प्रकृतिका रोगहरूको त्यहाँ थुप्रै निवेदन दिने काम भएको छ तर अहिलेसम्म उहाँहरूले कार्यविधि बन्याछैन भनेर अड्काइ राख्नु भा छ। त्यो पनि यही मन्त्रालयसँग स्वास्थ्य जो सामाजिक मन्त्रालय छ त्योसँग यो जोडिन्छ । सम्भवतः अब सामाजिक विकास मन्त्रालय लगायत अब कतिपय फुलफेज गर्न बाँकी छ यो पनि तत्काल चाहिँ फुलफिल गरेर अब सरकार बनाउने हतारो त ठिकै छ यो प्रदेश चलाउनै पर्‍यो अब समृद्धितिर अगाडि बढाउनै पर्‍यो ठिकैछ धन्यवाद नै छ । उहाँहरूलाई समृद्धिको हतारो सबैलाई छ तर सरकार बनाउने हतारो मात्रै होइनकि अब काम गर्ने हतारो पनि हामीले गर्नु पर्‍यो र विशेषगरी सामाजिक मन्त्रालयसँग यी कुराहरू बढी जोडिन्छन् । कोभिडका कुराहरू यो कर्मचारी नियुक्तिका कुराहरू अरु नन कोभिडका गम्भीर प्रकृतिका चाहिँ बिरामीहरूलाईकार्यविधि बनाएर चाहिँ तपाईको उनीहरूलाई सेवा सुविधा दिने कुरा हो। यस्ता कुराहरू मा तत्कालै तपाईको एउटा हार्डएण्ड फास्ट एउटा चाहिँ कार्यक्रम बनाएर लागु गरोस्, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः-** सम्माननीय सभामुख महोदय, म आज यो विशेष चर्चाको विषय छ । जुन कोभिडले हाम्रो प्रदेशमा पनि भयावह अवस्था आएको छ यसको लागि यसका तयारिहरू गर्नु पर्नेकुराहरूको लागि म सरकारलाई अनुरोध गर्न

चाहन्छु र सरकारको साथसाथै हामी अब हामीले यसरी नै बसेर यही ढंगले बसेर हाम्रो कोभिड नियन्त्रण हुन सक्छ सक्दैन ? हिजो हामीले सिट प्लानिङ्ग गर्दाखेरि एक-एक सिट छोडेर गर्ने पनि गरेका थियौं यसको लागि पनि हामीले ध्यान दिनु पर्ने होला संघीयसरकारले भनेको छ । २५ जनाभन्दा बढीको चाहिँ भेला नगर्न नगर्ने भन्ने कुरा आइरहेको छ । यो अवस्थालाई पनि यो सदनले ध्यान देओस् भन्ने म चाहन्छु ।

सभामुख महोदय, र सरकारलाई अनुरोध गर्न चाहन्छु कि अहिलेको यो परिवेशमा यदि रिसोर्स छैन भने हामीले कुन शीर्षकबाट हुन्छ हिजोपनि हामीले त्यसरी भन्ने गरेका थियौं र आज पनि भन्न चाहान्छौं कि कुनै पनि बरु अहिले योजनाहरू नबन्न सक्छन् । अरु कामहरू नहुन सक्छन् तर कोभिडको लागि चाहिँ पैसा तुरुन्तै यो छिटो माध्यमबाट यो चाहिँ लिङ्गरिङ्ग गरेर गर्ने माध्यमबाट होइन तुरुन्तै छिटो नै कति घण्टे हुन्छ । यो ३ दिने ४ दिने सात दिने १५ दिने जो टेन्डर गर्ने परम्परा छन् । यसको लागि २४ घण्टे अथवा मत के भन्छु भने ३ घन्टे अवस्थामा कुनै चाहिँ रकमलाई रकमान्तर गर्ने यहाँको अक्सिजन प्लान्टलाई चाहिँ तुरुन्त बनाउने अक्सिजन प्लान्टलाई बिजुली छैन भन्ने कुराको छ । त्यसको लागि चाहिँ व्याकपको लागि जेनेटर चाहिने होला, जेनेटरको व्यवस्था गर्ने अरु गर्ने अघिनै पनि माननीयज्यूले भने जस्तै सरकारले गर्न सक्ने सम्मको चाहिँ सेनिटाइजर र माक्सहरूको नि व्यवस्था गर्ने किनकि हाम्रो प्रदेश गरीब प्रदेश पनि हो । त्यसको लागि हामीले वितरण गर्ने कामहरू पनि गऱ्यौं भने त्यले गर्दा खेरि यो अवस्थालाई अलिकति हामीले नियन्त्रण गर्न सक्छौं होला भन्ने लाग्छ र अर्को कुरा हामी सबैको दायित्व भन्ने लाग्छ । एउटा सरकारको दायित्व नभएर हामी सबैको दायित्व सरकारले गर्नु पऱ्यो नि बन्द गर्नु पऱ्यो नि भने भन्ने तर चाहिँ अंगालो मारेर हिड्ने जथाभावी हिड्ने र मान्छेले भन्ने गरेका छन् मरे मरिन्छ त यो ढंगले अगाडि बढ्न सकिदैन। त्यसकारणले यो भोलिको जुन एक हसे लकडाउन गरेको छ । संघीय सरकारले त्यलाई पनि तपाईहामी सबैले साथ दिनुपर्ने होला र विशेष गरेर अहिले बजेटको अभाव भन्ने कुराहरू आइरहेको छ । हुँदाहुँदै पनि त्यसको रकमान्तर गर्ने कुरा देखि लगेर त्यलाई चाहिँ छिटो डेलिभरी गर्ने कुराहरूलाई पनि यो अगाडि गरेको देखिदैन ।

सभामुख महोदय, त्यसकारणले यो कुरालाई चाहिँ सरकारले ध्यान देओस् भन्न म चाहन्छु र सरकारलाई आग्रह पनि म के गर्छु भने संसदको पनि दायित्व भएकाले संसदभित्र जति वटा दलले प्रतिनिधित्व गर्छन् । दलको एउटा संयन्त्र बनाएर एक-एक जनाको संयन्त्र बनाएर यलाई मनिटरिङ्ग गर्ने यहाँ हाम्रो काम पनि के भैरहेको छ भने सभामुख महोदय, हामीले बोल्ने मात्रै भन्ने मात्रै कुराहरूको मात्रै हामीले गरिरहेका छौं । त्यसकारणले एउटा त्यो संयन्त्र पनि बनोस् जुन संयन्त्रको कारणले यलाईहामीले थप टेवा दिन सक्छौं भन्ने चाहिँ मैले सोचेको छु । त्यो म सरकारलाई आग्रह गर्न चाहन्छु । यो बाहेक मलाई आज एउटा अनौठो लागि रहेको छ । मैले एउटा देखे सरकार

अली सत्तारुढ दल भनेर लेखिएको रहेछ । उपसभामुखज्यू कुन दलको पर्नुहुन्छ मलाईथाहा हुदैन कि म ग्वाजे हो सभामुख हो महोदय कि यहाँ अरु ग्वाजे हुनुपर्छ । सरकार भनेको यो कुनै पार्टीको भनेर हामीले इंकित गर्दैनौ । अप्रत्यक्ष दृष्टिकोण देखिन्छ यो कुनै पार्टीको पनि जसरि सभामुख भन्ने कुनै पार्टीको भन्ने चाहिँ देखिन्छ तर सभामुखको कुर्चीमा बसिसकेपछि सबैको सभामुख हुन्छ भनेपछि सरकार पनि त्यस्तै हो । मैले देखेको के थियो भने सरकार त्यसकारणले होला यो परम्पराले उपसभामुखलाई पनि सरकारको एक छेउमा राख्नेको कारण के होभने सरकार भनेको सबैको साझा हो । त्यसकारण त्यो भन्दापछि जति सरकारका सिट हुन्छन् । त्यो भन्दापछि कुन दल बस्छ । नेकपा माओवादी नेकपा माओवादी भनेर लेखिनु पर्छ । त्यसपछि प्रतिपक्ष लेखिन्छ । त्यसको पछाडि नेकपा एमाले भन्छ भने एमाले भनेर लेखिनु पर्छ । त्यसपछि काँग्रेस होला त्यसरी मैले देखेको थिए। सभामुख महोदय, तर हाम्रो यहाँ त के भयो भने जल्ले जे जे मन लाग्यो त्यही त्यही गर्नु मिल्ने चाहिँ यो प्रदेश सभाभित्र देखियो मैले काहिँ देखेको छैन । यदि म ग्वाजे नै रहेछु भने पनि यो सम्बन्धित ठाउँमा सभामुख महोदयले सोधेर यो कुरा ठीक हो कि होइन भन्ने गराइ दिनको लागि पनि अनुरोध गर्छु । मैले उदाहरण दिएँ उपसभामुखलाईत्यसरीराख्नुको अर्थ के हो ?भन्ने कुरा चाहिँ मैले यहाँको सामान्य मैले भनेको छु । अब यही कार्यक्रम यही उसले चाहिँ अगाडि राम्रोसँगजाओस् र सरकारलाईपनि बधाइ दिन चाहन्छु। प्रमुख प्रतिपक्ष दलका नेतालाई पनि बधाइ दिन चाहन्छु । यो नयाँ संरचना नयाँ परिवर्तन भएको छ । यो नयाँ परिवर्तनले नयाँ ढंगले अगाडि बसोस् चलोस् र कोभिड हामीले समयमै नियन्त्रण गर्न सकौं र आज माननीयज्यूहरू उठाएका आवाजहरूलाई चाहिँ सरकारले राम्रो सँग चाहिँ सुनोस् प्रत्येक सेकेन्डसेकेन्डमा चाहिँ यो प्रदेशको दुख कष्टलाई चाहिँ नियन्त्रण गर्नमा सरकार नचुकोस् भन्ने कुरा राख्दै बिदा हुन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री यामलाल कंडेल । माननीय सदस्यले रोष्टम प्रयोग गर्न सक्नु हुन्छ ।

**माननीय श्री यामलाल कँडेलः-** माननीय सभामुख महोदय, आज हामी सातौं अधिवेशनको दोस्रो बैठकमा उपस्थित छौं । दोस्रो बैठकमा यो संसदको तीन वर्षे अनुभवमा पहिलो चोटि नेकपा एमाले अलग भूमिकाका आधारबाट संसदमा उपस्थित भएको छ । यस अवसरमा जुन भूमिका हामीले प्राप्त गरेका छौं । नेकपा एमालेले प्राप्त गरेको छ, त्यो भूमिकालाई लोकतन्त्रको संस्थागत विकास र संस्कारलाई बलियो बनाउनका निम्ति ध्यान जानेछ । संसदभित्र दलहरू छन्, दलीयव्यवस्थाको आचरण र व्यवहारलाई समाजमा सकारात्मक सन्देश दिनेगरी हाम्रो भूमिका हामीले निर्वाह गर्नेछौं । सरकारले राम्रा कुरा ल्यायो त्यसमा हाम्रो विनाआग्रह विनापूर्वाग्रह सहयोग समर्थन रहन्छ नै । जनभावनाअनुसार सरकारलाई अगाडि बढाउने कुरामा हाम्रो पहल कदमी र खबरदारी पनि रहनेछ। यद्यपितीन वर्षभित्र सत्तापक्ष र प्रतिपक्षको अनुभव सँगालेको संसद हो ।

म त्यसका बारेमा धेरै चर्चा गर्न चाहन्न । मेरा दलका तर्फबाट धारणा राख्नुभन्दा अगाडि यो प्रतिबद्धता सभामुखमार्फत सभासमक्ष र हाम्रा विभिन्न माध्यमबाट हाम्रा कुरा सुनिरहनु हुने सबैका अगाडि दलको तर्फबाट मैले दुइटा कुरा राख्न चाहन्छु ।

पहिलो बैठकको चर्चा गर्नु मैले सान्दर्भिक ठानिराछु । त्यो भनेको वैशाख ३ गतेको घटनाक्रमलाई स्मरण गर्नु, चर्चा गर्नु, त्यसका बारेमा पनि यहाँ छलफल गर्नु आफ्ना धारणा राख्ने कुरा राख्न सकिन्छ । हामी यहाँ विभिन्न ढंगले अगाडि बढ्दै जाँदा लोकतान्त्रिक र वैधानिकव्यवस्थाअनुसारका तरिकालाई प्रयोग गर्ने क्रममा कर्णाली प्रदेशभित्र रहेका चाहे हिजो नेकपा रहँदा होस्, चाहे त्यो नेकपा एमाले भएको अवस्था होस्। हामीले लोकतान्त्रिक अभ्यासलाई आन्तरिक रूपले सुदृढ गर्ने क्रममा प्रयोग गर्ने कुरा गर्दा अहिले चर्चाको प्रदेशभित्र कर्णाली प्रदेशभित्र पनि पर्छ । त्यो चर्चाभित्र मैले अफ्ठ्यारो नमानीकन भन्नु पर्ने हुन्छ, हामीले ढाइ तीन वर्षको नेकपाको संगत गर्दा कतिपय त्यसका राम्रा कुराहरू पनि सिक्यौं होौंला तर, कतिपयप्रदूषित कुराका कारणहरूले गर्दा अहिले नेकपा एमाले राष्ट्रव्यापी  चर्चाको विषय र छलफलको विषय बनिरहेको छ । त्यसको एउटा प्रकट रूप यो संसदको पहिलो बैठकमा पनि देखा पऱ्यो । एउटा राजनीतिक कार्यकर्ता हुनुको नाताले एउटा पार्टीभित्र आफ्ना मत मतान्तरहरू हुनु, मत भिन्नताहरू हुनु इच्छा चाहनाहरूराख्ने कुरा हुन्छ। त्यसलाई मैले अन्यथा ठान्ने कुरा रहन्छ मलाई त्यस्तो लाग्दैन तरदेखादेखी पुरस्कृत हुनेगरी सरकारमै रहेको नदेखिने गरी नेपालको संसदीय इतिहासमा दुःखद घटनाहरू छन् । जसका बारेमासबै माननीय सदस्यहरू जानकार नै हुनुहुन्छ । यद्यपिअग्रिम सूचना आशंकाहरू, सूचनाहरू थिए तर एउटा लोकतान्त्रिक अभ्यासका आधारबाट अगाडि बढ्दा जो कोहीले पनि राजनीतिक निर्णय लिन सक्छ । एउटा पार्टीमा रहिरहेको मान्छे अर्को पार्टीमा जान सक्छ । एउटा आस्था र विश्वासमा रहेकोले अर्को आस्था र विश्वास लिन सक्छ त्यसलाई म चाहिँ स्वभाविक रूपले लिने गर्छु तरतीन गतेको घटना त्यसमा सत्ताधारी पार्टीसमेत संलग्न रहेर जे किसिमको दृष्टान्त देखियो । अहिले मैले त्यो सत्तधारी पार्टीलाई म धेरै भन्न चाहन्न स्वयं म संलग्न रहेको दलका साथीभाइहरूले जे दृश्य देखाउनु भयो र त्यसको परिणाम स्वरूप हाम्रो सदस्य संख्या पनि घट्न पुगेको एउटा अवस्था छ । त्यो एउटा राजनीतिक अपराधका रूपमा, राजनीतिक निर्णय जो कोहीले पनि लिन सक्छ । हामी दलको बैठक वसिराछौं, दलको बैठकमा अर्ति उपदेश छ तरसँगै रहेको साथी फरक त एउटा भगौडा जस्तो भागेर जाने कुरा कसैका निम्ति रमाइलो होला, कसैका निम्तिहामीले केही कुरा गऱ्यौं भन्ने होला, तर म फेरिपनि भन्न चाहन्छु ।हामीले नेकपा एमालेले कुनै त्यसमा खिन्नता महसुस गर्नुपर्ने, अफ्ठ्यारोमहसुस गर्नुपर्ने, दुःख मनाउ गर्नुपर्ने कुनै केही कारण छैन किनकिहामीले हुर्काएका कार्यकर्तामध्ये राजनीतिक इतिहासमा कहिलेकाही घटनाहरू घट्छन् त्यही घट्ना कर्णाली प्रदेशमा पनि जुन घट्यो ।

नयाँ घटना हो तर, अर्को नयाँ घटना त्यस्ता भगौडाहरूलाई पुरस्कृत गर्ने सरकार अन्त कहीँ छ भनेपनि त्यो कर्णाली सरकारमै देखा पर्‍यो । भाग्ने भगौडाहरू पनि कर्णाली सभाभित्रै देखा परे । भगौडाहरूको बाहुल्यता रहेको सरकार बनाउने सरकार पनि कहाँ पर्‍यो त भन्दा त्यो कर्णाली प्रदेशमै रह्यो । एउटा दुईतिहाइ रहेको पार्टीको कार्यकाल विताएको तीन वर्ष प्रमुख प्रतिपक्षको भूमिकामा रहेको भएपनि विकास र निर्माणको हकमा सत्तापक्ष भन्दा कम भूमिका निर्वाह नगरेको प्रमुख प्रतिपक्ष हुँदा हुँदै त तीन वर्षको कार्यकाल निराशाजनक छ भने भगौडाहरूको वाहुल्यता रहेको कर्णालीको सरकारबाट जनताले के अपेक्षा गर्ने ? सुशासनको के कुराकानी गर्ने ?दलीय आचरण र व्यवस्थाको के कुराकानी गर्ने ?यो एउटा छलफलको विषय बन्न सक्ने एउटा अवस्था रहन सक्छ। त्यसकारणले म विनम्रतापूर्वक यो दलीयव्यवस्था हो, दल सुदृढ गर्ने कुरा दलीय आचरणका आधारबाट अगाडि बढ्ने कुरा गर्न सकिएन भने, त्यसमा ध्यान दिन सकिएन भने, त्यसलाई साझा विषय बनाउने कुरा गर्न सकिएन भने मलाई लाग्छ हामीले जुन व्यवस्था ल्याएका छौं । त्यो व्यवस्था प्रति वितृष्णा फैलाउँदा कुनै एउटा पार्टी विशेषलाई होइन त्यो आम पार्टी आम बहुदलीयव्यवस्था प्रति हामीले ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था प्रति संघीय शासन प्रणाली प्रति नै जनताको के धारणा हुन्छ ? यो सबैले हेक्का राख्नु पर्ने कुरा हो भन्ने कुरा म यस अवसरमा राख्न चाहन्छु ।

त्यो निन्दनीय काम हो, त्यो आपराधिक काम हो, उहाँहरूले राजनीतिक निर्णय लिन सक्नुहुन्थ्यो, जान सक्नुहुन्थ्यो तर, उहाँहरूले जे कुरा गर्नु भयो म यो पहिलो बैठक भएको नाताले घटना पछिको पहिलो बैठक भएको नाताले म त्यो घटनाप्रति दुःख व्यक्त गर्न चाहन्छु र भगौडाको कमान्डरहरूलाई त मैले अहिले केही भन्न चाहन्न किनभने उहाँहरूले त्यसैमा भविष्यदेख्नुभाछ, त्यो उहाँहरूको कुरा भयो । तर म फेरि पनि विनम्रतापूर्वक भन्न चाहन्छु कि त्यो संस्कृतिले, त्यो प्रवृत्तिले मलाई लाग्छ दलीयव्यवस्था अगाडि बढ्न सक्दैन। यद्यपि जो सरकार पार्टी छ आ-आफ्ना पार्टीका आफ्ना संस्कार हुन्छन्, उसलाई कुनै सीमा माग्नु पर्ने अवस्था देखिदैंन । यो संसदभित्र को कहाँ बस्छ त्यसको अर्थ लाग्छ, बोल्न पर्दैन । संसदभित्र को कहाँ बस्छ, बोल्न पर्दैन त्यसको अर्थ लाग्छ । आजको बसाइले पनि अर्थ लाग्ने गरी नै सबैले देख्नुभाछ । अर्थ लाग्ने गरिको अवस्थाको अहिले म चर्चा गर्न चाहन्न । अर्थ लाग्ने गरी आजको बसाई हेर्दा यो सरकार कुन संविधानको व्यवस्था अनुसारको सरकार अहिलेको अवस्थामा छ । यो खोज्नेले खोज्लान् म अहिले खोज्दीन । खोज्नेले खोज्ला, चर्चा चलाउनेले चलाउलान्, तर म अहिले खोज्दिन। म आफ्नो वसाइलाई आफ्नो भूमिकालाई आफ्नो अनुकूलताका हिसाबले दलीय आचरण भन्दा, लोकतान्त्रिक संस्कार भन्दा प्रतिकूल हुनेगरी आचरण र संस्कार गर्नुपर्छ भन्ने मान्यतामा विश्वास गर्दिन, समर्थन गर्दिन ।

कसैले केही बोल्न पर्दैन तर, उसको आशंका छ, त्यो आशंका अनुसारको भूमिका के हुन्छ ठेगान लाग्छ ती काम अनुसारको आशंका ठेगान लाग्छ र कर्णाली प्रदेश यस्तो ठाउँ हो कि यो भएपछि मात्रै थाहा हुन्छ । भगौडाहरू भागेपछि मात्रै अरुले थाहा पाउने परिस्थिति निर्माण हुने अवस्थामा रहन्छ । के यस्तो संस्कारले, यस्तो तरिकाले हाम्रो देशको त्यसमध्ये पनि कर्णाली प्रदेशको सुशासन र विकासको कुरा हुन सम्भव छ ।यसले सुशासनलाई बल पुऱ्यायो।यसले दलीय आचरणलाई बल पुऱ्यायोत भन्दा जब मन्त्री नै त्यो मन्त्री देख्दा मान्छेले औपचारिक ढंगले नमस्कार गर्लान् तर परैबाट हेर्दा आयो भगौडा भन्ने अवस्था छ । कर्मचारीले के मनोविज्ञान लेलान् ?जनताले के मनोविज्ञान लेलान् ? यसरी त सरकारले मन्त्री पद त सौदावाजी गर्छ भने देख्दै नदेख्ने ठाउँमा योजना र बजेट कसरी सौदावाजी भएको होला ? के मिलेमतो भएको होला ?के दुरूपयोग भएको होला? के सबैले हेक्का राख्न सक्ने अवस्था रहँदैन र त्यसकारणले म विनम्रतापूर्वक भन्न चाहन्छु कसैलाई लागिरहेको होला नेकपा एमालेलाई ठिक्क भयो । हामीले समयक्रममा दिएको जिम्मेवारी इमान्दारीपूर्वक तर त्यो लोकतान्त्रिक संस्कार अन्तर्गत दलीय आचरणलाई व्यवहारलाई सुदृढ गर्ने गरी नै हामीले निर्वाह गर्ने कुरा रहन्छ । त्यसकारणले कतिपयलाई लागिरहेको होला, पत्रपत्रिकाले लेखिरहेका होलान् कि यतिपटक त्यसमा तलवितल रहने कुरा रहँदैन । यसकारणले म अनुरोध र आग्रह गर्न चाहन्छु, यद्यपि जो पार्टी छ त्यो पार्टी यस्तो पार्टी हो उसलाई कुनै हेक्का राख्नु पर्दैन । उसलाई यो दलीयव्यवस्थाको आचरण र व्यवहारको ख्याल राख्नु पर्ने हुदैंन, सत्तापक्ष हो कि प्रतिपक्ष हो त्यो हेक्का राख्नु पर्दैन, उदाहरणका निम्ति म भन्न चाहन्छु हामी चुनाव लड्दा वामपन्थीहरूको मोर्चा थियो तर चुनाव लडेका मान्छे मध्ये काँग्रेसको संयूक्त सरकारका विना विभागीय मन्त्री भएर झन्डा हल्लाइ रहेकै अवस्था थियो ।

संगत छुट्यो भने, व्यवहार छुट्यो भने जुनदिन संगत छुट्छ, जुनदिन व्यवहार छुट्छ जुन दिन दृष्टिकोण हुन्छ त्यति तत्क्षण नै आफ्ना जिम्मेवारीहरू परिवर्तन हुन्छन् भन्ने कुरा त्यो पार्टीलाई हेक्का छैन । उसलाई पद पाए पुग्छ, उसले राष्ट्रिय ढुकुटी पाए हुन्छ, साधन स्रोत दोहन गर्न पाए हुन्छ त्यसैमा आफ्नो प्रशिक्षित कला देखिरहेको कारणले गर्दा आज भगौडाहरूलाई पुरस्कार दिएर, झन्डा हल्लाएको देख्दा राम्रो संस्कृतिको विकास भैरहेको भन्ने कुरा बुझिरहेको छ भने मेरो भन्नु केही छैन । जनताको जनअदालत समयक्रममा चुनाव आउँदा थाहा हुन्छ । अहिले पद हुँदा तलवितल गर्न सकिने अवस्था रहन्छ तर त्यो आधारबाट अगाडि बढ्न सकिने एउटा अवस्था रहँदा म फेरिपनि विनम्रतापूर्वक भन्न चाहन्छु आज त्यो पार्टी आज माथि पनि एउटा दृष्टान्त यहाँ राख्न जरुरी पनि म ठान्दछु। हिजो हामी एउटै पार्टीमा थियौं,त्यही पार्टीको सरकारको अहिले पनि सम्माननीय प्रधानमन्त्री केपी ओली हुँदै हुनुहुन्छ । त्यो पार्टी कुनै पार्टी होइन त्यो हिसाबकिताबमा हिसाब मिलान गर्ने पार्टीका रूपमा अहिले

पनि माथि चलखेल गरिराछ । उसलाई नीति के हो ? नियम के हो ? विधि के हो ? के गर्न पर्ने हो ? त्यो तपसिलको कुरा हो । हिसाब जहाँ मिलान गर्दा हिसाबमा जित्न सकिन्छ त्यही आधारबाट अगाडि बढ्दा त्यतिबेला मात्रै थाहा हुन्छ जतिबेलाहिसाब मिलान गर्दै जाँदा जिरोमा भयो भने मात्रै थाहा पाउनु पर्ने एउटा परिस्थिति रहन्छ । ढाई तीन महिनादेखिसबैलाई थाहा छ कि आज त्यो हिजो संलग्न रहेको पार्टी अन्त छ । सर्वोच्च अदालतको फागुन २३ को निर्णयअनुसार नेकपाबाट हामी नेकपा माओवादी केन्द्र र नेकपा एमाले भैसकेका छौं । सडकमा दुत्कारेर हिंड्नु भएको छ तर सदनभित्र रहँदा अहिले पनि सत्ताधारी पार्टी नै हुनुहुन्छ त । अहिलेपनि केपी ओलीको प्रधानमन्त्रीलाई समर्थन गर्ने दलभित्रै हुनुहुन्छ त। किनकि उहाँ हिसाबकिताबमा हुनुहुन्छ। त्यसकारणले हिसाबकिताबसँग ख्याल राख्नेहरूसँगसंगत गरेर कर्णालीको विकास र निर्माण गर्नुपर्ने परिस्थिति प्रदेश सभाभित्र पनि देखा परेको एउटा अवस्थामा म फेरिपनि विनम्रतापूर्वक भन्न चाहन्छु । यिनी घटनाक्रमका आधारबाट उत्तेजनामा र भावावेशमा आएर नेकपा एमालेको दृष्टिकोण बन्ने छैन । नेकपा एमालेका चार जना राजनीतिक अपराध गर्नेहरूले गरेका कारणले गर्दा उत्तेजित भएर मैले कुनै दृष्टिकोण वा नेकपा एमालेका कुनै माननीय सदस्यहरूले दृष्टिकोण बनाउनु पर्ने कुनै जरुरी र आवश्यकता छैन । किनकि जनताका बीचमा आफ्ना विषय लिएर जाँदा संख्या कहिलेकाहीँ महत्त्वपूर्ण हुँदाहुँदैपनि विषय महत्त्वपूर्ण हुन्छ, विषय सही छ भने संख्या थपिदै जान्छ । त्यसकारणले म फेरि पनि विनम्रतापूर्वक भन्न चाहन्छु कि यो संसद भित्र प्रमुख प्रतिपक्षी दलको नाताले फेरि पनि म दोहोऱ्याएर भन्न चाहन्छु कि हामी लोकतान्त्रिक अभ्यासलाई दलीय आचरण र व्यवहारलाई सुदृढ गर्ने काममा नेकपा एमाले रहिरहन्छ ।

जहाँसम्म आज बोल्यो भने पहिलो दिन धेरै हुन्छ । यद्यपि हिजो नेकपा हुँदाखेरि पनि त्यो दलभित्र वा सरकार भित्र वा संसदभित्र पत्रपत्रिकाले लेख्नेगऱ्या थे, कानूनमा प्रमुख प्रतिपक्षी अर्को भएपनि व्यवहारको प्रमुख प्रतिपक्षी त यही हो भनेर पनि लेख्ने गरेका थिए मैले त्यो कुनै आग्रह र पूर्वाग्रहका कारणले भन्या होइन त्यो त्यतिबेलाको वास्तविकताका आधारबाट जनताको जनआवाज मैले मुखरित गरेको एउटा अवस्था हो । जब नेतृत्व कमजोर र असक्षम हुन्छ दिन बिताउनु बाहेक अर्को केही काम हुन्छ मलाई त्यस्तो लाग्दैन । यद्यपि उहाँहरूलाई मूल्यांकन गरेर सर्वश्रेष्ठ मान्छे नै नेतृत्वमा राखेको होला त्यो पार्टीको हिसाबले तर म भन्न चाहन्छु कमजोर नेतृत्व र असक्षम नेतृत्व भयो भने तीन वर्ष त बिते कुनै एउटा प्रदेश तहको संरचना बनाएको भन्न सक्ने अवस्था अहिलेको अवस्था छ त छैन त । भरणपोषणका धेरै व्यवस्था भए होलान् तर प्रदेश सरकार हो भने प्रदेश तहको संरचना एउटा मात्रै संरचना बनायो भनेर कुनै ठाउँमा भन्न सक्ने लायक ठाउँ छ तभन्दा छैन । सात वटा प्रदेश मध्ये हिजो व्यवस्थित अनि प्लानिङ व्यवस्थापन भएको राजधानी हो यो सुर्खेत । थुप्रै जग्गाहरू

अधिकरण छन्, प्रदेश तहका संरचना निर्माण गर्ने अहिले पनि गौचरण छन्, तीन वर्षका बीचमा बनाउन सकेको भए बनाउनेहरूको नै सकारात्मक सन्देश जान सक्थ्यो तर म आज पनि भन्न चाहन्छु त्यस्तो अवस्था नभएको ठाउँमा जुन नेतृत्व अहिलेकै व्यवस्थाप्रति सुदृढ हुनुहुन्न प्रतिबद्धता छैन । तपाईहरूलाई एउटा टेलिभिजनको स्मरण गराउन चाहन्छु । एउटा टेलिभिजनको प्रस्तोताले भने तपाई कुन नैतिकताका आधारले कर्णाली प्रदेशको मुख्यमन्त्री हुनुहुन्छ भन्नेसमेत प्रश्न हामीले सोची रह्यौं । सल्यानमा जाँदा यो संविधानले संघीय संरचनाले कमब्याट ड्रेसको कल्पना गर्दैन । हाम्रो मुख्यमन्त्री भन्नुहुन्छ मुख्यमन्त्रीको पदमा हुनुहुन्छ र भाषण गर्नुहुन्छ आवश्यकता पर्दा फेरि एसएलआर बोक्न नपरोस्, कमब्याट ड्रेस बोक्न नपरोस् । यो संविधानले परिकल्पना गर्दैन। एसएलआर बोकेर कमब्याट ड्रेस बोक्ने विप्लव त फर्केर आउनु भो यही सरकारको पालामा वार्ता र संवाद भएको अवस्था छ । त्यस्तै तपाँइले यहाँ चाहिँ रहेको सरकार जन सरकारका रूपमा मैले यहाँ यो आह्वान पनि गरेको थिएँ । आज पनि भन्न चाहन्छु यो प्रदेश सरकार हो । यो संविधान अनुसार चल्छ। यो जन सरकार होइन । म भन्न चाहन्छु उहाँहरूको पार्टीको वरिष्ठ नेता हुनुहुन्छ । हामी एउटै पार्टीमा केही समय बस्यौं। उहाँको अध्यक्षतामा त्यहाँ मन्त्री राखेर बैठक गर्ने मन्त्रीहरूआमन्त्रित सदस्य भएर बैठक गरेको दृष्टान्तको माइन्यूट त त्यहीं छ त । त्यसकारणले असक्षम र कमजोर नेतृत्व भयो भने दिन बिताउन सकिन्छ अरुलाई खेलाउन सकिन्छ तर जनताको भूमिका निर्वाह गर्न सकिदैंन । आमरूपमा जनतामा वितृष्णा र निराशा फैलिने परिस्थिति निर्माण हुन्छ तर पनि संख्याको खेल हो, आफैं बुझ्ने कुरा भएन, के के नै गरेको भन्ने कुरा छ, तर फेरि पनि म भन्न चाहन्छु यी विषयका आधारबाट जनताका बीचमा जाने कुरामा नेकपा एमालेलाई कुनै गाह्रो र असजिलो छ मलाई त्यस्तो लाग्दैन । त्यसकारणले म सबैलाई के अनुरोध गर्न चाहन्छु त भन्दा कि आजसम्म बनेका विकास र निर्माण भरणपोषणका निम्ति त उपयूक्त भए होलान् तर प्रदेशको दिगो विकासका निम्ति भन्न सक्ने आधार छैन । आज योजना आयोग छ, आज कर्मचारी संयन्त्रहरू रहिरहेको त्यस्तो एउटा अवस्था छ । हाम्रो कोहलपुरदेखि यहाँसम्म आउने विद्युतको लाईन यस्तो छ । हावा लाग्यो कि पल्टिने अवस्था छ । सामाजिक संजालमा छ, प्रदेश सरकारको पैसा थोरै छ तर पाएको पैसा भ्याई नभ्याई छ त प्रयोग गर्न सकिन्थ्यो त तर, जेठका महिना असारका महिनामा कर्णाली उज्यालो कार्यक्रममा रकमान्तर भएर उज्याले होइन कि व्यक्तिको व्यवस्था गर्ने काममा त लागेकै छौं त । त्यसकारणले म तपाईहरूलाई भन्न चाहन्छु यो तरिकाबाट दिन बित्न सक्छ, कसैका दिन बिताउने कुरा आफ्नो ठाउँमा छ तर त्यो कार्यकालमा कर्णालीले के पायो ?हामीले के भूमिका खेल्यौं भन्ने हो भने मलाई लाग्छ कतै विमतिराख्नु पर्ने अवस्था रहँदैन । म यसकारणले भन्दै छु कि हामी नेकपा हुँदा १८ जना माननीय सदस्य एउटै ठाउँमा पुगेकै त हौं त । यिनै मुद्दामा पुग्या त हुँ त ।

अहिले अनुहार हेर्दै जाँदा हामी तलवितल भएका छौं । विषयमा हामी कुनै असहमत हुनुपर्ने अवस्था छैन । झन्डा हल्लाउने बाहेक अरु माननीय सदस्य चाहे राप्रपा, चाहे काँग्रेस, चाहे एमाले, चाहे माओवादी हिजोको दृष्टान्त हेर्ने हो भने हामी एउटा ठाउँमा थियौं आगामी दिनमा सुधार गरौं । त्यसमा नेकपा एमालेको रचनात्मक सहयोग हुन्छ । सुशासनको कुरा गर्नुहुन्छ भने त दुईटा त रिट परेर खारेज गरिसके त वनका कर्मचारी साथीहरूले, आयुर्वेदिकका कर्मचारी साथीहरूले,तपाईहरूले पास गर्नु भो,ओएनएम सर्भे गरिसकेपछि कुनै वृत्ति विकासको ढोका छैन । कुनै जागिरको सुनिश्चितताको कुरा छैन। आर्थिक अनियमितताका निम्ति तपाईले गर्नु भएको चाहिँ त दुईटा रिटबाट खारेज भैसकेपछि त तपाईले बेलैमा सोचेर जानु पर्ने एउटा अवस्था हो । यहाँबाट गएका कर्मचारी साथीहरूको कुरा सुन्ने हो भने कसैको सकारात्मक सन्देश छैन । सुशासनको कुरा जब तपाईले भगौडाहरूलाई झन्डा दिएर कुत असुल गर्नेगरी जेठसम्म राख्दै हुनुहुन्छ अपराध नियन्त्रणसँग वा भ्रष्टाचार नियन्त्रण गर्न गएका साथीहरूलाई पनि म यहाँबाट भन्न चाहन्छु अन्त कहीं जानै पर्दैन यिनै झन्डा हल्लाएका पछिपछि लाग्नुस् अपराधी फेला पर्छ। कर्णाली प्रदेश यस्तो भयो अब । अन्त जानै पर्दैन झन्डा हल्लाएका पछाडि लाग्नुस् मूल मान्छे फेला पर्छ । अहिले झन्डा हल्लाउने भगौडाहरू कुनै राजनीतिक विश्वास गरेका हुन् र जिन्दगी अब सकियो यही ६ महिनामा । जे व्यवस्था गर्न पर्ने हो त्यै व्यवस्था गर्न गएका हुन् । अब त्यहाँ अहिले भने झन्डा मात्रै देख्याछ त्यो भन्दा पछाडि सामाजिक संजालले लोकले लेखेको कुरा म धेरै चर्चा गर्न चाहन्न किन भने त्यो कुराको पछाडि म जत्तिको मान्छे लाग्न भएन । त्यसका निम्ति कुन मन्त्रालयका कुन मन्त्रीका क्वाटर के प्रयोग भए समयक्रममा सबैले थाहा पाउनु हुनेछ । भगौडाहरूलाई ल्याएपछि त्यही पार्टीमा निष्ठावानहरूको हालत के होला त्याहाँ निष्ठावानले पछि थाहा पाउँछन् । आज त राम्रै कुरा होला । त्यसकारणले म अनुरोध र आग्रह गर्न चाहन्छु विकास र सुशासनको जुन अवस्था छ त्यो अवस्थालाई यो अवस्थाले दिन बिताउन सक्नुहोला, संख्या पुऱ्याउन सक्नुहोला तर जनताका बीचमा मुद्दा लिएर जाने कुरा गर्दा तपाईहरू कति उत्साहित हुनुहुन्छ त्यो तपाईहरूको कुरा हो तर नेकपा एमाले निराश हुनुपर्ने कुनै केही कारण छैन किन कि मुद्दा राजनीतिमा प्रमुख कुरा हुन् त्यो छ । त्यो आधारबाट अगाडि बढ्न सकिन्छ भन्ने म यहाँ राख्न चाहन्छु ।

अहिलेको परिस्थितिका बारेमा अनुभवसहितको कोरोना आइराछ । योभन्दा अगाडिको अनुभव प्राप्त मन्त्री साथीहरू हुनुहुन्छ यहाँ तर म अनुरोध गर्न चाहन्छु नियम एउटा बनाउने, मन्त्रीले आफ्नोव्यवस्था गर्ने गरी कोरोनाको गर्नु भयो भने जनआक्रोश जुनकुनै बेला जुनकुनै ठाउँमा भड्किन सक्छ । त्यसमध्ये पनि भगौडाहरूले धेरै अर्ती उपदेश सार्वजनिक रूपमा दिन थाले भने जनआक्रोश जुनकुनै ठाउँमा भड्किन सक्छ । म यो भन्न चाहन्छु यही सभामार्फत जिम्मेवारीपूर्वक हामीले परिकल्पना गरेको

भगौडाहरूले दलीय संस्कारलाई अपराध गर्ने गरी पुरस्कृत गर्ने व्यवस्था गरेको होइनहामीले । त्यो अहिले सडकमा मैले भन्दिन । अहिले चौतारीमा भन्दिन म त सार्वजनिक सम्मानित सभामार्फत सभामुखमार्फत भन्न चाहन्छु भड्किन्छ, भड्किन सक्छ । तिनले सुशासनको कुरा, तिनले भ्रष्टाचारको कुरा यहाँ आएर कसरी भन्छन् हामी त कसरी सुन्ने मेरा मनमा खड्किराछ । हेक्का राख्नुस् समयक्रममा त आउनु पर्ला यहाँ ।

तपाईहरूले पनि ल्याउनुहोला । मान्न पर्ने कुरा त मान्नुपर्ने होला त्यो तपाईहरूलाई पनि लागेको होला तर कसरी गर्ने ?त्यसकारणले बेलैमा दलीय आचरणलाई, दलीय संस्कारलाई खराब आचरण गर्ने कुरालाई पुरस्कृत गर्ने कुराको दण्ड त्यो मान्छेले मात्रै पाउँदैन त्यसलाई पुरस्कृत गर्ने तिरपनि सोझिन सक्छ । म त्यतातिर अहिले छैन है । यदि त्यो व्यवस्था गर्नु भएन त्यसअनुसार अगाडि बढ्ने कुरा गर्नु भयो भने मलाई लाग्छ पुरस्कार दिने प्रति नै अगाडि बढ्नु पर्ने अवस्था रहन्छ । त्यसकारणले म अनुरोध गर्न चाहन्छु अन्य यहाँ माननीय सदस्यहरूले गर्नु भो के कारणले होला ? हिजैको कोरोनाको भुक्तानी गरेर बजेट अलपत्र परिराछ, भुक्तानी नभएको समस्या छ प्रदेश अस्पतालमा । भुक्तानी त अब यहाँ खोज्दै जाँदा ३ वर्ष अगाडिका भुक्तानी पनि घर व्यवहार चलाए जस्तो चाहिँभुक्तानी दिन बाँकी भएको प्रदेश र सरकार हो भन्ने बुझ्दैछु । किनभने हिजो त म सत्ताधारी पार्टी भएको हुनाले धेरै खोज्न परेन । अब त भूमिका फरक भा हुनाले बोल्ने मात्रै होइन तथ्यका आधारबाट तपाँइहरूका अगाडि जाने कोसिस गर्नुपर्ने हुन्छ । संसदीय समितिहरूलाई प्रभावकारी बनाउने कुराको भूमिका रहन सक्छ यद्यपि हिजो म रहेकै दलका माननीय सदस्यहरू पनि त्यो समितिमा हुनुहुन्थ्यो । एउटा मात्रै प्रतिवेदन सार्वजनिक लेखा समितिले बुझायो । सार्वजनिक लेखा समितिले कति त्यसको चासो लियो थाहा भएन तर सरकारले त्यसलाई बेवारिसे बनायो । संसदका समितिलाई बेवारिसे बनाउने गरी जाने कुराको समर्थन गर्न सकिदैंन । त्यसकारणले संसदीय समितिलाई प्रभावकारी बनाउने कुरा संसदले चिन्दै नचिनेका बजेट र योजनाहरू हुने तरिकालाई रोक्ने कुरामा हाम्रो ध्यान जानेछ। संसदले एउटा पास गऱ्याछ, संसदले पास गरेका थन्किएका छन् । संसदले चिन्दै नचिनेको बजेट ल्याउँदा थाहा नै नभएका योजनाहरू पहिलो प्राथमिकताका साथ जुन क्रियाशील हुने परिस्थिति निर्माण भएको छ त्यो संसदकै अपमान हो मेरो व्यक्तिगत त अपमान होइन तर संसदकै अपमान हो । संसदकै त्यसमा ध्यान जानुपर्ने एउटा अवस्था रहन्छ । मैले खालि विषय मात्रै सभामुखमार्फत यो बैठकमा यो विषय प्रवेश गराएको हो कि त्यस्तो अवस्था छ ।

यिनी कुरा सुधार गर्दा सरकार सक्षम हुन्छ, यिनी कुरा सुधार गर्दा संसदको मर्यादा बढ्छ, सम्मान बढ्छ, भूमिका बढ्छ, प्रभावकारी हुन्छ, र सुशासनमा त्यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । त्यसकारणले म अनुरोध र आग्रह गर्न चाहन्छु कि कोरोना ज्यान जे आइराछ, अहिले स्थानीय प्रशासनको पहलकदमी बढेको देखिन्छ

। तामझाम भयो हिजो त्यो दुई करोडबाट त्यो टुँडिखेलमा राखेको सहयोगै भए होला यतिबेला त्यो त्यसलाई म अहिले तर आज त्यतिबेलाको त्यो तामझाम गर्ने सरकार त्यो भन्दा पनि बढी खतरनाक रोग लागिरहेको एउटा अवस्थामा त्यो पनि सबै जिल्लामा न भएर सुर्खेतमा केन्द्रित भईराका बेलामा गतिविधि त शून्य छ त त्यसमा तपाईहरू अगाडि बढ्नुस् हाम्रो सहयोग हुन्छ । यो सभामार्फतसभामुखमार्फत म सबैलाई अनुरोध गर्न चाहन्छु कुनैको एउटाको समस्या होइन कि यो सिङ्गो जनपरिचालन गरेर हामी राजनीतिक पार्टीका मान्छे, माननीय सदस्यहरू, जनप्रतिनिधिहरू, जनपरिचालित होसियारीका साथ आफू रहेर जनपरिचालितका माध्यमबाट समाधान गर्नुपर्ने जनतामा अपनाउनु पर्ने एउटा परिस्थिति हो तर प्राविधिक कुरा, टेक्नीकल कुरा, प्रक्रियाका कुरा मिलाउने कुरामा तपाईहरूले ध्यान दिनुपर्ने कुरा हो तर हिजैका एक वर्ष दिन अगाडिका बाँकी बक्यौता अहिले पनि ज्यूँ का त्यूँ छन् । त्यस्तै दैविप्रकोप छन्, अघि माननीय सदस्यले भन्दाखेरि अलि भेदभाव गरेजस्तै देखिन्छ । कालिकोट गयो भने गाडि नै चाहिँदैन हेलिकोप्टर पुगिहाल्छ । यद्यपि त्यो जिल्ला के हो थाहा भएन ।

म फेरि पनि अनुरोध गर्न चाहन्छु । विगतको समीक्षा दिएर दैवीप्रकोपमा तदारुकताका साथ अगाडि बढ्ने कुरा अगाडि बढाएर जानुपर्ने एउटा अवस्था मैले त्यस्तो देख्छु । त्यो आधारबाट हामी अगाडि बढ्नु पर्ने एउटा अवस्था देखिन्छ किनभने अहिले पनि सुख्खा छ, आगजनीको संख्या अझै पनि बढ्छ जस्तो लाग्छ । वायुप्रदूषणचाहिँ भा हुनाले रुघाखोकीको मात्रा बढ्न जाने एउटा स्थिति देखिन्छ । लकडाउनका हिसाबले अघि नै माननीय सदस्यहरूले भने जस्तै के हो त भन्दाखेरि त्यसबाट अरु खाने बस्नेका कुरा, रोजगारका कुराहरू जुन उत्पन्न हुने एउटा अवस्था रहन्छ त्यसलाई हामीले अगाडि बढाएर जानु पर्ने एउटा अवस्था रहन्छ । त्यो आधारबाट अगाडि बढ्ने कुरा राखौं र फेरि पनि म भन्न चाहन्छु दलीय संस्कारलाई दलीयव्यवहारलाई हुनत अहिले सत्तामा रहेको पार्टीलाई भन्नु बेकार छ । तर पनि हरेस नखाईकन भन्नुपर्ने हुन्छ किनकितपाईहरूजिम्मेवारीमा हुनुहुन्छ । तपाईहरूलाई यो दलीय आचरणसँगव्यवहार केही मतलब छैन। जसका घरमा गएपनि भयो । हामीले विश्वासको मत के फिर्ता गर्‍याथ्यौं, मन्त्रीहरू एमालेका माननीय सांसदका घर-घरमा धाएको त दृष्टान्त थाहै छ । एमाले एमालेले चलाउने हो, माओवादी माओवादीले चलाउने हो, काँग्रेसकाँग्रेसले चलाउने हो भन्ने यहाँ हेक्का भए पनि बुझाई छैन माओवादी केन्द्रमा । सबहामीले चलाउने हो गए ती दिन, अब आ-आफ्ना आ-आफूले नै चलाउनु पर्ने दिनमा जानुपर्ने हुन्छ ।

त्यसकारणले म फेरि पनि अनुरोध गर्न चाहन्छु कि दलीय आचरणलाई संसदभित्र तलवितल गराउने कुरामा जुन बहादुरीका साथ अगाडि बढ्नु भाछ, त्यही बहादुरी कायम राख्ने कुरा गर्नु भयो भने हाम्रो भूमिका एउटा हुनेछ, होइन सरकारको भूमिकाका निम्ति आउनु भयो भने हाम्रो खुला हातले हाम्रो सर-सहयोग हुनेछ । नेकपा एमालेको आसन

एक ठाउँमा काम एक ठाउँमा हुन्न । व्यक्तिको हुन सक्छ तर, एमालेको हुँदैन । त्यसकारणले आज, आजकै आसनले बुझाई सक्याछ अब यो आसनले अर्को कुनै अर्थको माग गऱ्याछ म जान्दिन किनकि म त्यति अरु जस्तो चलाख छैन । म पछिको कुरा पहिल्यै थाहा पाउने । मैले जे देखें त्यही मात्रै भन्न चाहन्छु । यदी यही आसन कायम रह्यो भने त बैठक अर्को कहिले हुन्छ त्यो बैठकमा आउने तपाईहरूलाई नैतिक आधार के हुन्छ ? यही आसन कायम रह्यो भने म भन्न चाहन्छु कायम गर्ने वा नगर्ने भन्ने कुरा फेरि मेरो हातमा छैन । यही आसन कायम भयो भने अर्कोचोटिको बैठकमा आउने भगौडाहरूको त अर्को व्यवस्था गर्नुपर्ने होला । किनकितपाईहरू भगौडा हुँदाहुँदै पनि हामीले विधिवत निकालेका थिएनौं । एमालेको सांसद थिए, एमालेको सांसदलाई तपाईको अघिको सूचनामा सामेल गर्ने नैतिक आधार कहाँबाट थियो ? कहाँबाट थियो ?तर, तपाईहरूलाई त्यो मतलब हुने कुरा भएन किनकि त्यो पाठै सिक्नु भाछैन । के मूल्य हो, के मान्यता हो, के संस्कार हो, के सीमा हो, के नैतिक कुरा हो, के गर्न मिल्छ, के गर्न मिल्दैन त्यो सिकेको भए पो हुन्थ्यो त तव अप्ठ्यारो लाग्थ्यो । तर तपाईहरूले त सिक्नु भएन भएन सपथ गराउनेले पनि गराई दिएँ । अहिलेको विधिबाट पो उहाँ यसबाट बर्खास्त हुनु भो त्यतिबेला त एमाले हुनुहुन्थ्यो त । तपाईहरू देखादेखि भगौडा त भागे भागे । तर, पुरस्कृत गर्ने कमान्डरहरू दशरथपुर बसेकै कमान्डर अहिले मुख्यमन्त्री हुनुहुन्छ जनताले चिने कि चिनेनन् । त्यहाँका सालका ठुटाले समेत महेन्द्रबहादुर शाहीलाई चिन्दा रैछन् । बुझ्दै जाँदा । आफैं बुझ्नुस् ।

बैंक खाताले त कति बुझ्छन् बुझ्दैनन् थाहा छैन अब यो । त्यो नैतिक हराम काम गर्ने सरकारसँगसम्बन्ध गरेर जानुपर्ने भूमिकामा नेकपा एमाले देखा पऱ्याछ। त्यही बाटोबाट गऱ्याभा हुन्थ्यो नि त भगौडाको गर्ने व्यवस्था पनि थियो नि त । जो भोलि अब यसपछि गर्दै हुनुहुन्छ । त्यही व्यवस्थामा गऱ्याभा पनि त कमसेकम यो गर्नु भो भन्ने हुन्थ्यो नि त । देखादेखि एमालेका सांसदलाई क्याविनेटमा राखेर सूचना त अब सुनियाथ्यो । यो नैतिक हराम काम गर्नेबाट सकारात्मक काममा अगाडि बढ्नुस् नेकपा एमालेको सहयोग हुन्छहोइन यही बाटो हाम्रो हो । कर्णालीको दिशा नै देशभरिको समस्याको समाधान हो भनेर तपाईहरूलाई गाइडेड गर्ने नेताले भन्नु, नेताले जे निर्देशन दिनुभाछ त्यही बाटो हो भने त गाह्रो अवस्था हुन्छ । त्यसकारणले म फेरि पनि विनम्रतापूर्वक भन्न चाहन्छु हामीले नै बाँकी समयमा सकारात्मक सन्देश बनाउने कुरा हो । भरणपोषणको बजेटको व्यवस्था अबबाट मूर्तरूप ल्याउने कुरा गर्नुभयो भने हामी अगाडि बढ्न सक्छौं। यो आधारबाट मैले तपाईहरूको बीचमा केही कुरा राखें फेरि पनि म दोहोऱ्याउन चाहन्छु नेकपा एमालेको जे नयाँ भूमिका छ त्यसले दलीयव्यवस्थालाई लोकतान्त्रिक मूल्य र मान्यतालाई सुदृढ गर्ने कुरा, दलीय आचरण र व्यवहारलाई व्यवहारतः सुदृढ गर्ने कुरा, संसदलाई प्रभावकारी बनाउने कुरा, सरकारको राम्रा कुरामा रचनात्मक सहयोग गर्ने कुरा नै नेकपा एमालेको हुन्छ । सत्ताको

आधारमा तलवितल गरेर हामीले कुनै अन्यथा सोच्नु पर्ने अवस्थामा छैनौं र एमाले छैन पनि त्यसकारणले म फेरि पनि विनम्रतापूर्वक भन्न चाहन्छु सरकार जुन अनैतिक काममा अगाडि बढीराछ, अनैतिक कामको नेतृत्व गरिराछ, त्यसबाट टाढा रहने कुरा बन्यो हाम्रो सहयोग हुन्छ अनैतिक काममै हिँड्यो भने सदन भित्र जनताका बीचमा यद्यपि अहिले कोरोनाले जान दिँदैन, कोरोना नभएको भए त तपाईका मन्त्रालयका अगाडि हामी होइन अरु धेरै जनता स्वागत गर्न आइपुग्थे । अहिले कोरोना छ, त्यसलाई हेक्का राख्याछ नेकपा एमालेले । त्यो आधारबाट अगाडि बढ्न सक्ने एउटा स्थिति रहन्छ ।

यस आधारबाट हाम्रो भूमिका मैले तपाईहरूका बीचमा राखें त्यो आधारबाट अगाडि बढ्न चाहन्छु र म नेकपा एमाले संसदीय दलको तर्फबाट म फेरि पनि भन्न चाहन्छु संसदलाई सुदृढ गर्ने कुरा, संसदका काम कारवाहीलाई प्रभाकारी बनाउने कुरा र सरकारलाई रचनात्मक रखवारी गर्ने कुरामा हाम्रो ध्यान जानेछ । संसदभित्र रहेका सबै राजनीतिक पार्टीहरूसँग नेकपा एमालेको तर्फबाट सुमधुर सम्बन्ध र छलफल गरेर विषयलाई साझा बनाउने अभ्यासमा नेकपा एमाले अगाडि बढ्छ । आफ्नो भूमिकाका आधारबाट कर्णालीवासी जनतालाई निराश नहुने गरी आशा जगाउने गरी नेकपा एमालेले संसद भित्र आफ्नो भूमिका निर्वाह गर्छ । यिनै कुरा सभामुखमार्फत राख्दै बिदा हुन चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू आजको विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रशासकीय कार्यविधि नियमित गर्ने पहिलो संशोधन अध्यादेश, २०७७ स्वीकृत गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले प्रदेश सभाको अधिवेशन चालु नभएको अवस्थामा कर्णाली प्रदेश प्रमुखज्यूबाट प्रदेश सरकारको नियमित कार्यहरू सञ्चालन गर्नको लागि जारी भएको प्रशासकीय कार्यविधि नियमित गर्ने पहिलो संशोधन अध्यादेश, २०७७ प्रदेश सभा नियमावली, २०७४ को नियम ९४ को उप नियम ४ बमोजिम माननीय सभामुखज्यूबाट अनुमति प्राप्त भएकोले अध्यादेश स्वीकृत गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला, र

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु। माननीय सदस्यहरू प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रदेश लोक सेवा आयोग दोस्रो संशोधन अध्यादेश, २०७७ स्वीकृत गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश सभाको अधिवेशन चालु नभएको अवस्थामा कर्णाली प्रदेशप्रमुखज्यूबाट जारी भएको प्रदेश लोक सेवा आयोग दोस्रो संशोधन अध्यादेश, २०७७ प्रदेश सभा नियमावली २०७४ को नियम ९४ को उप नियम ४ बमोजिम माननीय सभामुखज्यूबाट अनुमति प्राप्त भएकोले अध्यादेश स्वीकृत गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश गर्दछु ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला, र

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु। माननीय सदस्यहरू अब म प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि संशोधन प्रस्ताव परी सामाजिक विकास समितिमा छलफल भए पश्चातका निर्णय र प्रतिवेदन कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ११८ मा भएको व्यवस्था अनुसार सभासमक्ष राख्न समितिका अध्यक्ष माननीय श्री देवी ओलीलाई समय दिन्छु ।

**माननीय श्री देवी ओलीः-** माननीय सभामुख महोदय, प्रदेश सभा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ प्रदेश सभा सचिवालयमा मिति २०७६ साल भाद्र २४ गते बुधवारका दिन दर्ता भएको थियो । मिति २०७६ साल असोज ९ गते सोमवारको दिन प्रदेश सभाको चौथो अधिवेशनको बत्तिसौं बैठकको निर्णयअनुसार प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि प्राप्त संशोधनसहित दफावार छलफल गरी समितिको निर्णयसहितको प्रतिवेदन प्रदेश सभामा पेश गर्न यस समितिमा प्राप्त भएको थियो । यस विधेयक माथि संशोधन प्रस्तावसहित अन्य दफाहरूमा पनि व्यापक छलफल गरिएको थियो । यस विधेयकमा माननीय अमृता शाही, माननीय कृष्णा शाह, माननीय कौशिलावती खत्री, माननीयज्यूहरू दानसिंह परियार, माननीय देवी ओली, माननीय मिनासिंह रखाल, माननीय सिताकुमारी नेपाली र माननीय हिमबहादुर शाहीज्यूले विभिन्न दफाहरूमा आफ्नोमहत्त्वपूर्ण संशोधन प्रस्तावहरूराख्नु भएको थियो । विश्वमा महामारीको रूपमा फैलिएको कोभिड-१९ का बीच पनि समितिले मिति २०७७ साल जेठ १७ गते र जेठ

२३ गते प्रविधिको प्रयोग गरी विधेयकमा भएका मूलभूत विषयहरूमा विज्ञहरूको सुझाव लिन वरिष्ठ चिकित्सकहरू, स्वास्थ्यकर्मीहरू, स्वास्थ्य क्षेत्रमा कार्यरत संघ संस्थाहरू, कानून ब्यवसायीहरू र अन्य सरोकारवालाहरूसँग जनपरामर्श कार्यक्रमसमेत गरेको थियो । उक्त कार्यक्रमबाट भएका प्राप्त भएका सुझावहरूलाई समितिले विधेयकलाई अन्तिमरूप दिएको छ ।

प्रदेश स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि दफावार छलफलका क्रममा माननीय सदस्यज्यूहरूले आफ्ना विचार राख्ने क्रम समाप्त भएपछि सो विधेयक टेबुल गर्नु भएका माननीय मन्त्रीज्यू, संशोधनको सूचना दर्ता गराउनु भएका माननीय सदस्यज्यूहरू, सम्बन्धित मन्त्रालयका सचिवज्यूहरू, कर्मचारीज्यूहरू समेत सँग वृहत छलफल गरिएको थियो । उक्त छलफलमा सक्रिय रूपमा सहभागी हुनुहुने समितिका माननीय सदस्यज्यूहरू, संशोधन प्रस्तावकर्ता माननीय सदस्यज्यूहरू, माननीय मन्त्रीज्यूहरू, छलफलमा सहभागी मन्त्रालयका कर्मचारीज्यूहरू, समितिका सचिवज्यू लगायत सचिवालयका सबै कर्मचारीज्यूहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । यसैगरी समितिको काम कारवाहीको सन्दर्भमा मार्गदर्शन आवश्यक निर्देशन र समन्वय तथा सद्भाव प्रकट गर्नुहुने माननीय सभामुखज्यू र उपसभामुखज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

माननीय सभामुख महोदय, समितिमा प्राप्त प्रस्तावित संशोधनहरू माथि छलफल गर्ने क्रममा विषय विज्ञ, विशेषज्ञ र सम्बद्ध सरोकारवालाहरूका राय सुझावहरू र विधेयकको मनसाय, आवश्यकता, महत्त्व, भविष्यको प्रभावकारिता र असरलाई ध्यानमा राखी घनीभूत रूपमा छलफल गरिएको थियो । सोही आधारमा देहाएका देहायबमोजिमका क्रम संख्या १ देखि २८ सम्म रहेको संशोधन प्रस्तावसहित प्रतिवेदन समितिको मिति २०७७ असोज ३० गतेको सतत्तरौं बैठकबाट पारित गरी प्रदेश सभामा पेश गर्ने सर्वसम्मत निर्णय भएबमोजिम यो प्रतिवेदन सम्मानित सभासमक्ष पेश गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ सभा समक्ष टेबुल गर्न समय दिन्छु ।

**माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेशमा शान्ति सुरक्षा कायम गर्न अपराध अनुसन्धान रोकथाम तथा नियन्त्रण एवं मानव अधिकारको संरक्षण गर्न प्रदेश प्रहरीको गठन, सञ्चालन, सुपरिवेक्षण, समन्वय, व्यवस्थापन र नियमनका लागि कानून निर्माण गर्न आवश्यक भएकोले कर्णाली प्रदेश प्रहरी सेवा

सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेबुल गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री विमला केसीलाई पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना, व्यवस्थापन र संचालन गर्न बनेको विधेयक सभा समक्ष टेबुल गर्न समय दिन्छु ।

**माननीय श्री विमला केसीः-** माननीय सभामुख महोदय, नेपालको संविधानले प्रदेश विश्वविद्यालय सम्बन्धी कानून निर्माण गर्ने अधिकार प्रदेशलाई दिएको हुनाले कर्णाली प्रदेशको विशिष्ट पहिचानको रूपमा रहेको प्रचुर जैविक विविधता र अनुपम प्राकृतिक स्रोत साधनको संरक्षण र उपयोग गर्दै पर्वतीय पर्यावरणको क्षेत्रमा दक्ष सीपयूक्त मानव संशाधन विकास गर्न पर्वतीय विज्ञान तथा प्रविधिको अध्ययन अध्यापन र अनुसन्धान गर्न पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना र संचालन गर्ने सम्बन्धमा कानूनव्यवस्था गर्न आवश्यक रहेकोले पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना, व्यवस्थापन र संचालन गर्न बनेको विधेयक प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेबुल गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब यो बैठक २०७८ साल वैशाख १४ गते मंगलवार दिनको २ बजेसम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा

सातौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८ बैसाख १४ गते

मंगलवार

(बैठक संख्या-३)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सभाको सातौं अधिवेशनको तेस्रो बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्नो भनाई राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री दल रावल समय ५ मिनेट ।

**माननीय श्री दल रावलः-** माननीय सभामुख महोदय, सर्वप्रथम म चाहिँ यो कोभिडले आक्रान्त गरेको बेला यो देशको नेपाल सरकार स्थानीय प्रशासनले नै सात दिनको लागि अहिलेको लागि सात दिन हामीले अति आवश्यक सेवा बाहेक अन्य सेवाहरूहामी रोक्छौं,रोक्नु पर्छ र कोभिडको यो जुन सेकेन्ड चरणको अत्यन्त भयावह अवस्था छ । यसलाई रोक्नको निमित्त पनि सात दिन लकडाउन गर्नुपर्छ भनेर जुन निर्णय गरिएको छ जनताको अत्यन्तै महत्त्वपूर्ण थलो यो सम्मातित प्रदेश सभा सञ्चालन गरी राख्ने बाहिर जनतालाई मात्रै बन्द गरिराख्ने यो चाहिँशोभनीय हुँदैन सभामुख महोदय, म सुन्दै छु भोलिको कार्यसूचीचाहिँ सदन चाहिँ सञ्चालन हुन्छ भन्ने कार्यसूची छ हिजोको चाहिँ कार्य व्यवस्था परामर्श समितिले यो कुरा गरेको छ निर्णय गऱ्याछ भन्ने सुन्छु म चाहिँ सम्मानित सदनमार्फत माननीय सभामुख महोदयलाई यो अविलम्ब रोकिनु पर्छ । सात दिन हामीले प्रर्याप्तरूपमा हिजोपनि विभिन्न माननीय सदस्यज्यूहरूचाहिँ माननीय सभामुखज्यूमार्फत यो सदनमा सरकारको ध्यानाकर्षण प्रर्याप्त गराउनु भएको छ । आज पनिहामी गराउँदै छौं ।

कोभिडको आक्रान्त छ । ब्रिटिस भेरिएन्ट सेकेन्ड लटको जुन कोरोना भाइरस आको छ यसले कर्णाली प्रदेश पनि अत्यन्त आक्रान्त छ । सुर्खेत झनै बढी चाहिँ प्रभावित भएको छ । यो अवस्थामा हामी चालिस जना रहेको संसद अब पैंतिस जना छौं, पैंतिस जना, पच्चिस जनाभन्दा बढी चाहिँ जम्मा हुनु हुँदैन भन्ने नेपाल सरकारको नीति छ हामीचाहिँ प्रदेश सभामा चाहिँ पैंतिस पैंतिस जना मान्छेहरू बसेर बाहिर जनतालाई लकडाउन गर्ने भित्र बसेर चाहिँ यो शोभनीय हुँदैन । भोलिको अविलम्बचाहिँ भोलिको यो बैठक रोकियोस् भन्ने म चाहिँ यो सम्मानित सभामा माननीय सभामूखज्यूलाई

म आग्रह गर्न चाहन्छु। यो चाहिँशोभनीय पटक्कै हुँदैन । हामीले रोकेर अनिश्चित कालमा रोक्न सक्छौं पछि यो नियन्त्रण भयो भने हामी फेरिचाहिँ हाम्रो प्रदेश सभा सञ्चालन गर्न सक्छौं । अन्यथा रोकिएन भोलि हामी सबैचाहिँ सांसद लाग्नु पर्‍यो सरकारै लाग्नु पर्‍यो त्यो अवस्था आइलाग्यो भने हामी चाहिँ सूचना टाँसेरै पनि यो भन्दा अगाडि पनि यो स्थगित गरिएको अवस्था चाहिँ छ । भोलि हामी गर्न सक्छौं । त्यो भको नाताले म चाहिँअविलम्ब भोलिको चाहिँ यो प्रदेश सभाको बैठक रोक्न आग्रह गर्न चाहन्छु ।

त्यसैगरी अर्को चाहिँ यो कोरोना भाइरसको अत्यन्त डर लाग्दो अवस्था छ । हामी चाहिँहेलचेत्र्याइ गर्नु हुँदैन । म चाहिँ यो सम्मानित सदनमार्फत सरकारलाई चाहिँ आग्रह गर्न चाहन्छु । हामीले चाहिँ स्वास्थ्य प्रणालीलाई जतिसक्छौं हामी डिसेन्टप्लाई गर्नुपर्ने हुन्छ । विकेन्द्रित गर्नुपर्ने हुन्छ । हामीले स्थानीय रणनीति अस्पतालहरू बनायौं। त्यो चाहिँ क्वारेन्टीनको व्यवस्थागर्‍यौं, आइसोलेसनको व्यवस्थागर्‍यौं, अक्सिजनको पनि व्यवस्था गरिएको थियो तर पनि अहिलेसम्म पनि त्यो अक्सिजनको व्यवस्थापन अझपनि गर्ने अझ पनि रोक्ने अब त अहिले त हुँदैन भन्ने तिर पनि पुगिएको छ भन्ने म सुन्दै छु त्यो कदापी हुन सक्दैन । स्थानीय रणनीति अवस्था अनुसार पनि अक्सिजनको व्यवस्थापन गर्न सकियो भने हामीले फेरिसबै विरामीहरूलाई सुर्खेत प्रदेश सक्दैनौं त्यो अवस्था हुँदैन। त्यो भएको नाताले व्यवहारमा चाहिँ हामी चाहिँ काम गर्न अफ्ठ्यारो मान्ने निर्णय मात्रै गरिहाल्ने हेलिकोप्टरले कति चुनौती भयो अहिले हेलिकोप्टरको पनि प्रयोग गर्ने भन्ने फेरि नीति बनाउदै छ निर्णय गरिदैछ तर अस्ती प्रयोग गर्दाखेरि कति समस्या आयो । त्यो भको नाताले हामी व्यावहारिक निर्णय गरौं । प्रदेश अस्पताल जिल्लाका अस्पतालहरू अक्सिजनको व्यवस्था गरिएको छ । त्यसमा झन थप व्यवस्था गरौं । प्रभावकारी गरौं र स्थानीय सत्ताइसओटा जुन रणनीतिक अस्पतालहरू छन् हामीले त्यसमा पनि चाहिँ अक्सिजनको व्यवस्था गर्न सक्यौं भने हामी हाम्रा विरामीहरूचाहिँ उचित व्यवस्थापन गर्न सक्छौं । उचित हामीले चाहिँ सेवा दिन सक्छौं भन्ने म आग्रह गर्न चाहन्छु । चौबिस जनाको दुःखद मृत्यु भइसक्याछ, तपाईको हिजोको मैले रिपोर्ट हेर्दा सम्म अट्ठाईस प्रतिशत चाहिँ महिला र बहत्तर प्रतिशत पुरुषमा चाहिँ यो कोभिड देखिएको अवस्था चाहिँ छ ।

अब क्रमशः हिमाली जिल्लामा पनि यो सर्दैछ । मान्छेसँगै सर्ने हुनाले मान्छेको व्यवस्थापन कसरी गर्ने हो । म सरकारसँग आग्रह गर्न चाहन्छु सरकार मात्र होइन सिंगो संसद पनि अब यसतर्फलाग्नुपर्ने म देख्छु । जरुरी देख्छु । हामी पनि अब यहाँभित्र सदनमा बोलेर मात्र होइन अब हामी हाम्रा निर्वाचन क्षेत्रमा हाम्रा जिल्लाहरूमा हाम्रो प्रदेशमा चाहिँ यसतर्फको एक्सन प्लान बनाएर हामी अगाडि बढ्नको निम्ति सम्मानित सदनमा सभामुखज्यूमार्फतचाहिँ म आग्रह गर्न चाहन्छु । विशेष गरी अहिले यो छिटो सर्ने यो छिमेकी राष्ट्र भारतमा पनि अत्यधिक संसारलाई गुहारीसक्यो भारत जस्तो राष्ट्रले भने यो चाहिँ हामी नेपालमा आयो भने फेरि कर्णालीमा आयो भने अवस्था

कस्तो होला ? त्यो भको नाताले सरकारले अरु सबै कुरा अहिले चाहिँ स्थगित गरेर भए पनि स्वास्थ्य प्रणालीलाई चाहिँ व्यवस्थित गरियोस् । कोरोनाको विरुद्ध लड्नको निम्ति कर्णालीको स्वास्थ्य सेवालाई चाहिँ बलियो बनाईयोस् । कर्णालीको स्वास्थ्यको म्यानपावरलाई चाहिँ अझ उच्च मनोवल हुने गरी व्यवस्थापन गरियोस् । हाम्रा अक्सिजनका कुराहरू, भेन्टिलेटरका कुराहरू, आइसियुका कुराहरू थप व्यवस्थापन गर्ने काम चाहिँ सरकारले यथाशक्य गरोस् । अरु चाहिँ राजनीतिक हिसाबकिताब लाग्नु भन्दा यतातर्फसरकारको ध्यान जाओस् भन्ने म चाहिँ आग्रह गर्न चाहन्छु ।

त्यसैगरी अर्को विषय छ सभामुख महोदय, हुम्ला जिल्ला अब यो चैत वैशाख अत्यन्तै खडेरीका कारण चाहिँ भोकमरी हुन्छ । अहिले पनि तपाई गाडिले न जोडिएको जिल्ला हुम्ला हो । हुम्लाको अझ उत्तरी भेग सिमिकोटभन्दा माथिको चाहिँ जनताहरू भोकमरीको अवस्थामा परिसके । सिडियो सावहरूले फोन गर्दै हुनुहुन्थ्यो, त्यहाँका जन प्रतिनिधिहरूले फोन गर्दै हुनुहुन्थ्यो प्रदेश सरकारले प्रर्याप्तरूपमा चाहिँ खाद्यान्न ढुवानीको व्यवस्था गरेको थियो । संघीय सरकारले खाद्यान्नको व्यवस्था गरेको छ । खाद्यान्न कोटा छुट्याइदिएको छ । ढुवानीको व्यवस्था हुन सक्या छैन । म चाहिँ सम्मानित सदनमार्फत सरकारको ध्यानाकर्षण गर्न चाहन्छु छिटो भन्दा छिटो प्रदेश सरकारले छुट्याएको बजेटले खर्च गरेर संघीय सरकारबाट व्यवस्था गरेको खाद्यान्न चाहिँ सिमिकोटमा चाहिँ ढुवानी गर्ने व्यवस्था गरियोस् अन्यथा जनताहरूलाई भोकबाट मर्न दिदैनौ भन्ने कुरा आदर्शमा मात्रै सीमित हुनेछ व्यवहारमा हामी प्रमाणित गर्न सक्ने छैनौं । यतातर्फपनि सरकारको ध्यान आकर्षण गर्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री पदमबहादुर रोकाया ।

**माननीय श्री पदमबहादुर रोकायाः**- सभामुख महोदय, अहिले यो विश्वमा र हाम्रो देशमा देखा परिरहेको कोभिड १९ को बारेमा कर्णाली प्रदेश सरकारको ध्यान जाओस् । अहिले गत साल भन्दा अहिले भयावह स्थिति देखा पर्न लागिसकेको छ र कसरी जनतालाई सहज वातावरणबाट कसरी हामीले गर्न सकिन्छ । कर्णाली प्रदेशको हामीले सहजता कसरी अपनाउने भन्ने बारेमा ध्यान जाओस् र हामी बाँच्यौ भने हाम्रा जनता बाँचे भने हामी पार्टीको टिकट ल्याएर माननीय हौंला तर मर्‍यौं भने त हुन सकिदैन । हामी निष्ठ र इमान्दारिताको राजनीति बिर्सेर हामी विचार र सिद्धान्तको राजनीति बिर्सेर अनि पार्टीको लाईन भन्दा फ्लोर क्रस गरेर मन्त्री भयाका छन् । भागेर गएर अर्को लाईनमा भगौडा भन्ने नाम रहेको छ। उहाँहरूले अहिले तीन वर्षको कार्यकालमा कर्णाली प्रदेश सरकारको मन्त्रीहरू दन्डित हुने ठाउँमा पुरस्कृत भएका छन् । कर्णाली प्रदेश सरकारले अहिले झन् उनलाई पुरस्कृत गरेको छ । कति राम्रा काम भए यो तीन वर्षको कार्यकालमा देखेका छौं हामीले । हिजो हामी सत्ता पक्षमा थियौं त्यति विरोध गर्न सकेनौं । केही अलि कुरा गर्दाखेरिमा सत्तापन पक्षले पनि अनि यसरी विरोध गर्नुहुन्छ भनेर दलको मिटिङमा कुरा उठाइन्थ्यो । अब त हामी प्रतिपक्ष छौं । हामी

अनावश्यक विरोध गर्दैनौं । हामी बुझेर हामी कमीकमजोरीको मात्रै विरोध गर्न चाहन्छौं । भए त्यसै कारणले अहिले कर्णाली प्रदेश सरकार अति विभेदकारी छ यहाँ । किनभने हाम्रो चौबिस ओटा निर्वाचन क्षेत्रमा बहुवर्षीय योजना चौबिस ओटा बहुवर्षीय योजना हुने ठाउँमा कोही ठाउँमा बहुवर्षीय योजना परेका छैनन् मेरै क्षेत्रमा सिंजामा । जुम्ला जिल्लाको क्षेत्र नम्बर ख मा बहुवर्षीय योजना परेको छैन मैले धेरैपटक मुख्यमन्त्रीको क्वार्टरमा धाएँ । मुख्यमन्त्री कार्यालयमा धाएँ गोपाल शर्माकहाँ भौतिक पूर्वाधार विकास कार्यालय गोपाल शर्माकहाँ गएँ । अर्थ मन्त्रालयमा गएँ । बहुवर्षीय योजना मेरो ठाउँमा परेन त्यस्तै अन्य क्षेत्रमा पनि परेको छैन । यो विभेदकारी सरकार होइन ? यो विभेद गरेको होइन? त्यस्तो कतिपय यिनीहरूको समस्या छ ।

त्यसै कारणले यो सरकार नालायक सरकार छ । अति विभेदकारी अति पक्षपाती सरकार छ । भने त्यस्ता मन्त्रीहरूफेरि पुरस्कृत भएर अहिले पुनर्वहाली भएका छन् । फेरियिनीहरू पुनः मन्त्री हुन पुगेका छन् । आफ्नो पार्टीको टिकट लिएर पार्टी छोडेर आज आफ्नो इतिहासमा कालो दाग लगाएका छन् । भोलिको पुर्खाले के भन्लान् यिनीलाई। आज जिल्लामा गएर उनीहरू कसरी हिंडिरहेका छन् । उनीहरू केहि मान्छेले त स्वागत गरेको होला उनीहरूलाई । केही एमाले भागेर गए होलान् । उनीहरू अर्को ठाउँमा पुगे होलान् भोट दिएको सरकार त्यस्तो के होला ? तर उदाहरणको लागि चोरले कहिँबाट एउटा एक लाखको सामान चोरेर ल्यायो । बेच्दाखेरिमा पचास हजारमा बेच्यो तरफाइदा त उ ले किन्नेवालाले पायो होला तर उ ले सोच्यो होला यो मान्छे त चोरै हो। यो मान्छेको आचरण ठीक छैन । भोलि आज उताबाट चोरेर ल्याएर मलाई बेच्यो सस्तोमा भोलि मबाट पनि चोरेर अन्त सस्तोमा बेच्न सक्छ । उनले भने अनि हाम्रो २०७७ साल चैत महिनामा तिला गाउँपालिकाको वार्ड नम्बर ९ ढिपु भन्ने मुनी गाउँमा चौतिस घर आगोले जलेर नष्ट भएका छन् । उनीहरूको कर्णाली प्रदेश सरकारले छिटोभन्दा छिटो राहत उपलब्ध गराइदिनु पऱ्यो । त्यसै कारणले राहत पाएका छैनन् । मुख्यमन्त्री स्वरोजगार कार्यक्रम मुख्य अहिले लकडाउनको कारणले मान्छेले रोजगार पाएका थिएनन्। माथि देश विदेशमा जान पाएका थिएनन् व्यापार गर्न पाएका थिएनन् । माथि नोकरी गर्न पाएका थिएनन् । मुख्यमन्त्री स्वरोजगार कार्यक्रमले मान्छेलाई रोजगार दिएको थियो ।

तर, अहिलेसम्म अख्तियारी गएको छैन गाउँगाउँका मान्छेहरू फोन गरेका गऱ्यै छन् । अख्तियारी कहिले आउने हो ? कहिले हामीले रोजगार पाउने हो भनेर उनीहरू भनिरहेका छन् कि छिटो भन्दा छिटो अख्तियारी जाओस् । अन्य योजनाहरूमा पनि जब गतसाल लकडाउन भयो हामीले भन्यौं छिटो अहिले कार्यविधि बनाउनु पऱ्यो, छिटो अख्तियारी पठाउनु पऱ्यो । काम सञ्चालन हुन्न । जिल्लामा विकास हुन्न यो साल भन्दाखेरिमा अहिले सम्म चैत वैशाख लागिसक्यो उनीहरू काम गर्न गऱ्या छैनन् । कतै यो सरकारको र कर्मचारीको मिलेमत्तो त होइन ? जब जेठ असार लाग्छ अनि

तात्तिने अनि छिटो गर्नु पऱ्यो भन्ने । अनि काम हुन सक्दैन तपाईको त फ्रिज जान्छ भन्छन् अनि मिलेमतोमा कमिसनको भरमा काम सञ्चालन हुन्छ । काम कार्य सम्पन्न हुन्छ । अहिलेसम्म योजना सञ्चालन भएका छैनन् । यो कर्णाली प्रदेश सरकारले छिटो भन्दा छिटो असार मसान्तसम्म काम सम्पन्न गराउनु पऱ्यो, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री गणेश प्रसाद सिंह ।

**माननीय श्री गणेश प्रसाद सिंहः-** माननीय सभामुखज्यू, यतिबेला कोभिड महामारीको हामी एउटा विशिष्ट परिस्थितिमा फेरि दोस्रो पटक मुलुक उभिएको छ । अब यसको व्यवस्थापन नयाँ ढंगबाट गरिनुपर्छ । गत सालको शिक्षा हामीले लिएकै छौं र परिस्थिति र स्रोत वर्तमान केन्द्र सरकारै हो जस्तो लाग्छ । आज कर्णाली पनि त्यसको उपजको एउटा वाध्यात्मक स्थितिमा उभिएको छ । अब फेरि विगतका शिक्षा लिएर वर्तमानको यसको अलि नयाँ ढंगबाट व्यवस्थापन गर्नुपर्छ तर यसो हुँदा सरकार र संसद एकताबद्ध भएर कोभिडलाई सामना गर्नु पर्छ । यो अनुसार सरकारले योजना बनाओस् । औषधिको व्यवस्था, उपकरणको व्यवस्थासबै जिल्ला जिल्लामा आवश्यकताअनुसारको व्यवस्थापन गरिनुपर्छ । विकास निर्माणलाई कोभिडको नाममा बन्द गरिनु हुँदैन । गत साल त्यस्तो भएको छ । अहिले पनि सामाजिक दुरी कायम गरेर विकास निर्माणलाई निरन्तर अगाडि बढाइनुपर्छ । किनकि खडेरी छ खडेरीका कारणले सायद कर्णाली प्रदेश भोकमरीको सामना गर्नुपर्ने एउटा गम्भीर मोडमा उभिएको छ । अग्रिम त्यसको व्यवस्थापन यो स्वरोजगारको बजेट विकास योजनाको बजेट निरन्तर सञ्चालन हुने प्रक्रियाले आर्थिकको आपूर्ती हुन सक्छ । खाद्यको व्यवस्थापन हुन सक्छ र अग्रिम खाद्यान्नको व्यवस्थापन सरकारले गरोस् र यही चैत सत्ताईस गते नलगाड नगरपालिकाको ८ नम्बर दिउसो २ बजे आगजनी भएर पाँच घर पूर्ण क्षती भएका छन् । बाँकी ७ ओटा गोठहरू जलेका छन्। लाखौंको धनमाल क्षति भएको छ । त्यसको अग्रिम यो सरकारले क्षतिपूर्तिको व्यवस्था गरोस्, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री वीरबहादुर शाही ।

**माननीय श्री वीरबहादुर शाहीः-** सम्माननीय सभामुख महोदय कोरोना भाइरसले विश्वभरि आतंकित बनाउँदा बनाउँदै अहिले कर्णाली प्रदेशमा पनि अब आतंकित बनाइरहेको छ र यो हाम्रो सत्र लाख जनसंख्या भएको कर्णाली प्रदेशलाई अब कसरी यो रोकथामको निमित्त अगाडि बढ्नु पर्छ भन्ने सरकारले प्रान्तीय सरकार, संघीय सरकार र प्रदेश सरकार मुख्यतया अहिले स्थानीय सरकालाई पूर्ण जिम्मा दिएर स्थानीय सरकारले जो यो भन्दा पहिला पनि उनासी वटै गाउँपालिकाको स्थानीय सरकारले एकदम जो जनताको संरक्षण गरेका छन् फेरि पनि हामीले यो स्थानीय सरकारलाई यसको जिम्मा दिनुपर्छ र उपलब्ध साधनहरू कर्णाली प्रदेश सरकारले जसरी हुन्छ यसको उपलब्ध गराइदिनुपर्छ । अर्को यो हामी सुरक्षा भन्ने गरेका छौं म एउटा सभामुखमार्फत सदनलाई जानकारी

गराउन चाहन्छु । हिजो मात्रै वीरेन्द्रनगर १२ मा नेपाली सेनाको ट्यांकरले हानेर एक जना महिला ४६ बर्षीया महिला मनिकला भट्टको मेरा सामुन्ने अगाडि उहाँको मृत्यु भएको छ । यो जानीजानी पहिला अघिल्लो पाङ्ग्राले दाहिने खुट्टा हानेको थियो । फेरि ब्याक गरेर उ ले सिधै चाहिँ मैले कराउँदा कराउँदै उ महिला र म चाहिँ दुई मिनेटको मात्रै फरक थियौं, षड्यन्त्रपूर्वक मृत्यु भएको छ । यसको जबकि हाम्रो सुरक्षा नेपाल सेना नेपाल प्रहरी उनको अगाडि नै मृत्यु हुन्छ गरिन्छ भनेपछी अब अरुको के सुरक्षा होला ?यसको क्षतिपूर्ति दिने व्यवस्थाहुनुपर्छ उहाँ मृतक पक्ष र जो चाहिँ घटना घटाउनेको कडा भन्दा कडा कारवाही हुनुपर्छ। जब कि सामान्य एउटा चाहिँ महिला माथि यो अपराधपूर्ण घटना घटेको छ । मेरै सामुन्ने अगाडि हो । यसको छानवीन हुनुपर्छ । यसको क्षतिपूर्ति व्यवस्था गर्नुपर्छ भन्ने भनाई राख्दै धन्यवाद छ ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू सार्वजनिक लेखा समितिका अध्यक्ष माननीय श्री दिनबन्धु श्रेष्ठलाई समितिको वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्न समय दिन्छु ।

**माननीय श्री दिनबन्धु श्रेष्ठः-** माननीय सभामुख महोदय, नेपालको संविधानको धारा १९३ तथा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १४४ अनुसार गठित कर्णाली प्रदेश सार्वजनिक लेखा समितिको दोस्रो वार्षिक प्रतिवेदन, २०७७ को आज बैठकमा प्रस्तुत गर्न पाउँदा अत्यन्तै हर्षित एवं गौरवान्वित भएको महसुस मैले गरेको छु ।

सभामुख महोदय, सम्माननीय सभामुख महोदय पहिलो प्रतिवेदन २०७६ गत साल यसै संसदबाट सार्वजनिक लेखा समितिको गठन प्रक्रिया सार्वजनिक लेखा समितिको भूमिका र यसको गठन पश्चात गरेका काम कारवाहीको बारेमा प्रस्तुत गरेको थिएँ र हाल हामीले अहिले हामीले कार्यान्वयनको चरणमा छौं र यतिबेला हामी सबैले आ-आफ्नो ठाउँबाट आर्थिक अनियमितता गर्न र गराउन दिनु हुँदैन भन्ने हेतुका साथ दृढ संकल्पसँगै हाम्रो बुद्धि र विवेकले भ्याएसम्म मन वचन र कर्मका साथ कर्णाली प्रदेश सरकारले दशैवटा जिल्लामा खर्च गर्ने क्रममा जनताको मनोभावनालाई नजिकबाट नियाल्दै जनताको प्राथमिकता र आवश्यकतालाई शिरोपर गरी मितव्ययी,पारदर्शी,जवाफदेही र संवेदनशीलताका साथ विकास निर्माण र अन्य योजनाहरू संचालन गरी कर्णाली प्रदेशमा सुशासन कायम गर्नुपर्छ भनी सार्वजनिक लेखा समिति र म स्वयं पनि कार्यान्वयन गराउन सक्रियरूपले पहल गर्दै आएका छौं ।

माननीय सभामुख महोदय, कर्णाली प्रदेश भौतिक रूपमा विकट छ । सीमित स्रोत साधनको अभावकोबीच कार्य गर्न अफ्ठ्यारो भएतापनि विगतको अनुभव ज्ञान र सीपलाई प्रयोग गर्दै आगामी वर्षहरूमा कर्णाली प्रदेशलाई प्रभावकारी रूपमा भ्रष्ट्राचारप्रतिको शून्यसहनशीलता कडाईका साथ पालना गराउन आर्थिक अनुशासन

कायम विधि र कानून पक्रियाको पालना गराउँदै आर्थिक समृद्धिको बाटोमा अगाडि बढाउन अवसर, आवश्यकता र चुनौती सबै देख्दछु ।

माननीय सभामुख महोदय, हामी सबैले कर्णाली प्रदेश सरकार र यस अन्तर्गतका कार्यहरूबाट प्रत्यक्ष वा अप्रत्यक्षरूपमा हुने अनियमितता स्रोत साधनको दुरूपयोग रोक्ने र आर्थिक अनियमितताका तथा भ्रष्ट्राचारजन्य कार्य रोक्न सार्वजनिक लेखा समितिको मात्रै नभएर यसमा संलग्न सबै पदाधिकारी कर्मचारी र सबै सरोकारवालाहरूको सामूहिक दायित्व र जिम्मेवारीको विषय हो भन्ने मैले सोचेको छु ।

माननीय सभामुख महोदय, सार्वजनिक लेखा समितिले आर्थिक वर्ष २०७५/०७६ मा सरकारले गरेको रकमान्तर सम्बन्धी विषयमा माननीय करवीर शाहीको संयोजकत्वमा माननीय गोपाल शर्मा र माननीय झोवा वि.क. सदस्य रहेको तीन सदस्यीय उपसमिति गठन गरेको थियो । समितिले पेश गरेको प्रतिवेदन समितिमा हामी २०७६ मंसिर ९ गते बसेको यस समितिको बैठकमा पेश गरेको प्रतिवेदन सम्बन्धी छलफल गरी प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरूसँग र सुर्खेतस्थित मिडियासँगसम्बन्धित सञ्चारकर्मीहरूको उपस्थितिमा रकमान्तरसम्बन्धी प्रतिवेदन र यसले औंल्याएका विषयमा जानकारी गराएका साथै प्रदेश सरकारले कर्णाली प्रदेश विनियोजन ऐन, २०७५ मा रहेको कानूनीव्यवस्थाबमोजिम एक शीर्षकबाट अर्को शीर्षकमा १० प्रतिशन नबढ्ने गरी रकमान्तर गर्नु पर्नेमा ऐनको प्रावधानलाई विपरीत केही योजनाहरूको रकमान्तर गरेको देखिन्छ ।

माननीय सभामुख महोदय, बजेट निर्माणको क्रममा सम्बन्धित मन्त्रालय एवम् निकायहरूले बजेटमा प्राथमिकता निर्धारण आवश्यकताको पहिचान पूर्वानुमानमा समेत गम्भीर भएको देखिँदैन । साथै बजेट कार्यान्वयनको लागि मन्त्रालयहरूले आफैं निर्धारण गरेको समय तालिकामा समेत गम्भीर लापरवाही गरेको देखिएको छ ।

माननीय सभामुख महोदय, भौतिक पूर्वाधार विकास मन्त्रालयले विभिन्न जिल्लामा गरेका डिपिआरसम्बन्धी अध्ययन उपसमितिले मिति २०७७ असार २८ गते समितिमा प्रतिवेदन बुझाएकोमा सो प्रतिवेदनले औंल्याएका विषयहरू अध्ययन पश्चात पूर्वाधार विकास कार्यालय अन्तर्गत जम्मा ११६ ओटा डिपिआरमा सोझै खरिद प्रक्रियामा ५९ ओटा डिपिआर गरेको पाईएको छ । खानेपानी सिँचाई तथा ऊर्जाअन्तर्गत १८६ डिपिआर भएकोमा सोझै खरिदबाट ७२ ओटा कार्य गरेको पाइएको छ । डिपिआरसम्बन्धी कार्य गर्न मन्त्रालयले योजनाको सूची तयार गर्ने पूरै योजनाको प्रर्याप्तसमयावधि हुँदा हुँदै पनि नियोजित रूपले योजनाहरूलाई खण्डिकरण गरी विना निष्कर्ष विना प्रतिस्पर्धा र परामर्शदाताहरूलाई फुल दर रेटमा भुक्तानी गरेको पाइयो । जसको कारणले आर्थिक मितव्ययितामा नकारात्मक परेको देखिन्छ । आफ्नै जनशक्तिको प्रयोगबाट ११ ओटा मात्रै डिपिआर गरेको पाइयो। सार्वजनिक खरिद ऐन,

२०६३ को दफा ६ (क) एवं सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १८, ७०र ७१ ले परामर्श सेवा खरिद गर्दा सूचना प्रकाशन गर्ने, सूची तयार गर्ने, सूची अद्यावधिक गर्ने, सूची सार्वजनिक गर्ने र प्रस्ताव आव्हान गर्ने व्यवस्था गरेकोमा अधिकांश कार्यालयले यो पक्रिया अपनाएको देखिँदैन ।

माननीय सभामुख महोदय, डिपिआरको कोभिड १९ को प्रकोपले ती विषयहरूमा स्थलगत अध्ययन गर्न बाधा पुग्यो । हामीले चाहँदा चाहँदै पनि आवश्यक ठान्दा पनि त्यो गर्न सकिएन र समितिलाई मिति २०७६ मंसिर १८ देखि २१ गते सम्म दैलेखको पञ्चकोशी, कोटिला मन्दिर वरिपरी पर्खाल निर्माण, पुरानो बजारबाट श्रीस्थान सम्म पर्यटन सहयोग, महावु सीमाकाँध सिँढी निर्माण, कोतगढी पुरानो बजार कम्पाउण्ड वाल, श्री समाज विकास कृषि सहकारी संस्था महावु ५ मा अनुदानमा बनाइएको बाख्रा पालनको भवन अनुगमनका साथै दैलेख जिल्लामा रहेका सरोरकालवालाहरूसँगको अन्तरक्रिया कार्यक्रमबाट विभिन्न सुभाव तथा बजेट कार्यान्वयनको अवस्था तथा चुनौती लगायतका विषयमा छलफल गरी समितिको भूमिकाअनुसार निर्देशन दिने काम गरियो ।

माननीय सभामुख महोदय, आ.व २०७६ र २०७७ मा मुख्य मन्त्री तथा मन्त्री परिषद कार्यालय कर्णाली प्रदेश सुर्खेतबाट मुख्य मन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री दलित महिला आय आर्जन कार्यक्रम, एकीकृत बस्ती विकास कार्यक्रमको शीर्षकबाट रकमान्तर गरिएको विषय र कर्णाली उज्यालो कार्यक्रमको नाममा कर्णाली प्रदेशका विभिन्न जिल्लाहरूमा विभिन्न स्थानीय तहहरूमा आर्थिक वर्षको अन्त्यमा अर्थात असार ९ र १० गते रु ४० करोड बराबरको रकम निकासाको सम्बन्धमा माननीय मुख्यमन्त्रीज्यूसँग आर्थिक मसान्त सकिनै लाग्दा रकम निकासाको विषय गुणस्तर खर्च गर्न सकिने आधार आर्थिक पारदर्शिता जवाफदेहिता उत्तरदायित्व र योजना छनौटको आधार र प्रक्रिया अवलम्वन गरिएका नीतिगग विषय र अन्य महत्त्वपूर्ण विषयमा जवाफ लिई कानूनी मापदण्ड अनुरूप नभएको हामीले मुख्यमन्त्रीज्यूसँग वसेर छलफल गर्‍यौं,समितिको अफिसमा तरमापदण्ड अनुरूप नभएको र कोभिड १९ को कारणले गर्दा खर्च गर्न समयावधि नहुँदा पनि विनियोजित रकम कहाँ खर्च भएको र यस बारेमासम्बन्धित मन्त्रालयका सचिव लगायत मुख्यमन्त्रीसहित छलफल गरी खर्च विवरणसहित माग गरिने निर्देशन दिइयो ।

माननीय सभामुख महोदय, म लगायत सार्वजनिक लेखा समितिका सबै सदस्यहरूले आफ्नो क्षमताले भ्याएसम्म तटस्थका साथ निष्पक्ष निर्भिक पारदर्शी, जवाफदेहिता, जवाफदेही एवम् अभिवावकिय भूमिका मार्फत इमान्दारीका साथ काम गर्ने सामूहिकप्रतिबद्धता गर्दै कर्णली प्रदेश सरकारको आय र व्ययसम्बन्धी काम कारवाही तथा खर्चका उपलब्धीहरूलाई अध्ययन अनुसन्धान गर्न विभिन्न उपसमितिको गठन गरी प्रतिवेदन दिने काम गर्‍यौं । यस कार्यबाट कर्णाली प्रदेश सरकारलाई सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद ऐन नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड, निर्देशिका, आर्थिक

कार्यविधि ऐन, प्रदेश सरकारले बनाएको विभिन्न ऐन नियम निर्देशिकाबमोजिम गर्न र गराउन निर्देशन दिनुका साथै सरकारले ऐन नियम कानूनभन्दा कार्यविधिहरू बनाएर गर्ने गरेको देखियो । यस समितिले कर्णाली प्रदेश सरकारले स्वच्छ, नियमित, पारदर्शी, जवाफदेही, भ्रष्ट्राचार र अनियमितताको शून्यकारोबार सुदृढ गर्न प्रदेश सरकारलाई सहयोग पुऱ्याउने अपेक्षा गरेको छ । कोभिड १९ को प्रकोपले विश्वभरि नै प्रभाव परेकोले हामीपनि अछुतो रहन सकेनौं । समितिको काम कारवाहीमा प्रत्यक्ष प्रभाव पाऱ्यो । देखिएका भेटिएका र जानुपर्ने योजना स्थलमा स्थलगत अनुगमनको कार्य गर्न सकिएन ।

माननीय सभामुख महोदय, माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यूले समितिको काम कारवाहीमा खेल्नु भएको भूमिकाप्रति आभार एवम् धन्यवाद ज्ञापन गर्न चाहन्छु । समितिको छलफलको क्रममा उठेको प्रसंगहरूलाई सहज र सरल तरिकाले प्रष्ट पार्न भूमिका खेल्नुहुने माननीय मन्त्रीज्यूहरू, मन्त्रालयका सचिवज्यूहरू लगायत अन्य कर्मचारी साथीहरू र विषय विज्ञहरूको रूपमा विभिन्न कार्यालय र क्षेत्रबाट उपस्थित भई यस समितिलाई अझ थप प्रभावकारी बनाउन भूमिका खेल्नुहुने विषय विज्ञज्यूहरूप्रति अत्यन्तै गर्वका साथ धन्यवाद प्रकट गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, साथै सार्वजनिक लेखा समितिको काम कारवाहीलाई प्रभावकारी सुदृढीकरण गर्न, नियमित कार्य सञ्चालन गर्न, सार्वजनिक लेखा समितिको कार्यालयमा अहोरात्र खटिने राष्ट्रसेवक कर्मचारीर प्रदेश सभा सचिवालयको राष्ट्रसेवक कर्मचारीहरूप्रति हृदयदेखि धन्यवाद प्रकट गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, माननीय सभामुख महोदयको अनुमतिले अब म कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १५७ बमोजिम सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन-२०७७ सम्मानित सदन समक्ष पेश गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि संशोधन प्रस्ताव परी अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भए पश्चात निर्णय र प्रतिवेदन कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ११८ मा भएको व्यवस्था अनुसार सभा समक्ष राख्न समितिका अध्यक्ष माननीय श्री गणेशप्रसाद सिंहलाई समय दिन्छु ।

**माननीय श्री गणेशप्रसाद सिंहः-** माननीय सभामुख महोदय, नेपालको वर्तमान संविधानको धारा ५१ (ठ) अनुसार नेपालको ऐतिहासिक सांस्कृतिक पुरातात्त्विक र प्राकृतिक सम्पदाको पहिचान, संरक्षण, प्रवर्धन, एवं प्रचार प्रसारमार्फत राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवम् नीति निर्माण गर्ने, तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने व्यवस्था अनुरूप कर्णाली प्रदेश पर्यटन

सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ प्रदेश सभा सचिवालयमा मिति २०७६ फागुन १४ गते दर्ता भई मिति २०७६ फागुन २० गते सभामा छलफलको लागि टेबुल भएको थियो ।

मिति २०७६ फागुन २३ गते प्रदेश सभामा भएको सैद्धान्तिक छलफल पश्चात मिति २०७६ फागुन २५ मा संशोधन परी थप छलफलको लागि मिति २०७६ फागुन २७ गतेको पाँचौं अधिवेशनको सातौं बैठकको निर्णयबाट सो विधेयक अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन निर्णय भए पश्चात उक्त विधेयक मिति २०७६ फागुन २८ गते यस समितिमा प्राप्त भएको थियो । विधेयकमाथि दफावार छलफल गर्नको लागि समितिको मिति २०७६ फागुन २८ गते, २०७७ असार ७ गते, २०७७ असार १९, २०७७ असार २६, २०७७ आश्विन ५ र २०७७ आश्विन ६ गते समितिको बैठकबसेको थियो।

यस विधेयक माथि थप छलफल गर्न २०७७ असार ७ गते प्रदेश सभा सदस्य माननीय वीरबहादुर शाहीज्यूको संयोजकत्वमा माननीय दानसिंह परियार र माननीय अमृता शाहीज्यू सदस्य रहने गरी विधेयकलाई परिष्कृत गरी पेश गर्न कार्यदिश दिई एक उपसमिति गठन गरिएको थियो । मिति २०७७ असार ६ गते उपसमितिबाट समितिमा विधेयक पेश भए पश्चात सो प्रतिवेदनउपर मिति २०७७ असार १९ र २६ गते समितिमा छलफल गरिएको थियो । यस विधेयकउपर आवश्यक छलफल गर्न उपसमितिको बैठक संख्या ४ गरी जम्मा १० पटक बैठकबसि संशोधन प्रस्तावमाथी व्यापक छलफल गरिएको थियो। कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि यस समितिमा भएको दफावार छलफलमा समितिका माननीय सदस्यज्यूहरूले दिनुभएको सुझाव पश्चात यो विधेयक टेबुल गर्नु भएका माननीय मन्त्रीज्यूहरू, मन्त्रीज्यू, समितिका माननीय सदस्यज्यूहरू, संशोधनको सूचना दर्ता गराउनु भएका माननीय सदस्यज्यूहरू, सम्बन्धित मन्त्रालयका सचिव, यस समितिको सभाहलमा संसद सहयोग परियोजनामार्फत कर्णाली फाउण्डेशनबाट उपलब्ध विज्ञ लगायतका विषय विज्ञहरूसँग छलफल गरिएको थियो । यस विधेयकलाई परिष्कृत रूपमा यस सभासमक्ष पेश गर्न यस समितिमा विभिन्न मितिमा भएका छलफलको क्रममा सक्रिय रूपमा सहभागी हुनु भएका माननीय मन्त्रीज्यू संशोधनकर्ता माननीय सदस्यज्यूहरू, समितिका माननीय सदस्यज्यूहरू, संसद सहयोग परियोजनामार्फत कर्णाली फाउण्डेशनबाट उपलब्ध विषय विशेषज्ञज्यूहरू लगायत अन्य सहभागीहरूले समेत सक्रिय भूमिका निर्वाह गरी राय सुझाव प्रदान गर्नुभएकोमा उहाँहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

साथै विधेयक उपरको प्रतिवेदन तयार गरी महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने समिति सचिवालयका कर्मचारीहरू तथा सम्बन्धित मन्त्रालयका कर्मचारीहरू प्रति धन्यवाद दिन्छु। यसैगरी समितिको काम कारवाहीको सन्दर्भमा मार्गदर्शन, आवश्यक

निर्देशन, समन्वय र सद्भाव प्रकट गर्नुहुने माननीय सभामुख र उपसभामुखज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

माननीय सभामुख महोदय, समितिको बैठकले प्रस्तावित संशोधन तथा अन्य सम्बद्ध विषयवस्तुसहित विधेयकको आवश्यकता महत्त्व र औचित्यको आधारमा देहायबमोजिमको क्रमसंख्या १ देखि ४२ सम्म संशोधन प्रस्ताव सहितको प्रतिवेदन सम्मानित सभासमक्ष पेश गर्ने समितिको सर्वसम्मत निर्णय भएबमोजिम संशोधन प्रस्तावसहितको प्रतिवेदन सम्मानित सभा समक्ष पेश गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सू-व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि संशोधन प्रस्ताव परी अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भए पश्चातका निर्णय र प्रतिवेदन कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ११८ मा भएको व्यवस्था अनुसार सभासमक्ष राख्न समितिका अध्यक्ष माननीय श्री गणेश प्रसाद सिंहलाई समय दिन्छु ।

**माननीय श्री गणेश प्रसाद सिंहः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सू-व्यवस्था गर्न बनेको विधेयक २०७६ प्रदेश सभा सचिवालयमा मिति २०७६ फागुन १४ गते दर्ता भई मिति २०७६ फागुन २० गते सभामा छलफलको लागि टेबुल भएको थियो । मिति २०७६ फागुन २५ गते प्रदेश सभामा भएको सैद्धान्तिक छलफल पश्चात मिति २०७६ फागुन २५ मा संशोधन गरी थप छलफलको लागि मिति २०७६ फागुन २७ गतेको पाँचौं अधिवेशनको सातौं बैठकको निर्णयबाट सो विधेयक अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउने निर्णय भएपश्चात उक्त विधेयक मिति २०७६ फागुन २८ गते यस समितिमा प्राप्त भएको थियो ।

विधेयक माथि दफावार छलफल गर्नको लागि समितिको मिति २०७७ असार ७ गते, २०७७ असार १९ गते, २०७७ असार २२ गते, २०७७ आश्विन ६ गते, २०७७ आश्विन ७ गते, २०७७ आश्विन ८ गते, २०७७ आश्विन ९ गते, २०७७ आश्विन १२ गते, २०७७ आश्विन १३ गते, २०७७ आश्विन १८ गते, २०७७ मंसिर १७ गते, २०७७ पुस २७ गते, २०७७ पुस २८ र २०७७ पुस २९ गते समितिको बैठक बसेको थियो। यस क्रममा जम्मा १५ पटक बैठक बसी संशोधन प्रस्ताव माथि व्यापक छलफल गरिएको थियो । कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सू-व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि यस समितिमा भएको दफावार छलफलमा समितिका माननीय सदस्यज्यूहरूले दिनुभएको सुझावपश्चात यो विधेयक टेबुल गर्नु भएका माननीय मन्त्रीज्यू, समितिका माननीय सदस्यज्यूहरू, संशोधनको सूचना दर्ता गराउनु भएका माननीय सदस्यज्यूहरू, सम्बन्धित मन्त्रालयका सचिव, यस समितिको सभा हलमा संसद सहयोग परियोजनामार्फत कर्णाली फाउण्डेशनबाट उपलब्ध विज्ञलगायतका विषय विज्ञहरूसँग छलफल गरिएको थियो ।

यस विधेयकलाई परिष्कृतरूपमा यस सभासमक्ष पेश गर्न यस समितिमा विभिन्न मितिमा भएका छलफलको क्रममा सक्रियरूपमा सहभागी हुनु भएका माननीय मन्त्रीज्यू, संशोधनकर्ता माननीय सदस्यज्यूहरू, समितिका माननीय सदस्यज्यूहरू, संसद सहयोग परियोजनामार्फत कर्णाली फाउण्डेशनबाट उपलब्ध विषय विज्ञहरू लगायत अन्य सहभागीहरूले सक्रिय भूमिका निर्वाह गरी राय सुझाव प्रदान गर्नु भएकोमा म उहाँहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

साथै विधेयक उपरको प्रतिवेदन तयार गरी महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने समिति सचिवालयका कर्मचारीहरू तथा सम्बन्धित मन्त्रालयका कर्मचारीहरूप्रति धन्यवाद दिन्छु। यसै गरी समितिको काम कारवाहीको सन्दर्भमा मार्ग दर्शन, आवश्यक निर्देशन, समन्वय र सद्भाव प्रकट गर्नुहुने माननीय सभामुख र उपसभामुखज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

माननीय सभामुख महोदय, समितिको बैठकले प्रस्तावित संशोधन तथा अन्य सम्बद्ध विषय वस्तुसहित विधयकको आवश्यकता, महत्त्व र औचित्यको आधारमा देहायबमोजिमको क्रमसंख्या १ देखि ५१ सम्म संशोधन प्रस्ताव सहितको प्रतिवेदन सम्मानित सभा समक्ष पेश गर्ने समितिको सर्व सम्मत निर्णय भएबमोजिम यो संशोधन प्रस्तावसहितको प्रतिवेदन सम्मानित सभासमक्ष पेश गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारको तर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री नरेश भण्डारीलाई कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७७ सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-**माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले सहकारीका मूल्यमान्यता र सिद्धान्त अनुरूप समुदाय वा सर्व साधारण उपभोक्तामा छरिएर रहेको श्रम, सीप, पुँजीलाई एकिकृत गरी समाजमा रहेको गरिबी बेरोजगारी र सामाजिक विभेदको अन्त्य गर्न सहकारी संघ संस्थाहरूको दर्ता सञ्चालन एवं नियमनसम्बन्धी व्यवस्था गर्न कर्णाली प्रदेश सभाले बनाएको कर्णाली प्रदेश सहकारी ऐन कार्यान्वयनमा रहेकोमा ऐन कार्यान्वयनको क्रममा ऐनका प्रावधान संघीय संसदले बनाई कार्यान्वयनमा रहेको सहकारी ऐन, २०७४ समेतको सापेक्षतामा सहकारीसम्बन्धी प्रदेशका संरचना अधिकार र सहकारीको व्यवस्थापन तथा नियमनसम्बन्धी विषयहरू कार्यान्वयन गर्न असहजता भएकाले कर्णाली प्रदेश सहकारी ऐन, २०७५ का केही दफा तथा उपदफाहरू संशोधन र थपघट गर्न आवश्यक भएकोले कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७७, प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेबुल गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश कर्णाली सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक सभासमक्ष टेबुल गर्न समय दिन्छु।

**आन्तरिक मामिला तथा माननीय कानून मन्त्री श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले संविधान प्रदत्त विचार अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चित गर्दै सूचना प्रविधि तथा आम सञ्चारको विकास गरी सर्व साधारण सम्म पहुँच पुऱ्याउन आम सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा आबद्ध जनशक्तिको व्यवसायिक क्षमताको अभिवृद्धिका लागि अध्ययन अनुसन्धान र प्रशिक्षणको व्यवस्था गर्न कर्णाली सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापनाको लागि कानूनीव्यवस्था गर्न वाञ्छनीय भएकोले कर्णाली सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेबुल गर्दछु, धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका तर्फबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री नन्दसिंह बुढालाई कृषि व्यवसाय तथा प्रवर्धनयो उहाँ मन्त्री नभएकोले यो आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कृषि व्यवसाय प्रवर्धनसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभा समक्ष टेबुल गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा माननीय कानून मन्त्री श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा ५१ (ङ) ५ मा कृषकका लागि कृषि सामग्री कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था रहेको संविधानको अनुसूची-६ को क्रमसंख्या २० मा कृषि तथा पशु विकास कलकारखाना औद्योगिकरण व्यापारव्यावसाय र यातायातसम्बन्धी विषय उल्लेख भएको र संविधानको धारा ५७ को उपधारा २ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधानमा प्रदेश कानूनबमोजिम हुनेछ भन्ने व्यवस्था रहेको कर्णाली प्रदेशको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न कृषि योग्य जमिनको सदुपयोगद्वारा कृषिको आधुनिकीकरण, उत्पादनको विविधीकरण, बजारीकरण, सामूहिक खेती प्रवर्धन तथा व्यावसायीकरणबाट उत्पादन वृद्धी गरी कृषि क्षेत्रको समग्र विकास गर्न र खाद्य सुरक्षाको प्रत्याभूति गर्नका लागि कानूनीव्यवस्था गर्न आवश्यक भएकोले कृषि व्यवसायप्रवर्धनसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभासमक्ष टेबुल गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः**-माननीय सदस्यहरू अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई शान्ति तथा पुनर्स्थापना केन्द्र स्थापना गर्न बनेको विधेयक सभा समक्ष टेबुल गर्न समय दिन्छु ।

**माननीय कानून मन्त्री श्री नरेश भण्डारीः**- माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले जनयुद्ध जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनका क्रममा मृत्यु भएका र बेपत्ता पारिएका व्यक्तिका परिवार तथा घाइते अपांग र अशक्त भएका व्यक्तिलाई हेरचाह पुनर्स्थापना र सीपमूलक तालिम प्रदान गरी सहज जीवनयापन गर्न सक्षम तुल्याई दिगो शान्ति स्थापनार्थ कानूनीव्यवस्था गर्न आवश्यक भएकोले शान्ति तथा पुनर्स्थापना केन्द्र स्थापना गर्न बनेको विधेयक प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभासभक्ष टेबुल गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः**- माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि सैद्धान्तिक छलफलको लागि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**माननीय कानून मन्त्री श्री नरेश भण्डारीः**- माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले प्रदेशमा शान्ति सुरक्षा कायम गर्न अपराध अनुसन्धान रोकथाम तथा नियन्त्रण एवम् मानव अधिकारको संरक्षण गर्न प्रदेश प्रहरीको गठन सञ्चालन सुपरिवेक्षण समन्वय व्यवस्थापन नियमनका लागि कानून निर्माण गर्न आवश्यक भएकोले कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनी सभा समक्ष प्रस्ताव गर्छु, धन्यवाद।

**माननीय सभामुखः**- माननीय सदस्यहरू प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री जीवन बहादुर शाही । समय ७ मिनेट।

**माननीय श्री जीवनबहादुर शाहीः**- सम्माननीय सभामुख महोदय, सर्वप्रथम संविधान सभालाई केरे प्रदेश सभालाई हार्दिक धन्यवाद दिन चाहन्छु । दुइटा टिलिक्क टल्केका काला मनिटरहरूबसेका छन् । त्यो रूप रंग राम्रोसँग हेर्न पाईएको छ । त्यसको लागि म सम्माननीय सभामुखमार्फतसबैलाई धन्यवाद दिन चाहन्छु । यसको उद्देश्य केहि होला। एउटा अंग्रेजीमा भनाई छ । भ्याल्यु द पिपुल हु भ्याल्यु यू भनेर भनिन्छ । जब यो संसद संसद जस्तो रहँदैन जब नियम र कानूनअनुसार हामी हिंड्दैनौ भने यो सम्मानित संसद हुन सक्दैन । यो पिपल चौतारी हुन जान्छ । त्यहि ढंगले पनि

हामीपनि त्यहि ढंगले प्रस्तुत भएका छौं सभामुख महोदय र अहिले यो कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको जुन विधेयक माथिको सैद्धान्तिक छलफलमा म उभिएको छु । त्यसैले यो सैद्धान्तिक छलफल माथिको कुरा हामीले गर्नुपर्नेछ र अरु विषयहरू त विशेष समय हामीलाई दिएको भए हामीपनि बोल्थ्यौं होला । यो हामीकानून बनाउँदै छौं र अहिले भर्खरै मैले सुने मन्त्रीज्यूले भन्दै हुनुहुन्थ्यो शान्ति सु-व्यवस्था कायम गर्नका लागि हामी यो ऐन बनाइरहेका छौं यो विधेयक टेबुल गरेका छौं । के यहाँ शान्ति सुरक्षा केही छैन र भन्ने मलाई लागेको छ । शान्ति सुरक्षा त भएकै छ अघि भर्खर यहाँ चाहिँकर्फ्यु जारी गर्नेहरू एउटा संस्था छँदैछ कर्फ्यु जारी गर्दैछ ।

हामी यहाँ बोल्दै छौं । कि यो सदन केहीपनि होइन यो चाहिँएउटा व्यक्तिहरूको झुण्ड हो । हामी यो झुण्ड भित्र बसिरहेका छौं । बाहिर जनतालाई दुःख दिईरहेका छौं भन्ने कुराहरू पनि यो सदनमा न उठेका होइनन् सभामुख महोदय । शान्ति सुरक्षा त भै रहेको छ नि कानूनको किन आवश्यकता हो भन्ने मलाई लाग्यो । होइन भने प्रदेश प्रहरीको गठन गर्नु पर्ने हो भने प्रदेशले आफूले बनाउने नियम अनुसार चाहिँ अगाडि बढ्नु पर्ने होला । मैले यस्तो हेर्छु । यो मुलुकमा त आईजी, यसपछि एआइजी, त्यसपछि डिआइजीको चाहिँदरबन्दीहरू छन् । हिजोको दिनमा जुनबेला कर्णाली प्रदेशको नामाकरण गरी सकिएको थिएन त्यो बेलाचाहिँ एआइजीको कमान्डमा यहाँ राखिएको थियो सभामुख महोदय । एआइजीको कमान्डमा आइजी भन्दा तल एक स्टेप तलको त्यस्को चाहिँकमान्डमा चाहिँ प्रदेश प्रहरी राख्ने भनिएको थियो तर आज आउँदाखेरि डिआईजीको उसमा राखिएको छ । के हामीले, हामीले बनाउने कानून हामीले बनाउन सक्दैनौं र हिजो केन्द्रले गरेको केन्द्रीकृत शासन प्रणाली अनुसार नै हामीले त्यो निर्देशित त्योअनुसारको निर्देशित भएर जानु पर्ने हो भने हामीले यो ऐन किन पास गर्ने भन्ने भनाई चाहिँ मेरो रहेको छ सभामुख महोदय, पुलिसका विषयमा होस् जनपद मात्र हामीले बनाउन पाउने हो यहाँ देखिएको छ चिन्हहरू समेत पनि केन्द्रले तोके बमोजिमको हुनेछ भनी सकेपछि प्रदेश प्रहरी हामीले देख्यौं विभिन्न देशहरूमा जहाँ संघीयता छ भारतको कुरा होला, अमेरिकाको कुरा होला, अष्ट्रेलियाको कुरा होला आफ्ना-आफ्ना जस्तै भारतमा त तपाई हामी अरु ठाउँमा न पुगे पनि भारतमा त हामी सबै पुगेका छौं दिल्ली पुलिस भनेर हुन्छ दिल्ली पुलिसको आफ्नोमहत्त्व हुन्छ ।

त्यसको आइजिपि हुन्छ । हामीले पनि प्रदेशमा हामीले राख्यौं पछि त आइजिपि राख्ने होला तर, यहाँ के गरिएको छ भने यो जाँदा खेरि केन्द्रबाट नै नियन्त्रित हुने र त्यो कुराहरूलाई प्रमुख जिल्ला अधिकारीले नै संचालन गर्ने कुरोमा गएको देखिन्छ । उलाई चाहिँखबर गर्नुपर्ने कुराहरू देखिएको छ भन्ने भोलि हाम्रो त्यो तादम्यता मिल्छ कि मिल्दैन? प्रदेश सरकारको नियन्त्रणमा त्यो रहन सक्छ कि सक्दैन ? आज जुन मन्त्रालयको हकमा चाहिँ यहाँ ठूलो समस्याहरू आएका छन् । मलाई त अहिले सुन्दै

गर्दापनि हाँसो लाग्थ्यो। हामी नेपालीहरूको कल्चर, हामी नेपालीहरूको स्वभाव, हाम्रो राजनीतिक चरित्र गजबको छ। हामी नेपालीहरूसबैको । एउटाको व्यक्तिको कुरा होइन । एकदिन अगाडिसम्म दुई दिन अगाडिसम्म हामी एउटा थालमा सँगै बस्छौं खान्छौं । त्यो थालको जुठो यति मिठो हुन्छ आहा यो पनि मिठो थियो त्यो पनि मिठो थियो एउटै । ती दुई दिनपछि त्यो थालबाट छुटिसकेपछि त्यसमा त किरा थियो, त्यो घिनलाग्दो थियो, त्यो लोभीपापीहरूको थाल थियो भन्ने कल्चरका हामी नेपाली छौं । आज हामी २ मिनेटमै यो भन्न सक्ने क्षमताका हामी नेपाली हुँ हामी वीर नेपालीहरूलाई त्यो पनि सम्मान गर्नैं पर्ने होला । त्यसकारण सभामुख महोदय म भन्न चाहन्छु सैद्धान्तिक कुराहरूमा पनि हामीले बनाउने कुरा चाहिँ यो प्रदेशको नियन्त्रणमा हुने प्रदेश सरकारको नियन्त्रणमा हुने जो सुकै पनि होलान् त्यसमा जानुपर्छ भोलि फेरि यही सिडियोले अल्झाउने र सिडियोले गर्ने कुरा हो भने यो नीतिगत ढंगले अगाडिराख्न राम्रो भएको मलाई चाहिँ लागेन र यसको प्रमुख भनेको प्रदेशमा पनि आइजिपि नै भन्ने चाहिँ हामीले चाहिँ सिर्जना गर्नुपर्छ भन्ने मलाई लाग्छ। यति कुरा अहिलेलाई राख्दै म बिदा हुन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले रोष्ट्रमको बायाँतर्फरहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनु होला । माननीय सदस्यहरू अब माननीय श्री मिनासिंह रखाल । समय ७ मिनेट ।

**माननीय श्री मिनासिंह रखालः-** सम्माननीय सभामुख महोदय, सर्वप्रथम त मैले किताब मै टिप्पणी गरें । यो किताब भनेको कानूनसम्बन्धी प्रदेश प्रहरीको सचेत, अनुशासितको लागि बनेको विधेयक हो । अनि यो चाहिँ सांसदहरूले पढेर यसमा छलफल गरेर अनि यसलाई कानूनको रूपमा पारित गर्ने किताब यो किताबहोइन मैले यसलाई के भन्छु भने पात्रो । यसको यहाँ अगाडि हेर्ने हो भने यो कुन मन्त्रालयबाट आएको हो भन्ने कुरा पनि थाहा छैन। हामीले यो मन्त्रालय हेर्नको लागि भित्र हेर्नुपर्छं । जहाँ चाहिँ मन्त्रीज्यूले चाहिँ सिग्नेचर गर्नु भाछ । त्यसपछि तल चाहिँ आन्तरिक मामिला तथा कानून मन्त्रालय भनेर लेख्याछ। यो किताब त सदनमा प्रस्तुत हुने किताब अथवा सदनमा पेश गर्नुपर्ने किताबमा त यहाँ बाहिरै आन्तरिक मामिला कानून मन्त्रालय लेख्नुपर्थ्यो होला नि त ? या चाहिँ पाइएन । अनि यो किताब मलाई कस्तो लाग्छ भने सम्पूर्ण माननीयहरूलाई अपमान गरेर पात्रो बनाएर ल्याएको जस्तो लाग्छ मलाई यो पात्रो नै हो । हामी यसलाई पात्रो भन्छौं किन भने यो स्टिचिङ लगाएको छ, दुइटामा त स्टिचिङ छ । अनि यो स्टिचिङ दोहोरो भैदिएको भा सायद अझ बलियो पनि हुन्थ्यो होला यो स्टिचिङ एकोहोरै छ यो एक एक ओटा पाना फुत्केर गयो भने यहाँ के पढ्ने

? अनि यो सुरक्षित पात्रो होइन के । अनि यो पात्रोलाई किताबको रूपमा ल्याउनु पर्थ्यो ।

एउटा कुरा अर्को कुरा म यहाँ संसद सचिवालयले पेश गरेको यो कार्यसूचीमा पनि मेरो टिप्पणी छ । अब यहाँ चाहिँ धमाधम विधेयकहरूटेबुल भएको छ । अब हुनसक्छ मन्त्री एउटै भाको कारणले उहाँले टेबुल गर्ने भाको हुनाले यो सरसर कमा दिँदै लेख्दै, कमा दिँदै लेख्दै गरी राख्याछ के । त्यसो होइन मलाई जहाँ सम्म लाग्छ कर्णाली प्रदेश सरकारी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०७७ भनेपछि त त्यहाँ पूर्णविराम भएर फेरि अर्को सुरु हुनु पर्छ नी । यहाँ सरासर लेखिराछ के यो कस्तो हो भनेपछि आफैले बुझ्नु पर्ने रे । संसद सचिवालयले पनि कार्यसूची बनाउँदाखेरि बुझ्ने गरेर लेखिदिए के हुन्छ त । जस्तै विधेयकहरूटेबुल हुने गरेर त्यसलाई चाहिँहामीले माथि सार्वजनिक लेखा समिति वार्षिक प्रतिवेदन भनेर त्यसलाई एक भनेका छौं । अनि कर्णाली प्रदेश पर्यटनसम्बन्धी व्यवस्था भनेको दुई भनेका छौं । अनि विधेयकहरूटेबुल हुने भनेपछि यसलाई तीन भनौं त्यसपछि क मा कर्णाली प्रदेश सम्बन्धी ऐन पचहत्तरलाई सम्बोधन गर्ने विधेयक भनौं त्यसपछि ख भनौं अनि कर्णाली सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान भनौं त्यस्तै ग भनौं घ भनौं त्यसरी लैजाऔं न । यो सरासरी कमा दिँदै कमा दिँदै यसले अलि अर्थ लागेन भन्ने मेरो टिप्पणी हो ।

अर्को कुरा जुन विधेयक आछ यो विधेयकहरू हाम्रो संविधानतः आउनु पर्ने विधेयक पनि हो । कर्णाली प्रदेशमा प्रहरीको सुशासन प्रहरी भित्रका कति अनैतिक छन् कति नैतिक छन्, कति सुशासन छन् भन्ने कुरा चाहिँ प्रहरीहरूको पनि आम प्रहरीहरूको चाल चलन र व्यवहारले पनि थाहा पाउनु पर्ने कुराहरू हो । नेपालको संविधान भाग २८ राष्ट्रिय सुरक्षासम्बन्धी व्यवस्था गरेको २०६८ नेपाल प्रहरी सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुशासन सँगठनसम्बन्धी व्यवस्था र संघमा नेपाल प्रहरी सशस्त्र प्रहरी बल नेपाल र अनुसन्धान विभाग रहनेछ तर प्रदेशमा प्रत्येक प्रदेशमा प्रहरी सँगठन रहनेछ भन्ने हाम्रो संविधानमा भए अनुसार आज यहाँ प्रहरीको विधेयक आएको छ । यसलाई हामीले सरसर्ती पढेका छौं र यो सबै पूर्ण छैनन् । यसमा पनि भित्र केही त्रुटिहरू छन् । यसमा हाम्रो संशोधन हाल्नु पर्नेछ । सैद्धान्तिक यो सैद्धान्तिक हो तर हामीले त्यसको दफावार छलफलमा पनि हामीले बोल्नुपर्ने होला । त्यसरी यसलाई मैले धेरै त्रुटि भएका कुराहरू यहाँ देखाइन र प्रत्येक व्यवस्था गरे अनुसार कणाली प्रदेश प्रहरी सेवा सम्बन्धमा बनेका विधेयक हामीले प्राप्त गरेका छौं । यो विधेयक माथि १०६ सम्मको क्रमसंख्या छ । यसको अन्तिम संख्या नियम बनाउने अधिकार भनेर यसलाई अन्तिम बनाइएको छ । भनेपछि एकबाट प्रादेशिक व्यवस्थापन अन्तर्गत बनाइनेकानूनको प्रकृतिको सीमा भनेको छ ।

त्यसै गरेर प्रहरी विभाग र महासंघ प्रहरीको संरचना सँगठन आर्थिक सामाजिक नियुक्ति सरुवा बढुवा प्रहरी सेवा प्रहरीले पाउने उपचार खर्च शैक्षिक वृत्ति, अशक्त वृत्ति

प्रहरीले पाउने सुविधा प्रहरी कल्याण कोष, राजनीतिमा भाग लिन नहुने कानून विपरीत विवाह गर्न नहुने, घरायसी कामकाजमा खटाउन नहुने, यातना दिन नहुने,सरसफाइको मौका दिनु पर्ने, प्रदेश सुरक्षाकर्मी र प्रचलित कानून लागु हुने भनेर १०६ मा धेरै शब्दहरू हालेर लेखेको छ र यसलाई व्याख्या र विश्लेषण गर्दाखेरि हामीले अझ घनीभूत छलफल गर्नुपर्ने र यसलाई हामीले संशोधन हाल्नु पर्ने पनि मैले देखेको छु र जहाँ हामी प्रहरीप्रति आस्था गरेका हुन्छौं र हाम्रो सामान्य सामान्य जनताहरूले के आशा गर्छन् भनेपछि हाम्रो छोराछोरी डाक्टर बनाउन सकिदैन । हाम्रा छोराछोरी इन्जिनियर बन्न सक्दैनन्, हाम्रा छोराछोरी ठूलाठूला पाईलट बन्न सक्दैनन्, हाम्रा छोराछोरी हुने प्रहरी नै हो र यस्तो प्रहरी बनाउँदा खेरि पनि यी प्रहरी ऐन कानूनले त दिएको छैन होला तर पनि व्यक्तिगत आचरणले हाम्रा प्रहरी हुने भाई छोराहरूले लिनादिनाको काम गर्नु पर्ने ठूलाठूलाको चाकडी गर्नु पर्ने त्यस्तो किसिमको कानूनहामीभित्र भएको हुनाले यो प्रदेश सरकारले त्यस्ता कानूनलाई पनि अवज्ञा गरेर हामीले हाम्रा छोराछोरीहरू सहजै त्यस ठाउँमा पुग्ने गरेर लोक सेवा आयोगको व्यवस्था गरेको छ । ती लोक सेवा आयोगमा सहज तरिकाले पुग्ने गरेर पनि यसको कानून बनोस् । यो जुन विधेयक आएको छ ढिलै आएपनि ठिकै लाग्छ तर यो मैले यसलाई पात्रोको रूपमा लिएँ । अब आउँदा किताबको रूपमा आओस् भन्दै मन्त्रालयलाई शुभकामना दिँदै बिदा हुन्छु हवस्, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री ठम्मरबहादुर विष्ट (समय ७ मिनेट) त्यसपछि माननीय श्री यज्ञबहादुर वि.सी. तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री ठम्मरबहादुर विष्टः-** सभामुख महोदय, हामी प्रदेश प्रहरी विधेयकको विषयमा हामी छलफल गर्दैछौं र यसमा थुप्रै विषयहरू अब यहाँ उल्लेखित भएको छ तर यो सरसर्ती हेर्दाखेरि यसको लेटर एण्ड स्क्रिप्ट हेर्दा के देखिन्छ भने बढी यो नियम कानून र तौर तरिका कसरी यसलाई सँगठनलाई फङ्सनेवल बनाउने भन्ने कुरासँग बढी सम्बन्धित छ तर हामीले प्रदेश तहमा प्रहरीको सिस्टमलाई कसरी विकास गर्ने भन्ने कुराको यसमा अभाव देखिन्छ । त्यसो भएको हुनाले पहिलो कुरा यतातिर हामीले ध्यान दिन जरुरी छ जस्तो मलाई लाग्छ । यद्यपि मन्त्रालयले यसमा मेहेनत गरेर ठुलै बुक तयार गर्नुभाछ तर, यसको चाहिँस्क्रिप्ट त्यो राखियो भने यसमा चाहिँ सुनमा सुगन्ध हुन्छ भन्ने मलाई लाग्छ । अब हामीले यो संघीयता आइसकेपछिको पहिलो एउटा गिफ्ट भनेको प्रदेश प्रहरी हो । नेपालको उत्पत्तिदेखी विश्वकै उत्पत्तिदेखी पहिलो हामीचाहिँ यो गर्दैछौं यसरी हेर्दाखेरि । त्यसो भा हुनाले अब फस्ट इम्प्रेस इज लास्ट इम्प्रेस भन्या जस्तो यसलाई कसरी हामीले प्रभावकारी बनाउने र मुख्य कुरा जस्तो पुलिसको अहिलेसम्म समस्या आएको भनेको मेकानिज्मको समस्या हो । कसरी कुन तौर तरिकाबाट पुलिसलाई सञ्चालन गर्ने भन्ने मुल प्रश्न हो । त्यसकारण त्यो कुरा यहाँ

उल्लेख गर्न जरुरी हुन्छ । जस्तो, हामीले सुनिराखेका छौं सानो सानो कुराहरू पुलिसले कोही मन्त्रीको भात पकाइ राख्याछ अथवा अफिसरको यो भात पकाइराख्याछ ।

कुरा त सानो सानो हो । लेनिनले भन्नुहुन्थ्यो क्रान्ति सानो कुरा होइन तर सानो सानो कुराबाट सुरु हुन्छ भनेजस्तै विद्रोह गर्नु या यसको साइडइफेक्ट चाहिँ सानो सानो कुराबाट सुरु हुन्छ भन्ने जस्तो आउँछ । त्यस्तै हामीले हेरिरहेका छौं । प्रदेशमा हामीले जस्तो अहिले जे संघमा जे खालको चाहिँतपाईको एउटा विषयहरू छ त्यसलाई हामीले क्रस गर्न सक्छौं कि सक्दैनौं ? एआइजी हुँदा अथवा आइजिपि हुँदा तपाईको सुटकेस लिएर जानुपर्ने भनेकै छन् त अफिसरहरूले रिटायर्ड अफिसरहरूले, बहालवाला अफिसरहरूले पनि भनेकै छन् । त्यो कुराको हामीले कसरी अन्त्य गर्ने भन्ने कुराको यहाँ एउटा हामीले यसको मेकानिज्म कसरी बनाउने देखि लिएर कैयन कुरा छन् जस्तो पुलिसको विदेश पठाउने शान्ति सेनामा पठाउने कुराहरू होला । सरुवा कुरा होला बढुवा कुरा होला अब अहिले सरुवा बढुवा हुने कुरा केवल मन्त्रीका मान्छे र पुलिसका अफिसर बाहेक कसैको सक्दैन । उहाँहरूले हवाला दिंदा के भन्नुहुन्छ, हैन यो सिस्टममा गर्ने हो तर एउटा जनताको छोरो रोग लागेर कुनै चाहिँतपाईको हुम्लामा या कुनै मधेसमा चाहिँ कुहि राख्या हुन्छ उसको घर पायक वा कुनै ठाउँमा सरुवा हुँदैन । जो कामचोर हुन्छन् प्रायः अनि उनीहरूको चाहिँ सरुवा भै राखेको हुन्छ । जो मन्त्रीका नजिक छन् आसेपासे छन् । अहिले त यो पनि समस्या आइसक्यो नि तपाईको अब कसरी पुलिसलाई सञ्चालन गर्ने भन्ने पनि प्रश्नहरूआइसक्यो । त्यसकारण अब यो हेर्दा कसरी यो कपी पेष्टकै रूपमा हामीले पुलिस सञ्चालन गर्ने मात्रै सोच्यौं भने यो चाहिँतपाईको इफेक्टिभ हुँदैन ।

त्यसैले यसलाई प्रदेशको रंग दिने गरेर हामीले यसलाई विकास गर्न सक्यौं भने वास्तवमा पुलिसको हामीले केही गरेर अगाडि जान सक्छौं । अब त्यस्तै तपाईको जस्तो प्रहरीको ३० वर्ष रिटायर्डको कुराहरू त्यहाँ राखिएको छ अहिले पनि । अब आइ ए पास गर्छ एउटा पुलिस तपाईको एक वर्ष उसले ट्रेनिङ गरेपछि ऊ खरदार सरहको उसले चाहिँतपाईको प्रमोशन पाउँछ । त्यहि आइए पास गर्दा सेनामा जाँदा ऊचाहिँ अफिसर लेवलमा जान्छ । त्यहि आइए पास गर्दा निजामतीमा जाँदा सुब्बा सरह जान्छ । भन्या त पुलिसको त ढाड त भाँचियो । त्यसकारण पुलिसलाई कसरी चाहिँतपाईको उनीहरूलाई आफ्नो काममा प्रोत्साहित गर्ने भन्ने कुरापनि जसरी अहिले संघले यो डामाडोल खालको बनाई राख्या छ अहिले सम्मको जो हामीले हेर्दाखेरि । त्यसकारण अब हामीले संघलाई गाली गर्ने ठाउँमा अहिले हामी छैनौं । हामीले प्रदेशको यो तरिकाबाट कसरी अगाडि बढ्ने ?भन्ने कुराको यहाँ त्यतातिर पोइन्ट यहाँ उल्लेख भएको मैले देख्दैन । अब अघिपनि कुरा उठ्यो यहाँ जस्तो अब कमसेकम तपाईको डिआइजीको कमान्डमा सम्म हुनुपर्थ्यो के प्रदेशको प्रहरी परिचालन । अब डिएसपीले कमान्ड गर्ने प्रहरी कस्तो हुन्छ ?अब एसपी एसएसपी पनि केन्द्रबाटै बढुवा

हुने किन उहाँहरू त दानापानी जहाँ हो जहाँ विल्ला लाग्ने हो त्यतैतिर उहाँहरूचाहिँतपाईको सरोकार राख्नुहुन्छ । त्यसकारण आन्तरिक मन्त्री कानून मन्त्री गृह मन्त्रीलाई यहाँ टेर्नु पर्ने किन ?अब डिआइजी खटाइएको छ, काम सबै खटनपटन आदेश माथिबाट आउँछ, तर यहाँबाट चाहिँतपाईको परिचालन गर्दा संयोजन गरिदिनु पर्ने भन्ने कुराहरू आको छ । यो हास्यास्पद कुरा छ ।

त्यसकारण यो त यो प्रहरी संयोजन नै भएन । तल हल्दार लिएर पनि तपाईको संयोजन हुन्छ तपाईको त्यसकारण हामीले फ्रेडालिज्म इज द सिस्टम अफ गभर्मेन्ट ह्विच द पावर इज डिभाईडेड विटवीन सेन्टर एण्ड भेरियस कन्स्टिटसन यूनिट भनेर जो हामीले यसको मर्म चाहिँसंघीयताले भन्छ सेम प्रुभ र सेड्डुअलको कुरा गर्छ । एउटा ग्रेट एण्ड ग्रेट प्रफोसल सिस्टमको कुरा गर्छ यो त हुँदै भएन नि । यस्तो संघीयताको हामीले परिकल्पनै गरेको होइन । अब घुमाई फिराई फेरि यहाँ के व्याख्या गर्नु भाछ अब फेरि उही माननीयले मुख्यमन्त्रीले अथवा चाहिँ यहाँको गृह मन्त्रीले सिडियोबाट सिफारिस लिएर जानु पर्ने । सिडियो भन्ने शब्द किन राख्नुपर्‍यो? त्यो शब्दै हटाउनु पर्छ पहिलो कुरा त प्रदेशको । यत्ति पनि हामीले हिम्मत गरेनौं । उही कपी पेष्ट । त्यहाँ त हजारौं मान्छे मारिएका छन्,सिडियोको चाहिँ कार्यालय भित्र, हजारौं मान्छे तपाईको मुद्दालाईएका छन्। जनयुद्ध जनआन्दोलन त्यो मान्छेले सालिक किन ढाले राजाको भन्दाखेरि त्यो राजासँग कुनै दुस्मनी भएर होइन कि त्यो संस्थाले पनि एउटा मान्छेको दिमागमा पर्छ भनेर गरेको।

अब फेरि उही सिडियो अनि लेखिएको के छ भने यसमा तपाईको सिडियोको चाहिँतपाईको कमान्डमा शान्ति सुरक्षा जिल्लामा गर्ने । अब यो यति धेरै दुःख गर्नेभन्दा त्यही अब ठिकै छ त त्यै केन्द्रीयकमान्डमा डिआइजी छँदैछ सिडियो तल चाहिँ संघकोमा छँदैछ त्यहीँ दिएँ भैगो त । त्यसकाराण कि हामीले क्रस गर्न सकेनौं अथवा यसको लागि हामीले डिल गर्नु पर्ने के हो ? कि गर्ने नमिल्ने हो कि ? यो त अथवा ऐन बनाउँदा कानून बनाउँदा खेरिचाहिँहामीले किन चाहिँतपाईको सरकारले चाहिँ कोडिनेशन गरेन।किन सरकार इफेक्टिभ भएन ? यस्तो लज्जास्पद खालको चाहिँतपाईको चाहिँ समायोजनको अब एउटा डिएसपीको कमान्ड लिएर प्रदेश सरकार चाहिँ चल्छ भने हामीले विश्वका प्रहरी सञ्चालनका इटली तपाईको चाइना यूएसएका कुराहरूहामीले हेर्‍यौं भने हामीले संघीयतै भएका देशमा हेर्‍यौं भनेपनि प्रहरीको परिचालन कसरी गर्नुपर्छ ? स्वायत्त प्रहरी परिचालन हुन्छ । माथिको त कोडिनेटिङ मात्रै हो । यहाँ त कोडिनेटिङ मात्रै नभएर तलै जाउँ जान त तर चाहिँतपाईको कति कुन अफिसर लेवलसम्म जाने भन्ने पनि छैन । त्यसो भा हुनाले यो पढ्दै गर्दा के छ भने एउटा सिस्टम र प्रहरीलाई कसरी सञ्चालन गर्ने बढुवा सरुवा यसो त्यसो भन्ने कुरा छ तर प्रदेशको नर्म्स मलाई प्रदेशको यहाँ स्प्रीटमा मैले चाहिँ कतै पनि त्यस्तो कुरा भेटाउन सकिन । त्यो कुरा अब यहाँ चाहिँ उल्लेख हुन सक्छ कि सक्दैन । यो

कुरामा चाहिँतपाईको विशेष चाहिँ म मन्त्रीज्यूको म ध्यानाकर्षण गर्न चाहन्छु । त्यसकारण मैले अन्तमा जोड दिएर भन्न चाहन्छु कि यसलाई अलिकति परिष्कृत गरेर हामीले प्रहरीलाई साँच्चिकै नै हामीले व्यवस्थित बनाउने हो उत्तरदायी बनाउने हो भने अलिकति यहाँ एउटा कुरा के पनि छुटेको छ भने पुलिसलाई उत्पादनसँग जोड्ने कुरो काहींपनि उल्लेख गरिएको छैन । त्यो कुरापनि यहाँ लेख्नुपर्छ ।

एक्काइसौं शताब्दीको पुलिस कयौं देशहरू आज पन्ध्र बीसओटा देशमा त विश्वको पुलिस नै छैन बाबा । पन्ध्रओटा देशमा त एटलिष्ट पन्ध्र देशमा त विश्वको पुलिसै छैन त पुलिस नहुँदाखेरि पनि चल्छ कयौं विकसित देशहरू छन् । त्यसकारण पुलिस त बनाउने तर प्रहरीलाई सुरक्षाको साथसाथै एउटा सिस्टममा विकास गर्ने र उत्पादनसँग पनि जोड्ने। नम्बर २ नेपालमा रहेको करप्सन र पुलिस एउटा सिस्टम यहाँ के तोड्न जरुरी छ भने हेर्नुस् अहिलेसम्मको पुलिस प्रशासन के मा आधारित छ भने मन्त्री मिल्छ अथवा जनप्रतिनिधि मिल्छ, पुलिस मिल्छ अदालत मिल्छ, वकिल मिल्छ र तपाईको त्यहाँ भ्रष्ट्राचार भई राख्या छ । यो कुरा धेरै नोटेवल कुरा छ है भने अब सरकारसहितको, जनप्रनिधिसहितको, पुलिससहितको करप्सन । एउटा बलात्कार केस हुन्छ करोडौं रुपैंयाको बाहिर घोटाला हुन्छ । दुई लाख अथवा एक लाख चाहिँ एउटा महिलाले पाउँछिन् । अथवा अरु कुनै पुरुषकै कुरा कुनै चाहिँतपाईको अरु कुनै ठूलाचाहिँआपराधिक काण्डहरू हुन् यसरी भै रहेको अवस्था छ र अत्यन्तै शान्ति सुरक्षा प्रहरी प्रति मान्छेको विश्वास खस्किँदै गएको छ। अब प्रदेशमा हामीले कसरी त्यो कुरालाई विल्डअप गर्ने । प्रदेशको अलग हो है हाम्रो । हाम्रो लोगो अलग हो, हाम्रो स्प्रिट अलग हो भनेर कसरी दिने ? त्यो दिन सकेनौं भने फेरि त्यसो भएर यस्तो ढंगले हामी जानुपर्छ । यी कुराहरू मैले सभामुखमार्फत ध्यानाकर्षण गरैं, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री यज्ञबहादुर विसी (समय ७ मिनेट) त्यसपछि माननीय श्री सोशिला शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री यज्ञबहादुर वि.सी.-** सभामुख महोदय, सातौं अधिवेशनको तेस्रो बैठकमा कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ को सैद्धान्तिक छलफलमा भाग लिन उपस्थित भएको छु । सभामुख महोदय, प्रदेशमा शान्ति सुरक्षा कायम गर्न अपराध अनुसन्धान रोकथाम नियन्त्रण तथा मानव अधिकार संरक्षण गर्न प्रदेश प्रहरी गठन गर्ने संचालन सुपरिवेक्षण र समन्वय व्यवस्थापन र नियन्त्रण गर्नका लागि कानूनीव्यवस्था गर्न प्रदेश सरकारले यो विधेयक जुन ल्यायो र सभामुख महोदय तर यो विधेयक अझै अगाडि आउनु पर्थ्यो ढिलै भए पनि प्रदेश सरकारले महत्त्वपूर्ण विधेयक ल्याएको छ । म प्रदेश सरकारलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु र प्रदेश सरकारले संघीयताको प्रारम्भ पश्चात तीनै तहका स्थानीय सरकार प्रदेश सरकार र संघीय सरकार अन्तर्गत प्रदेश सरकारले प्रदेश प्रहरी गठन गर्न पाउने जुन अधिकार छ, त्यो अनुसार आज जुन हामी विधेयकमाथि सैद्धान्तिक छलफल गर्न

लागिरहेका छौं । जुन विधेयकमा १३ परिच्छेद र १०६ दफाहरूव्यवस्था गरिएको छ र यो व्यवस्था अनुसार नियमन देखि लिएर बढुवा सरुवा गठन प्रक्रिया सबै कुराहरूको व्यवस्थापन पक्ष जुन यहाँ व्यवस्था गरिएको छ । त्यो अनुरूप अझै मलाई जहाँसम्म लाग्छ । सभामुख महोदय, प्रदेश सरकारले संघीयकानूनबमोजिम प्रदेश प्रहरी गठन गर्ने जुन प्रक्रिया यहाँ अगाडि बढेको मलाई महसुस भएको छ । जस्तो अवकाश गर्नका लागि पनि संघीयकानूनबमोजिम भनेर उल्लेख गरिएको छ । त्यस्तै सेवा अवधी जुन २० वर्ष तोकिएको छ, त्यो सेवा अवधी पनि संघीयकानून बमोजिम हुने कुरा उल्लेख गरिएको छ । सभामुख महोदय, प्रदेश सरकारले प्रदेशको भौगोलिक बनौट अनुसार र प्रदेशको अवस्था अनुकूल शान्ति सूव्यवस्था कायम गर्न र प्रदेशका जनताहरूलाई सू-शासनमा ल्याउन वास्तविक प्रदेश प्रहरी गठन गर्ने जिम्मेवारी दायित्व संघीय अवधारणा अनुसार प्रदेश सरकार कै हो जस्तो मलाई लाग्छ । सबै कुराहरूसंघीय सरकार कै नीतिगत कुरामा हु-बहु किसिमको विधेयक नै हामीले ल्याएर ऐन बनाउने हो भने त्यै कुरालाई आत्मसाथ गरेर हामी अगाडि बढ्ने हो भने सभामुख महोदय वास्तविक यहाँ प्रदेश यो सभा प्रदेश सरकारको औचित्य नरहने कुरा पनि म यहाँ राख्न चाहन्छु । सभामुख महोदय, अर्को अन्तिम प्रदेश प्रहरी गठन गर्दा समावेशी र खुल्ला प्रतिस्पर्धाको आधारमा कर्णाली प्रदेशभित्र स्थायी बसोबास गर्ने व्यक्तिहरूलाई प्राथमिकता दिने व्यवस्था पनि यहाँ समावेश हुनुपर्छ भन्ने कुरा राख्दै मेरो भनाई अन्त्य गर्छु हवस्, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री सोशिला शाही ( समय ७ मिनेट) ।

**माननीय श्री सोशिला शाहीः-** सभामुख महोदय, यस कर्णाली प्रदेशको प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रविधि विज्ञान तथा प्रविधि विद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न भनी लगेको विधेयक दुवै उत्तिकै आवश्यक र महत्त्वपूर्ण छन्। विशेष गरी जसले कर्णालीका हिमाली जिल्लाहरूको बहुमूल्य जडीबुटी, वन पैदावार र जैविक विविधता लगायत अन्य प्राकृतिक स्रोत साधनसम्बन्धी अध्ययन अनुसन्धान गर्न र खेर गै रहेका बहुमूल्य जडीबुटी खनिज पदार्थको अध्ययन अनुसन्धान गर्दै दक्ष जनशक्ति उत्पादन गर्नका लागि अग्रिम शुभकामना दिन चाहन्छु । यस्ता बहुमूल्य विधेयक ल्याउँदै गर्दा अध्ययनका लागि जुन प्रर्याप्त समय हुनु पर्ने हो त्यो भई रहेको छैन । यस्ता खालका विधेयक बनाउने र पारित गर्ने मात्र सीमित नभई यसले आगामी दिनहरूमा उच्च प्राथमिकताका आधारमा दक्ष जनशक्ति उत्पादन गरोस् । सभामुख महोदय, विशेष गरी विश्व महामारी फैलिएको कोरोना भाइरस कोभिड-१९ को महामारी मध्यनजर गर्दै प्रदेश भरिका स्वास्थ्य संस्थामा समस्यामा जनताको उपचारको लागि सहज र आवश्यक सामग्री जुटाउनको लागि प्रदेश सरकार तल्लीन रहन समेत ध्यान गराउन चाहन्छु । सभामुख महोदय, कुराहरू लगभग यसमा लेखेका कुराहरू

आइसकेका छन् तर पनिआफ्नो मनमा लागेका कुराहरू भन्न गइरहेकी छु । सभामुख महोदय, कहिले सदनलाई चौतारी भनिन्छ।

कहिले बस्ने कुन स्थान हो ? कुन के हो ? जाने बुझेको मान्छेले र सोच्ने मान्छेहरूले पनि के भन्लान् बाहिर ? जस्तो सभामुख महोदय, त्यति त मैले बुझेको छैन तर बुझ्ने प्रयास चाहिँ गरी रहेको छु । ३ वर्षको अन्तरालमा मैले सिटै फेरेको लगभग ५ ओटा जति भयो । सभामुख महोदय, मैले गल्ती गरेकै छु तर अँझैपनि फेरिने हो कि भन्ने चिन्ता त अझै पनि लागि राख्याछ मलाई । अब कहाँ फेरिने हो त्यो पनि थाहा छैन। कम्प्यूटर एकचोटि बनाउने भनिन्छ दलको कार्यालय दिइयो कम्प्यूटर बनाउने भनिन्छ । उहाँ गइन्छ सभामुख महोदय त्यहाँ गएपछि कम्प्यूटर पनि बनाईदैन । तर आज विधेयकको छलफल हो त्यो मलाई थाहा छ तर त्यो मैले प्रर्याप्त मैले त्यो अध्ययन गर्न नसकेको कारणले दुइटा दुइटा विधेयक भएको कारणले अध्ययन पूरा भएन त्यसको लागि म आफैं गल्तीको महसुस भनौं अब प्रर्याप्त भएन त्यो समय तर प्रर्याप्त हुनु पर्थ्यो । के को लागि चित्त बुझेन सभामुख महोदय, यो चालिस जना सांसद छौं हामीहरू यहाँ । चालिस जना सांसद भएको ठाउँमा हामीले एकदम जसरी हामी यो भित्र पसेका थियौंर त्यसैगरी खुसीका साथ यहाँबाट बाहिर जाउँला भन्ने सोच थियो र छ पनि । अझै पनि केही विग्रेको छैन तर, चाहिँ समय मै यस्ता कुराहरू बाहिर नजाउन जनताले के भन्लान् भोलि । के भनेर हामीले त्यो त्यसको उत्तर दिने ? जनताले मूल्यांकन गर्छन् । धेरै माननीय मन्त्री भै सक्नु भाछ हजुर प्रतिनिधि सभामा हैन भै सक्नु भाछ । त्यै पनि आफूले गर्नु पर्ने के हो त्यो थाहा पाउनु पऱ्यो ।

**माननीय सभामुखः**-बस्नुस् माननीय सदस्य समय सकिएको छ । उहाँले लेखेर ल्याउनु भएको थियो त्यसैले मैले बीचमा उहाँको विषयलाई क्रस नगरेको हो । सक्नुस् माननीयज्यू।

**माननीय सोशिला शाहीः**- त्यसो भएको हुनाले आजबाट त्यस्तो नहोस् भनेको हो मैले अब त्यो हजुरलाई मात्रै भन्न खोजेको होइन । त्यस्तो नहोस् भन्न खोजेको हो त्यसको लागि कुनै गल्ती भए क्षमा दिनुहोला । जान्नु भएको मान्छे हुनुहुन्छ के रे हैन । हामी नजानेका मान्छे अब त्यसकारणले नाटक नाटकै गरे जस्तो लाग्यो हजुरहरूलाई हैन ।

(उपसभामुखः समय सकिएको छ) नाटकै गरेजस्तो लाग्यो हजुरहरूलाई अब बोल्नु पर्ने शब्द त बोल्नु पऱ्यो नि हजुरहरूले बताइदिए हामीलाई चाहिँहामीले सुन्नुपर्ने अनि हजुरहरूले बताए हाम्ले बोल्दाखेरि हजुरहरूले उ गर्नु पर्ने हो । (सभामुखः- माननीय सदस्य समय सकिएको छ) हवस् सभामुख महोदय धन्यवाद, जय राष्ट्रवाद ।

**माननीय सभामुखः**- माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि सैद्धान्तिक छलफलको क्रममा माननीय

सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, यो संविधान प्रदत्त यो शान्ति सुरक्षालाई प्रभावकारी बनाउने यसको नेतृत्व गर्ने जिम्मेवारी प्रदेश सरकारको हो । खासगरी यो कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक यो बहु प्रतीक्षित विधेयक पनि हो यो । यो हामीले प्रदेश सरकारले यो विधेयकलाई प्रदेश सभाको बैठक खास गरी यो प्रदेश सभको गठन लगत्तै यो सम्मानित यो सदनमा हामीले यो टेबुल गर्ने यसबाट पारितको प्रक्रियालाई शीघ्रतीव्र तुल्याउने, अब यसलाई परिपक्क व्यावहारिकपरिष्कृत र परिमार्जित तुल्याउने त्यो स्वरूपमा यसलाई पारित गर्ने प्रदेश सरकारको यो उद्देश्य यो आकांक्षा यो चाहना रहेको थियो । खास गरी अब संघीय यो सरकारले निर्धारण गरेका मापदण्डहरू र मार्ग निर्देशनमा केही अधिकारहरू साझा भएको कारणले गर्दाखेरि प्रदेशमा संघीय सरकारले यो सँगसम्बन्धित विधेयक ल्याउन विलम्व गरेको अझै पनि संघीय प्रहरी ऐन पारित न भै सकेको स्थिति भएको हुनाले हामीले यो प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पारितका लागि हामीले यो अगाडि बढाउन केही कठिनाइहरू हाम्रा पैदा भयो ।

केही बाधाहरूचाहिँ उत्पन्न भए र अहिले पनि खास गरी दुईटा विधेयकहरूसंघीय सरकारले पारित गरेको समायोजनसँगसम्बन्धित विधेयक अर्को सुपरिवेक्षण र पचिलानसँगसम्बन्धी विधेयक दुईटा विधेयकहरू पारित गरेको छ र एउटा संघीय प्रहरी ऐन पारित न भै सकेको स्थिति छ । त्यसले त्यसको व्यवस्थासँग न बाझिने गरी हामीले प्रदेश प्रहरीसँग सम्बन्धी विधेयक ल्याउनु पर्ने भएको हुनाले यहाँ आज माननीय सदस्यज्यूहरूले केही सुझावहरूआफ्ना रायहरू प्रतिक्रियाहरू यो सैद्धान्तिक रूपमा जसरी यहाँले प्रस्तुत गर्नु भाछ त्यसैसँगसम्बन्धित छ र अहिले नै खास गरी मापदण्डहरू केही मापदण्डहरूसंघीय सरकारले पारित नगरिदिएको स्थिति भएको हुनाले हामीले संघीयकानून बमोजिम हुनेछ भनेर हामी त्यो चाहिँ प्रावधानहरूहामीले उल्लेख गरेका छौँ र फेरिसंघीय सरकारका केही प्रावधानसँग बाझिएको हदसम्म हाम्रा प्रावधानहरू खारेज हुने प्रदेश सरकारले बनाएको कानूनचाहिँ खारेज हुने स्थिति भएको हुनाले हामीले अहिले ठोकेर जसरी यहाँहरूले माननीयज्यूहरूले प्रदेश प्रहरीको नेतृत्व चाहिँ आइजीले गर्नुपर्छ यसको कमान्डचाहिँ डिआइजीले होइन आइजीले गर्नुपर्दछ भनेर जसरी यहाँहरूले चाहिँआफ्ना मतहरूराख्नु भाछ वास्तवमा यो बाहिर विदेशको इण्डियाको प्राक्टिस हेर्दापनि आइजीले प्रदेश प्रहरीको नेतृत्व गरिरहेको हुन्छ । तर नेपालमा अब डिआईजीले नेतृत्व गर्ने कानूनचाहिँसंघीय सरकारले चाहिँ पारित गरिदिएको स्थिति छ । दुईटा कानून जो पारित भएका छन् प्रदेश प्रहरीसँगसम्बन्धित त्यसो हुँदा खेरि अब फेरि अर्को चाहिँ प्रदेश प्रहरी यो प्रदेश सरकारको सचिव भन्दा आइजी र त्यसपछाडि डिआइजी माथिल्लो

वरियतामा रहने भएको कारणले पनि हामीले वास्तवमा आइजी र एआइजी विशिष्ट श्रेणीको त्यो पद भएको हुनाले हामीले यहाँ प्रस्ताव गर्न नसकेको स्थिति छ ।

प्रदेश सरकारको सचिव फस्ट क्लास नेपाल सरकारको अधिकृत हुने एआइजी र आइजी विशिष्ट श्रेणीको त्यो दरबन्दी भएको हुनाले विशिष्ट श्रेणिको दरबन्दीलाई अथवा विशिष्ट श्रेणीको एउटा अधिकारीलाई प्रथम श्रेणीकोले नेतृत्व गर्न नसक्ने स्थिति भएको हुनाले पनि हामी यहाँनेर डिआइजीले नेतृत्व गर्नुपर्ने प्रावधानमा आएर हामीचाहिँ यहाँ प्रस्ताव गरेको स्थिति छ । फेरि छलफल पनि सम्मानित सदनमा माननीयज्यूहरूले अब केही संशोधनहरू पनि यहाँहरूले चाहिँराख्नुहुनेछ । यसको पारितको प्रक्रियासम्म जाँदा खेरि अझै यो विधेयक चाहिँ परिमार्जित परिष्कृत हुनेछ । यो खासगरी शान्ति सुरक्षा कर्णाली प्रदेशको शान्ति सुरक्षालाई हामी प्रभावकारी तुल्याउन हामी सक्षम हुनेछौं र यहाँको प्रदेश प्रहरी यहाँहरूले जसरी केही आफ्ना रायहरूराख्नु भाछ कर्णाली कै जस्तो प्रहरी हुनुपर्दछ । कर्णालीको पहिचान झल्किने कर्णालीको मौलिकताको र यहाँको विशेषताको नेतृत्व गर्ने अगुवाई गर्न सक्ने प्रहरीको यहाँहरूले जसरी यहाँनेर परिकल्पना चाहिँ गर्नु भाछ हाम्रो परिकल्पना पनि त्यही हो तर केही संघीय प्रावधानहरूले कर्णाली कै जस्तो प्रहरी कर्णालीको पहिचान झल्किने प्रहरी कर्णालीको विशेषता र यहाँको संवेदनशीलतालाई सम्बोधन गर्न सक्ने प्रहरी निर्माणमा केही संघीय प्रावधानहरू बाधक भै रहेको स्थिति छ। हामीले छलफल गर्दै पनि जाउँला । र संघीय सरकारलाई पनि हामीले प्रेसराइज चाहिँ अलि फरक ढंगले पनि हामी गर्न सक्दछौं ।

यहाँ उठेका मतहरूले उहाँहरूलाई अलि संघीय प्रहरी ऐन बनाउँदा उहाँहरूलाई त्यही रूपमा चाहिँआफ्ना प्रावधानहरूलाई चाहिँ पुनरर्विचार गर्नको लागि पनि यसले पूरै प्रेसराईज गर्छ । यसले चाहिँमतलब दवाव सिर्जना गर्छ भन्ने लाग्छ । खासगरी अब यहाँहरूले जसरी वृत्ति विकासका कुरा गर्नु भाछ अब प्रहरी सँगठनमा अब त्यस्तो अनुभव र नेरिट्रोत्र्यासीलाई पनि ख्याल गर्ने कुरा यहाँले जसरी गर्नु भाछ त्यसै गरेर अब साधन स्रोतका कुराहरू पनि छन् । प्रहरी सँगठनलाई मतलब सक्षम उत्तरदायी बनाउनको लागि पनि अब साधन स्रोतको मतलबप्रर्याप्तता पनि जरुरी हुन्छ र त्यसैगरेर उहाँहरूको चाहिँ वृत्तिविकासलाई पनि नरोकेर वृत्तिविकासको मार्गलाई सहज तुल्याउने र उहाँहरूलाई ट्रेनिङको कुराहरू र विकृति खास गरेर सुरक्षा क्षेत्रमा देखा परेका विकृतिहरूको अन्त्यको विषयमा पनि हामीले केही प्रावधानहरूचाहिँहामीले यसमा चाहिँ उल्लेख हामीले गरेका छौं । अब बाँकी चाहिँ अब खासगरी यो केही प्राविधिक कुराहरूराख्नु भाछ यो बाहिर नै मन्त्रालयको नाम चाहिँ यहाँ उल्लेख हुँदैन । प्रदेश सचिवालयमा आइसकेपछि प्रदेश सभा सचिवालयमा चाहिँ यसको प्रपोटी हुन्छ र एउटा फर्मेटमा बाहिर चाहिँमतलब कभरमा प्रदेश सभा सचिवालयकै नाम हुन्छ । त्यसपछाडि भित्र मन्त्रालयको हुने हो । अब यहाँहरूले चाहिँ त्यही रूपमा लिनुहुनेछ यसको अब साज सज्जा अझै व्यवस्थित गरेर ल्याउन खासगरी अलिकती मूलतः कन्टेन्ट हेर्ने

कन्टेन्ट नै हो । तर पनि यसको चाहिँ स्वरूप अलिकती आकर्षक भै दिएको भए हुन्थ्यो भन्ने यहाँहरूको जो माननीयज्यूको सुझाव छ यसलाई हामी सकारात्मक रूपमा लिन्छौं । यो पारितको प्रक्रियासम्म जाँदाखेरि माननीयज्यूहरूले आफ्ना रायहरू सुझावहरू र आफ्ना दृष्टिकोणहरूआफ्ना केही ड्रिमहरू पनि यहाँहरूले चाहिँ संशोधनको प्रक्रियामा समावेश गर्नुहुनेछ ।

यो विधेयक पारितिको प्रक्रियासम्म जाँदाखेरि अझै परिमार्जित परिष्कृत स्वरूपमा यो त्यही अनुसार चाहिँरूपान्तरित हुनेछ भन्ने मैले चाहिँ अपेक्षा गरेको छु र यहाँहरूले विशेष अभिरुचीपूर्वक जिम्मेवारीबोधका साथ जसरी आफ्नो धारणाहरू माननीयज्यूहरूले यहाँ राखिदिनु भो माननीय जीवनबहादुर शाही, त्यसै गरी माननीय मिना रखाल, माननीय ठम्मर विष्ट, माननीय यज्ञबहादुर विसी, माननीय सोशिला शाहीज्यूले जसरी चाहिँ आ-आफ्नो धारणा चाहिँराख्नुभाछ उहाँहरूलाई म हार्दिक मतलब धन्यवाद दिन चाहन्छु । आभार प्रकट गर्न चाहन्छु । यहाँहरू अझै अब खासगरी संशोधनको प्रक्रिया त जारी नै छ । त्यहाँ अन्य माननीय सदस्यज्यूहरूले पनि संशोधन दर्ज गरेर यो विधेयकलाई साँच्चिकै यो परिष्कृत परिमार्जित र समृद्धि विधेयक बनाउनलाई योगदान गर्नु हुनेछ । प्रदेश प्रहरी कर्णाली प्रदेश प्रहरीलाई अब्बल सक्षम र स्मार्ट प्रहरीका रूपमा यसलाई चाहिँ स्थापित गर्न गठन गर्न यहाँहरूको योगदान हुनेछ भन्ने अपेक्षा गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा प्रस्तुत गर्नुभएको प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँदछु ।

माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उप नियम १ अनुसार प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ मा संशोधनको सूचना पेश गर्न चाहने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री विमला के.सी.लाई पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना व्यवस्थापन र संचालन गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलको लागि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री विमला के.सी.:-** माननीय सभामुख महोदय, सभामुख महोदयको अनुमतिले नेपालको संविधानले प्रदेश विश्वविद्यालयसम्बन्धी कानून निर्माण गर्ने अधिकार प्रदेशलाई नै दिएको हुनाले कर्णाली प्रदेशको विशिष्ट पहिचानको रूपमा रहेको प्रचुर जैविक विविधता, र अनुपम प्राकृतिक स्रोत साधनको संरक्षण, र उपयोग गर्दै पर्वतीय पर्यावरणको क्षेत्रमा दक्ष, सीपयुक्त मानव संशाधन विकास गर्न पर्वतीय विज्ञान

तथा प्रविधिको अध्ययन अध्यापन र अनुसन्धान गर्न पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना र संचालन गर्ने सम्बन्धमा कानूनव्यवस्था गर्न आवश्यक भएकोले पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना, व्यवस्थापन र संचालन गर्न बनेको विधेयक कर्णाली सभा नियमावली २०७४ को उप नियम १०६ बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनी सभा समक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरूपर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना, व्यवस्थापन र संचालन गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही (समय ७ मिनेट) ।

**माननीय श्री जीवनबहादुर शाहीः-** सम्माननीय सभामुख महोदय, पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना, व्यवस्थापन र संचालन गर्न बनेको जुन विधेयक छ हुनतः हामी अब यहाँ आइसकेपछि दफावार छलफल गरिरहेका छौं । यो सैद्धान्तिक छलफल नै हो। यो अहिले हामीले ल्याउन उपयूक्त छ कि छैन भन्नु कुरा पनि छ । मेरो चाहिँ मतभेद चाहिँ । विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना गर्न व्यवस्थापन गर्न त हामीले गरायौं। युनिभर्सिटी बनाउने कुरा त गर्‍यौं सभामुख महोदय, आज हामीसँग भएका कलेजहरू क्याम्पसहरू पनि हामीले राम्रोसँग संचालन गर्न सकिरहेको अवस्थामा छैनौं । प्रावि स्कुलहरूको अवस्था पनि त्यस्तै छ र म यहाँ एउटा ज्वलन्त उदाहरण दिन चाहन्छु, सभामुख महोदय, कालागाउँ हस्पिटललाई हामीले आफ्नो बनाउने भनेर एकदम जोडतोडका साथ प्रदेश सरकारले आफ्नोमार्फतमा ल्यायो र अहिले प्रदेश मार्फतमा चाहिँ त्यो हस्पिटल छ । सबै प्रदेशमा केन्द्रीय सरकारले हेरेको छ । करिब करिब त्यसको लागत दुइ अरब जति लाग्छ होला खर्च लाग्छ होला र हामीले हाम्रो मार्फतमा ल्याइसकेपछि आज एकदम भयावह अवस्थामा छ । बनिरहेको केही सरकारले राम्रो काम पनि गर्‍यो, विल्डिङहरू बनायो तर त्यो संचालनमा ल्याउन सकिरहेका छैनौं ।

अहिले आएर पुरानो विल्डिङ छ नयाँ विल्डिङ छ कर्मचारी हामीले पाल्न सकिरहेका छैनौं । कर्मचारी राख्न सकिरहेका छैनौं । त्यो संघीय सरकारले भएको भए सायद आज नपुग्ने करारका कर्मचारी राख्न सकिन्थ्यो होला । अक्सिजनका सिलिण्डरहरू थप गर्न सकिन्थ्यो होला । त्यसैले एउटा हामी एकदम चाहिँ भावावेशमा आएर यो हाम्रो बनाउने कुनैताका एकताका यो प्रदेश नै अर्गानिक प्रदेश बनाउने भनेर हामी एकदम जोडतोडका रूपले लाग्यौं । हुँदा हुँदा बस्ने टेबुल पनि अर्गानिक भयो माथिको छानो पनि अर्गानिक भयो । त्यस्तै किसिमले यो पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना पनि नहोस् भनेर भन्न म चाहन्छु ।

यो अहिले हामीले पास गरेर राख्नलाई हो भनेत केही छैन । सभामुख महोदय, नत्र यो हामीले धान्न सक्ने हामीले संचालन गर्न सक्ने अहिले त्यो औकात हामीमा आइसक्यो भन्ने मलाई लाग्दैन । हामीलाई दिएको छ, विश्वविद्यालयहरू हाम्रा मातहतमा लैजान सक्ने राख्न सक्ने कुराहरू त छ । तर त्यसलाई संचालन गर्न सक्छौं कि सक्दैनौं ?विश्वविद्यालय भनेको त्यति ठट्टाको विषय होइन । यहाँ मैले भित्र देखिरहेको छु । यो कता कता हाम्रो एनजिओको विधान जस्तो बनेछ के । एनजियोको विधान बनाउँदा हामी के गर्छौं भने अफिस कुन ठाउँमा हुनेछ भन्दाखेरि वडा नम्बर यतिको फलानो ठाउँमा हुनेछ भनेर लेख्या हुन्छ । अब ऐनमा पनि विश्वविद्यालयको हेड अफिस चाहिँ फलानो ठाउँमा हुने भनेर यहीं लेख्या देखें मैले त यो । यो एनजियोको विधान हो कि ऐन हो ऐनमा त्यसरी लेखिन्छ भन्ने मलाई लाग्दैन र अर्को कुरा यहाँ विस्तारै हामीले के घुसाउँदै पनि गएका छौं भने बाहिर हेर्दा अहिले सभामुख महोदय सभामुख महोदय मार्फत मन्त्रीज्यूलाई भन्न चाहन्छु । एकदम जैविक विविधता भएको हैं, जडीबुटीको असाध्यै धनी, पर्वतीय ज्ञान, पर्वतै पर्वत भएको, डाँडैडाँडा भएको, काँडैकाँडा भएको, जैविक विविधताले भरिपूर्ण भएको ठाउँमा चाहिँहामीले यो विश्वविद्यालय खोल्नु पर्छ भन्ने चाहिँ यो अहिले भर्खरै प्रस्तुत गर्नु भयो । अनि यहाँ चाहिँ संकायहरू बनिराखेको हुन्छन् । संकायमा भनिन्छ विस्तारै माथि गएर चाहिँ हिमाल पर्वत श्रृंखला आधारित पर्यटन, कृषि, वन तथा जडीबुटीपर्वतीय विज्ञान प्रविधि तथा इन्जिनियरिङ जैविक विविधता तथा वातावरण सम्म चाहिँ ठिकै ठिकै होला, त्यसपछि समाजशास्त्र तथा स्वास्थ्य विज्ञान लगायतको के बमोजिमका संकायहरू हुनेछन् भनेर भित्र घुसाउछ के दफा ६ को उपदफा २ मा यो यो कुरा लेखिएको भएतापनि यो हुनेछ भनेर जुन हामीले काइते कानून बनाउँछौ त्यसबाट यसले के देखिन्छ भने भोलि शिक्षा संकाय पनि हुन सक्छ ।

राजनीति शास्त्रको पनि हुन सक्छ । समाजशास्त्र भनिसकेपछि सोसियल साइन्स भनिन्छ । साइन्सलाई जोड्ने कुरो हो भनेपछि यो हामीले यस्ता कुराहरू दिएका छौं । अब यसलाई बनाउनेनै हो यस्तो बनाउने हो भने कमसेकम यो युनिभर्सिटी राजनीतिबाट मूक्त कसरी हुनसक्छ भन्ने कुरामा हामीले सोच्नुपर्छ । अहिले भिसीको सम्बन्धमा त हामीले एउटा प्राध्यापकलाई ल्याउने भन्ने नै कुरा गरेका रहेछौं । नर्मली भिसी भनेको अब प्रदेशको भए प्रदेश प्रमुख,प्रमुख भन्नाले मुख्यमन्त्री, केन्द्रमा प्रधानमन्त्री जस्तै अरु अरुका चान्सलर चाहिँ प्रधानमन्त्री नै हुनुहुन्छ । भिसी भनेर भाइस चान्सलर भनेर अरुलाई विज्ञहरूलाईरप्राध्यापकहरूलाई राखिएको हुन्छ । त्यसकारण यो कुरालाई चाहिँ अहिल्यै देखि हामीले सचेत रहनुपर्छ भन्ने लाग्छ र अघिपनि यहाँ भर्खर सभामुख महोदय, आन्तरिक मामिला मन्त्रीज्यूले भन्नु भयो पोर्टफोलियोका कुराहरू हुन्छन् । पोर्टफोलियोका कुरामा सचिव फस्ट क्लास हुने, डिआइजी अथवा एआइजी विशिष्ट भएको हुनाले हामीले राख्न मिलेन भन्ने कुरा आएको छ । यहाँ भित्र मैले चाहिँ एउटा समिति

यो संरक्षक समिति राख्ने भन्ने रैछ । त्यसमा के भनिएको छ भने त्यसको संरक्षकको अध्यक्ष मुख्यमन्त्री हुने, सह अध्यक्ष चाहिँ शिक्षा मन्त्री हुने, त्यसपछि यो प्रदेशबाट केन्द्रीय संसदमा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई पनि सदस्य राख्ने भनिएको छ । अहिलेको हाम्रो पोर्टफोलियोमा संघीय माननीयहरू यहाँका प्रदेशका मन्त्रीभन्दा उहाँहरूको स्टाटस माथि छ । अनि त्यो राख्न मिल्छ होला र सभामुख महोदय, अब यी यी कुराहरू जब यहाँ आइसकेपछि त्यसरी उहाँहरूले स्वीकार गर्नुहोला या नगर्नुहोला अर्को ठाउँमा छ र अर्को कुरा यसलाई पनि हामीले टोटली विशेष गरेर म अब सभामुख महोदय आजका मन्त्रीले प्रस्तुत गरेतापनि २० दिन अगाडिको मन्त्रीज्यूले नै यो बनाउनु भएको हो ।

राम्रो कुराको सुरुवात हो कुरो चाहिँ तर अहिले हाम्रो त्यो क्षमता न भैसकेको हुनाले हैन यो क्षमता निर्धारण गरिसकेको हुनाले यो ऐन बनाउने थन्क्याइरहने पनि त्यति राम्रो हो भन्ने मलाई लाग्दैन । बरु चाहिँ सरसल्लाहले यो प्रदेशमा हामीले युनिभर्सिटीहरू खोल्नको लागि प्राइभेट सेक्टरलाई आव्हन किन नगर्ने ? प्राइभेट सेक्टरहरूलाई चाहिँउनीहरूलाई हामीले ल्याएर सबैचाहिँ यताबाट हेर्ने गभर्मेन्टले हेर्ने अरु सबैव्यवस्थापन उनीहरूले किन नगर्ने ? जर्मनीमा युनिभर्सिटीहरू कस्तो हुन्छन भने कुनैपनि पोलिटिकल कुराहरू जोडिएको हुँदैन । यहाँ भित्र हेर्दाखेरि सचिव छ शिक्षा मन्त्रीले गर्ने होला । भोलि जो सुकै होला यो र उ भन्ने कुरा होइन मैले संस्थागत कुरा गरेको सभामुख महोदय, भोलि चाहिँ हाम्रोमा त त्यही हो । आज पनि यो एमयुको हालत देखिरहनु भएको छ । ढुंगामुढा भैरहेका छन्, कुटाकुट भैरहेको छ । यो युनिभर्सिटीमा अहिलेसम्म हामीले राम्रो शिक्षा दिन सकिरहेका छैनौं । कारणराजनीतिक कारण छ । यहाँ भोलि काँग्रेसको सरकार होला या एमालेको होला या माओवादीको होला हामी नेपाली त त्यही नै हौं । माथि जसको प्रधानमन्त्री हुन्छ उसको भिसी ल्याएर बनाउने त्यसको रजिष्ट्रार बनाउने अब अहिले पनि भागबण्डा विषयमा चाहिँ यहाँ कति झगडा भयो ? त्यसकारण साँच्चै कर्णालीलाई बनाउने हो भने यो पर्वतीय विज्ञान राखिसकेपछि भित्री मधेस विज्ञान युनिभर्सिटीराख्नु पर्ने पो हो कि यहाँ तातोको ठाउँका पनि छन् । पहिले पहिले मेरै कोठामा बस्दाखेरि त्यहाँ एकछिन हामी थोरै संख्या भए पनिहामी हाम्रो संसदीय दलभित्र चाहिँ अलिअलि भनाभन हुन्छ । म जस्तो अहिले वैशाखमा हिउँ पर्ने गाउँको मान्छेपनि त्यहीं छु । अब यहाँ भर्खर भतभती पोल्ने छिन्चुका माननीय पनि त्यहीं हुन्छन् । एउटाले एसी अन गर्ने भन्ने हुन्छ अर्कोले एसी अफ गर्ने भन्ने हुन्छ । एउटालाई जाडो हुन्छ एउटालाई गर्मी हुन्छ। त्यसकारणले यो युनिभर्सिटीका नाम राख्दाखेरि पनि हामीले एउटा विचार गरेर जानुपर्छ भन्ने मलाई लाग्छ र मेरो सैद्धान्तिक मतभेद नै के हो भने यसलाई हामीले बनाउने हो भने पोलिटिकल ढंगको त्यही ढंगको नगरौं । यहाँ भित्रका सबै विषय वस्तुहरूलाई हेर्दाखेरि यो राजनीतिकरण नै हुने त्यसकै रजिष्ट्रारराख्ने त्यसकै चाहिँ डिन राख्ने त्यस्तो खालले

हामीले चलाउन सक्दैनौं। मलाई त के छ भने सभामुख महोदय,हामी जुन मन्त्रीज्यूले ल्याउनु भयो हामी जुन एउटै जिल्लाका हौं । हामीले त्यहाँका क्याम्पस चलाउन सकेनौं सभामुख महोदय, एउटा क्याम्पस चलाउने कुरामा मानसरोवर बहुमुखी क्याम्पस थियो त्यसका नाममा हाम्रो क्षेत्र ठूलो छ । हामीले ३ क्षेत्रमा चाहिँ क्याम्पसहरू बनायौं । त्यो बेला जनताको आवाजलाई हामीले रोक्न सकेनौं । यदि सर्केघाटमा खोलेन भने त्यहाँका जनताले गाली गर्ने,श्रीनगरमा खोलेन भने त्यहाँका जनताले गाली गर्ने त्यहि लै लै मा हामीले ३/३ ओटा क्याम्पस हामीले खोल्यौं । तर आज ३ ओटा नै क्याम्पस कोल्याप्स् हुने अवस्थामा छन् । श्रीनगरको क्याम्पसमा ४ जना विद्यार्थी छन्, सर्केघाटमाचाहिँ ६ जना विद्यार्थी छन्, मानसरोवरमा ४/५ सय विद्यार्थी पुगेको ठाउँमा अहिले आएर २५/३० जना छन् । त्यसरी हामीले गरेर विग्रिनु भन्दा अहिले नै यसलाई चाहिँ सोचविचार गरौं भन्ने मलाई लाग्छ । यो टोटली हामीले यी कुराहरू पनि हाम्रो अरु अरु युनिभर्सिटी बनाए जस्तै ल्याएको छ । म यहाँ एउटा उदाहरण दिन चाहन्छु सभामुख महोदय केयु भन्ने काठमाण्डौ युनिभर्सिटी जुनबेला त्यसका चाहिँ भिसी हुनुहुन्थ्यो उहाँले आफ्नो ढंगले चाहिँ त्यसलाई चलाईएको थियो । त्यो प्राइभेट युनिभर्सिटी यति राम्रो तरिकाले चलाईएको थियो तर जब सरकारले नियन्त्रणमा लिने बित्तिकै आज त्यो पनि एउटा ध्वस्त भएर गएको छ । त्यसकारणले म एउटा सुझाव दिन चाहन्छु कि यसको ठाउँमा बरु प्राइभेटहरूलाई चाहिँ खोल्न दिने व्यवस्थामा गर्‍यौं भने राम्रो होला भन्ने कुरालाई मैले राखें र पछि त दफावार छलफल गर्ने नै छौं । संशोधन हाल्ने नै छौं । अरु गर्ने छौं तर म सभामुख महोदय यहाँ आउँदाखेरि सैद्धान्तिक छलफल गर्नुपर्ने भए सैद्धान्तिक छलफल गर्नु पर्‍यो तर विषय विषयान्तर गर्नु भएन त्यसमा सम्माननीय सभामुखज्यूलाई म हार्दिक आग्रह पनि गर्छु । यदि विषय विषयान्तर भयो भनेपछि रुलिङ पनि होस् भन्ने चाहिँ आग्रह गर्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरूपर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना व्यवस्थापन र संचालन गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकोले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्ट्रमको वायाँतर्फरहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनु होला । माननीय सदस्यहरू अब म माननीय श्री पद्मा खड्कालाई (समय ७ मिनेट) ।

**माननीय श्री पद्मा खड्काः-** सभामुख महोदय, सातौं अधिवेशनको तेस्रो बैठकमा आज हामी उपस्थित छौं । यो बैठक सभामुखमार्फत मैले यहाँ अगाडि रोष्ट्रममा आएर केही कुरा भन्नै पर्छ भन्ने मलाई लागिरहेको छ । २०७८ साल वैशाखको १३ गते बेलुकी जुन ४ बजेको घटना सुर्खेतको विरेन्द्रनगर नगरपालिका वडा नम्बर १२ मा जुन मनिकला सापकोटा भट्टको जुन निन्दनीय तरिकाले जुन घटना घट्यो यो एकदमै दुःखद घटना छ। जसको घाइते र घाइतेलाई उपचार गरीहामी उहाँको ज्यानलाई बचाउन सक्ने अवस्था थियो तर, घटनाले अर्को रूप लिएर उहाँले आज यो बाँच्न पाउने

अधिकारलाई सँधैका लागि गुमाउनु भएको छ । मृतकप्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु रशोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु र घाइतेलाई धेरै जना घाइते हुनु भाको छ घाइतेलाई म उचित उपचारको लागि म हाम्रो सरकारसँग ध्यानाकर्षण गर्न चाहन्छु ।

यसैगरी, आज हामी यो सातौं अधिवेशनको तेस्रो बैठकमा पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना र व्यवस्थापन गर्नका लागि बनेको विधेयक माथि छलफलमा भाग लिइरहेका छौं । म त्यो छलफलमा यहाँ अगाडि आएर उपस्थित भै रहेको छु । उपस्थित भै रहँदा पक्कै पनि कर्णाली प्रदेश सरकारलाई यो विधेयकको आवश्यकता, औचित्य पुष्टि भएर नै यो विधेयक यहाँ आएको होला भन्ने मलाई लागिरहेको छ । यसका लागि म धन्यवाद पनि दिन चाहन्छु । यो विधेयकले परिच्छेद १२ र दफा ५२ ओटा दफा समेटेर यहाँ ल्याइएको छ । यसमा धेरै कुराहरू अपुग पनि छन् । त्यसलाई हामी संशोधन मार्फत छलफल पनि गर्नेछौं समितिमा भन्ने म कुरा राख्न चाहन्छु र मैले यहाँ उभिइरहँदा सैद्धान्तिक छलफलमा भाग लिइरहँदा पक्कै पनि हाम्रो कर्णाली प्रदेश सरकारले जुन एउटा य अवधारणा अगाडि सारेर ल्याइएको छ यो विधेयकलाई यो विधेयकलाई । एउटा कानून बनाउने मात्रै ठूलो कुरा होइन । यसलाई कार्यान्वयन गर्ने कुरा चुनौती हाम्रो सरकारलाई कति छ ? र हाम्रो यो प्रदेशलाई कति छ ? भन्ने कुरा महत्त्वपूर्ण छ। अहिले हामी उदाहरण कै लागि हेर्न सक्छौं मध्यपश्चिम विश्वविद्यालयको हामीनजीकै यहीं कर्णाली प्रदेशको राजधानीमा अवस्थित रहेको विश्वविद्यालयको गतिविधि हामीले देखिरहेका छौं । यो गतिविधिले हामी हाम्रो स्वामित्वको विश्वविद्यालय चलाउन सक्ने सामर्थ्यहामीसँग छ कि छैन ? यसलाई हामी कसरी व्यवस्थापन गर्न सक्छौं भन्ने कुरा यो विधेयकले बोलिरहेको छ । यसलाई कसरी लैजाने भन्ने कुरापनि यो देखिन्छ । मैले यहाँ कुरा गरिरहँदा अहिले जति पनि हामी जस्तो प्रदेश अस्पतालको उदाहरण दिइरहँदा विश्वविद्यालयलाई हामी प्रदेश मार्फतमा ल्याउने कुरा गरिरहँदा अहिलेसम्म हामी मध्यपश्चिम विश्वविद्यालयलाई ल्याउन सकिरहेको अवस्था छैन । मैले यहाँ जोडिरहँदा मध्यपश्चिम विश्वविद्यालयसँगै एउटा कुनै संकाय गराएर यही विश्वविद्यालयले यो विश्वविद्यालयको छुट्टै अवधारणा नल्याइकन एउटा कुनै संकाय बनाएर सञ्चालन गरेको भए सायद यसलाई अझ हाम्रो कर्णाली प्रदेश सरकारले धान्न सक्थ्यो कि भन्ने मलाई लागिरहेको छ । यो एउटा विधेयकले जुन बोलेको कुरा छ, विधेयकले यहाँ हरेक जतिपनि हामीले कानून बनाउँदै गर्दा कानूनले यो संरचना थेग्न सक्छ कि सक्दैन यो संरचना कर्णालीमा हामीले व्यवस्थापन गर्न सक्छौं कि सक्दैनौं ?मैले यहाँ यो पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयकको संरचना हेर्दा विश्वविद्यालयका पदाधिकारी संरक्षण सभा प्राज्ञिक परिषदको यसैगरी कार्यकारी परिषद सेवा आयोग यी सबै गरेर हेर्दा कम्तीमा पनि ६१ जना र पदाधिकारी गरेर ६९ जनाको यसले चाहिँ एउटा संख्या

एउटा पदाधिकारी देखि लिएर विभिन्न आयोगहरूको संख्या यसले निर्धारण गरेको छ । यो एउटा नियुक्ति गरेर विभिन्न बोर्डहरू गठन गरेर फेरि राजनिति किचलोलाई विश्वविद्यालयको एउटा थलोको रूपमा बनाउने मात्रै हुन्छ कि भन्ने एउटा चिन्ता मैले जनप्रतिनिधिको हिसाबले यहाँ जाहेर गरेको छु ।

हामीले उदाहरणका लागि विश्वविद्यालयलाई हेरिरहेका छौं आज । रजिष्ट्रारको बन्ने ? आज प्राध्यापक को बन्ने ? आज सह प्राध्यापक को बन्ने ?आज उपप्रध्यापकहरू को बन्ने ? कसरी राजनीतिक भागवण्डाले नियुक्ति हुने भन्ने विषयहरूहामीले अगाडि देखिरहँदा यो विधेयकले पनि ६९ जनाको संख्यामा विभिन्न आयोगहरूमा यसले संख्या निर्धारण गरेको छ । त्यो संख्या पनि भोलि फेरि कोलाई बनाउने ? कसलाई बनाउने ? भन्ने कुरामा यो विश्वविद्यालयफेरि अल्झिरहने हो कि कताकता हामीलाई यो कर्णाली प्रदेशका जनप्रतिनिधि भाको नाताले त्यतातिर पनि चिन्तित बनाएको म देख्दछु । र यसैगरी हामीले जुन परिकल्पना गरेको छ यो विधेयकले जुन हिमालय, जुन पर्वतीय, जुन हामीसँग भएको जडीबुटीहररु, हामीसँग भएका बहुमूल्य चिजहरू अध्ययन अध्यापन गराउने अनुसन्धान गर्ने र विभिन्न जुन माध्यमबाट यहाँ परिकल्पना गरिएको छ त्यो परिकल्पनामा आफैमा राम्रो छ । तर त्यसलाई हामीले कार्यान्वयन गर्ने कुरामा एकदमै ठूलो चुनौती छ। यो चुनौतीलाई हामीले कसरी व्यवस्थापन गरेर लैजाने हो र कानूनआफैमा परिपक्क बन्दैन । यो कानूनलाई परिपालन गराउन र यो लाई कार्यान्वयन गराउने कुरामा हाम्रो प्रदेश सरकारको भूमिका प्रदेश सरकारको कम्तीमा पनि प्रदेश सरकारले यसलाई व्यवस्थापन गर्ने गरि, प्रदेश सरकारले यसलाई संचालन गर्ने गरी कानूनतः यो सीमित नहोस् भन्ने म शुभकामना दिँदै आफ्ना भनाई यहीं अन्त्य गर्छु,धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री दल रावल (समय ७ मिनेट) त्यसपछि माननीय श्री ठम्मरबहादुर विष्ट तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री दल रावलः-** माननीय सभामुख महोदय, सर्वप्रथम यति महत्त्वपूर्ण विधेयकको सैद्धान्तिक छलफलमा भाग लिने जुन अवसर दिनुभयो । यसका लागि माननीय सभामुख महोदयलाई हृदयदेखि आभार प्रकट गर्न चाहन्छु । मलाई लाग्छ आज कर्णाली प्रदेश सभाको ऐतिहासिक दिन जस्तो लाग्छ । दुइटा अति महत्त्वपूर्ण विधेयकले प्रवेश पाएका छन् । सरकार हुनलाई सुरक्षा चाहिन्छ । सत्ताको एउटा महत्त्वपूर्ण निकाय हो त्यो प्रहरी विधेयक पनि प्रवेश पायो । त्यसैगरी कर्णाली जस्तो क्षेत्र जहाँ शैक्षिक जनशक्ति क्वालिफाइड म्यानपावरको अभाव भएको ठाउँमा माउन्टेन युनिभर्सिटी अफ साइन्स टेक्नोलोजी एउटा विश्वविद्यालयले एउटा प्रस्ताव यहाँ प्रस्तुत भएको छ । यसले गर्दा यसलाई हामीले साँच्चैको विश्वविद्यालयलाई माननीयज्यूहरूले भने जस्तै गरिकन हामीले अगाडि बढाउन सक्यौं भने निश्चित रूपमा कर्णालीमा यो ले ठूलो परिवर्तन ल्याउन सक्छ। मलाई त्यो लाग्छ । फर्च्युनट्ली म आफैं मन्त्री भएको बेला निर्माण गरेको

विधेयक भएको नाताले यो विधेयकप्रति मैले बढी टिप्पणी गर्नु भन्दा पनि केही यसका पनि अब अलिकति छोटो टाइममा बनाएको हुँदा केही कमि कमजोरी पनि छन् । यसलाई सच्याएर लैजानु पर्छ । सम्मानित सदन,सम्मानित समिति छ । त्यसमा हामी छलफल बहस गर्नेछौं । हामीआफैपनि संशोधन हालौंला । यसलाई व्यवस्थित गरेर अगाडि बढौंला। माउन्टेन इकोलोजीले मलाई लाग्छ क्षेत्रीयताको भावना विकास गर्दैन । हामी एक त नेपाल देश हिन्दुकुश क्षेत्र जुन भन्छौं हामी यो माउन्टेन इकोलोजीको क्षेत्र हो । नेपाल आफैमा माउन्टेन नै माउन्ट्रिङ देश भनेर चिनिने हिमालय हिन्दकुश क्षेत्र भनेर चिनिने देश मध्येको एउटा देश हो । त्यसमध्ये कर्णाली प्रदेश आफैमा पनि माउन्टेन इकोलोजी बढी भएको प्रदेश भएको नाताले पनि माउन्टेन स्टडीका लागि दुनियाँका मान्छेहरू आकर्षित हुन्छन् । यो विधेयक बन्दाको चरणमा मलाई थुप्रै माउन्टेन क्षेत्रमा काम गर्ने मान्छेहरू, संघ संस्थाहरू इसिमोड जस्ता संस्थाले पनि मलाई सम्पर्क गरेर अत्यन्तै इन्टेष्ट दिनु भाथ्यो। मलाई लाग्छ यो विधेयकले ११ ओटा विभिन्न संरचनासँग जुन संरचनाको परिकल्पना गरेको छ ८ ओटा विभिन्न पदाधिकारीहरूको कल्पना गऱ्याछ यसमा । यसले के गऱ्याछ भने माननीयज्यूहरूले भन्या जस्तै नेपालमा थुप्रै युनिभर्सिटीहरू छन् ।

प्रतिष्ठानहरू छन्, नेपालको आफ्नो पपुलेशन, हाम्रो जियोपोलिटिक्स हाम्रो चाहिँ इकोनमिक्स सोसियल स्टाटस हेर्ने हो भने नेपालमा प्रर्याप्तयुनिभर्सिटी छन् । नभाका होइनन् । हाम्रो प्रदेशमा मध्यपश्चिम विश्वविद्यालय छ तर हाम्रा अहिलेसम्म भएका विश्वविद्यालयहरूहामी जुनसुकै पार्टीका हौं बढी पोलिटिकलाइज भए । बढी चाहिँराजनीतिक हस्तक्षेप भए । रिसर्च ओरियन्टेड हुनु पर्ने, अनुसन्धानमूलक हुनु पर्ने संस्थाहरूचाहिँ पोलिटिकलमूलक संस्थाहरू भए । राजनीतिकमूलक संस्थाहरू भए । जसका कारणले विश्वविद्यालयहरूको क्वालिटी इल्स्योर गर्न सकिएन । त्यो विश्वविद्यालयचाहिँ साँच्चैका रिसर्चर जन्माउने थलो साँच्चैका साइन्टिष्टहरू जन्माउने थलो भन्दा हामी जस्तै ढुंगा हान्ने विश्वविद्यालयलाई तोडफोड गर्ने विद्यार्थी जन्माउने थलोहरू बने । त्यो सही हो तर यो विधेयकले के भन्छ भने,प्रदेश सरकारका माननीय मुख्य मन्त्रीज्यू र शिक्षा मन्त्रीज्यूहरू मात्रै रहेको संरक्षक परिषद् भनेको त्यो संरक्षण मात्रै गर्ने परिषद् हो । त्यो कार्यकारी परिषद् होइन । बोर्ड अफ प्रष्टिजचाहिँ मेन कार्यकारी भूमिकामा छ । त्यो बोर्ड अफ प्रष्टिजले चाहिँविश्वविद्यालयको चाहिँआफ्नो रुलिङ गर्छ । त्यसमा पनि केही अभावहरू हुन सक्छन् । यसमा चाहिँ यो विश्वविद्यालयका बारेमाहामीचाहिँहामी छुटेका कुराहरू गर्न तयार गर्न सक्छौं, केही राख्न सक्छौं । पोलिटिकलाइज भयो त्यो भएर ननपोलिटिकल गरौं भनेर नै यो विश्वविद्यालयचाहिँ एउटा बोर्ड अफ प्रष्टिजको अध्यक्ष छानिन्छ । यसमा भिसी हुँदैन । चान्सलर नै हुन्छ । कुलपति नै हुन्छ । त्यसको व्यवस्थागऱ्याछ । कुलपति प्रदेश सरकारले नियुक्ति गर्दैन पहिलो चोटि मात्रै प्रदेश सरकारले कहाँबाट ल्याउने भन्दाखेरि शिक्षा मन्त्रीको

अध्यक्षतामा भएको ३ सदस्यीय बोर्डले चाहिंनियुक्ति सिफारिस गरेर चाहिं प्रदेश सरकारले नियुक्ति गर्छ त्यसपछिको चान्सलर चाहिं प्रदेश सरकारले नियुक्ति गर्दैन । त्यो वोर्ड अफ प्रष्टिजले नियुक्ति गर्छ । प्रदेश सरकार इन्डाइरेक्टली चाहिं सपोटर मात्र रहने र अभिभावक मात्र रहने र पोलिटिकलाइज नहुने मेकानिज्मको रूपमा चाहिंयुनिभर्सिटी विकास गरियाछ वास्तवमा अब मैले यो विश्वविद्यालयको केही समस्याहरू पनि छन् । स्वभाविक ढंगले हाम्रो जस्तो जम्मा ३० करोड आम्दानी भएको सानो जिडिपी भएको हैन देशको ३ प्रतिशत मात्रै जिडिपीमा कन्ट्रिब्युसन गर्न सक्ने इकोनमिक सामर्थ्य र आर्थिक सामर्थ्य भएको प्रदेश यो विश्वविद्यालय थाम्छ कि थाम्दैन भन्ने कुरा पनि स्वभाविक हो । यो छलफलको विषय पनि हो ।

तर हामीले रिसर्च फण्डिङ कसरी गर्न सक्छौं, यसको मेकानिज्म केही त बोल्याछ यो विधेयकले छोटकरीमा बोल्याछ तर हामीले चाहिं इन्टरनेशनल राम्रा राम्रा स्टडी युनिभर्सिटीसँग एप्लीकेशन गर्न सक्छौं । हामीले विश्वविद्यालयलाई चाहिं माउन्टेन रिजनको इकोलोजीको स्टडी गर्ने गरिकन त्यहाँका रिटायर्ड प्रोफेसरहरूहामी ल्याएर यो चाहिंहामीले काम दिन सक्छौं, काम लिन सक्छौं । यसले चाहिं के गर्न सक्छ भने मेरो विचारमा दुनियाँका थुप्रै देशहरूले दुनियाँको थुप्रै देशको आर्थिक जिडिपीमा चाहिंउनीहरूको चाहिं कुल ग्राहस्थ उत्पादनमा शिक्षा क्षेत्रले ठूलो योगदान गऱ्या पनि देशहरू छन् । मेरो विचारमा यदी शिक्षा र स्वास्थ्यको हकमा यसलाई बनाउन सक्यौं भने कर्णालीको जिडिपीमा ठूलो योगदान गर्न सक्छ । हामीले यो विश्वविद्यालयलाई ठूलोठूलो हाइफाइवाला विश्वविद्यालयको कुरा होइन । यसलाई सानै स्केलमा बनाउँ तर यसलाई चाहिं साँच्चिकै विश्वास ओरेन्टेड इन्टिच्युसनको रूपमा विकास गऱ्यौं भने कर्णालीको विश्वविद्यालयदुनियाँका म्यान पावर दुनियाँमा बिक्न सक्ने म्यान पावर उत्पादन गर्न सक्छौं हामीले ।

मलाई लाग्छ त्यो त मलाई के लाग्छ भने त्यो विश्वविद्यालयहामीले साँच्चैको घनीभूतरूपमा छलफल र बहसगऱ्यौं र अगाडि बढाउन सक्यौं भने यो विश्वविद्यालयले कर्णालीको जनशक्ति एउटै माउन्टेन इकोलोजिको कुरा मात्र होइन आज रोवर्टिक साइन्सको कुराहरू पनि छन् । आज दुनियाँमा ठूलाठूला राम्रा राम्रा विषयहरूचाहिं हाम्रा नेपालका अरु युनिभर्सिटीमा नभएका विषयहरूचाहिं सुरु भएका छन् । पढाइ भएका छन् । हो यो विश्वविद्यालयबाट हामीचाहिं जोइन्ट चाहिं उ गर्न सक्छौं । हामी त्यो विश्वविद्यालय र हाम्रो विश्वविद्यालयको बीचमाचाहिंहामी कोलाब्रेसन गर्न सक्छौं । र हाम्रा यस्ता विषयहरू पढाई गर्न सक्छौं । दुनियाँका विद्यार्थी ल्याएर चाहिंहामीले यहाँको टुरिजमको विकास गर्न सक्छौं यहाँको रिसर्च यहाँको चाहिं ननट्युमर फरेष्टकप जुन हामीजडीबुटीको कुराहरूगऱ्यौं माउन्टेन इकोलोजीको कुराहरूगऱ्यौं । यसलाई चाहिंहामी जोडेर लैजान सक्छौं। त्यो भको नाताले यो विश्वविद्यालयमा केही समस्याहरू हुन सक्छ । म्यानपावरको अभाव प्रोफेसरहरूको अभाव, फन्डिङ रिसर्चको अभाव हुन सक्छ ।

त्यसप्रति पनि अलिकति ध्यान दिएर अगाडि बढाउनु पर्छ मलाई लाग्छ । अन्यथा विश्वविद्यालयचाहिँ एउटा सरकार भै सकेपछि विश्वविद्यालय संवैधानिक अधिकार त हुँदै हो, सरकारको गर्वको विषय पनि हो । हामीले यसलाई यो विश्वविद्यालयलाई राम्ररी अगाडि बढाउन सक्यौं भने ठाउँका बारेमा छलफल गर्न सकिएला, अर्कोको बारेमा संशोधन हाल्न सकिएला, तर विश्वविद्यालयचाहिँ साँच्चिकै कर्णालीको एउटा फोकलको रूपमा विकास गर्न सक्छु भन्ने मलाई लाग्छ, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री ठम्मरबहादुर विष्ट ।

**माननीय श्री ठम्मरबहादुर विष्टः-** माननीय सभामुख महोदय, हामीपर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना, व्यवस्थान र संचालन विधेयक सम्बन्धमा छलफल गर्न गै रहेका छौं । धेरै कुराहरू पनि यहाँ आएका छन् । र अब खास गरेर हामीले यो नयाँ गर्दैछौं । यो पनि एउटा संघीयताले उपहार दिएको शीर्षकमध्ये नै पर्छ । किनकि प्रदेशकै मातहतमा हामीले युनिभर्सिटी बनाउने कल्पना गर्नु यो वास्तवमै अब नेपालको इतिहासमा यो यो संसारकै इतिहासमा यो पहिलो कुरा हो ।

तर, अब हामीले यसलाई कसरी सफल बनाउने भन्ने कुरा त्यत्तिकै महत्त्वपूर्ण कुरा छ । अब एउटा यहाँ हामीले ३ वर्षमा ३ ओटा बजेट बनायौं । एउटा चाहिँ बजेटमा कस्तो आथ्यो भने सायद त्यो पर्यटन मन्त्रालयले ल्याएको हुनुपर्छ । यो पहाड तिर चराहरू के के चुरुङ्गीहरू के के बनाएर एउटा चाहिँ नेटमा अपर कर्णालीका सबै चरा पालेर त्यहाँबाट चरा उत्पादन गर्ने । खै त्यो कति लागु भो त्यो फरफार भयो कि नाईत्यो त मैले पनि थाहा पाएको छैन । सायद अब त्यो टेक्निकली नबुझ्या हो कि म त अध्ययन गर्न मै थिएँ त्यो के भो के भो अब माननीयज्यूहरूको सम्बन्धित क्षेत्र पर्ने भए बरु एकचोटि गएर हेर्नु पर्ला त्यो चरा कत्रा भए । कति उत्पादनमा जोडिए कति के के भो त्यसकारण यस्तो खालको हाम्रो यस्तो सनकमा आउँछ कि कार्यक्रम विरोध गर्दागर्दै हामीले त्यो कुराहरू पोइन्ट आउट गर्दागर्दै पनि अब एउटा ढंगबाट अब जसरी त्यसरी हामीले चाहिँ अब आफ्नो कोरी स्वभावले तोरी गर्दै फेरि ल्याङ सरकारलाई लिनै पऱ्यो । तर स्थिति यस्तो छ । त्यसकारण मैले सुरुमै भन्न खोजेको के हो भने यहाँ कन्फिडेन्ट विल्डअप कसरी गर्ने भन्ने मूल चुनौती हो । त्यसकारण यो चाहिँपर्वतीयविश्वविद्यालय पनि त्यो चरा पाले जस्तो कहानी भएका चाहिँतपाईको सुर्खेतको यो राजधानी हो टप मोष्ट राजधानीमा त आज पुलिस दंगा प्रहरी पठाएर भिसी को सुरक्षा गर्नु पर्ने, विद्यार्थीका कोठा कोठामा चाहिँतपाईको पुलिस पुर्याएर त्यहाँको चाहिँआगलागी र तोडफोड बचाउनु पर्ने । आज दिउसो पनि एउटा त्यस्तै भै राख्या छ त्यहाँ । बुद्धिजीवीहरू प्राध्यापकहरूकै बीचमा के के कार्यक्रमहरू । अब पढाई हुने भन्दा पनि मिलिसिया र चाहिँतपाईको अब त्यो खालको एउटा हुलहुज्जतबाट विश्वविद्यालय अगाडि बढ्ने भएपछि अब त्यो मान्नुस् कि अपर कर्णालीको कोही चन्दननाथ गाउँमा त्यो

विश्वविद्यालय नै हुन्छ कि त्यहाँ केही चरा पाल्ने गाई पाल्ने केही बाख्रा पाल्ने भन्ने हो । यो शंकाको कुरा छ ।

यद्यपि त्यो ठाउँ हाम्रो पुरानो नेपालको या खस राज्यको उत्पत्ती हो त्यहाँ हुनु राम्रै कुरा हो । तर अब कथनी र करनीमा त्यो गयो भने यो खतरनाक कुरा छ । त्यसकारण अहिलेको जो अब सरकारको मेरुदण्ड मतलब सम्हालेर उहाँहरू जसरी जाँदै हुनुहुन्छ अबको सरकारले यो सुदृढ गर्छ कि गर्दैन ?३ वर्ष त अब यस्तो केही दिन गए खेली हाँसी केही दिन गए यस्तो भन्या जस्तो अब चाहिँ २ वर्षमा अथवा झण्डै पन्ध्र सोह्र महिना छ हाम्रो आयु त्यसभित्र यो सरकारले गर्न सक्ने कि नसक्ने ? यो प्रश्न छ मूल प्रश्नको जवाफ यहाँ अड्किएको छ । अब फेरि यो विषय कस्तो पर्‍यो भने तपाईको हुनत नयाँ ल्याए तपाईको सजिलो पनि हुन्छ किनकि नयाँ थियो अध्ययन गर्दागर्दै २ वर्ष वित्यो भन्न पनि सजिलो भो के । यो कस्तो विषय छ भने नेपालभरि पनि छैन । तपाईले ल्याउनु पर्ने पाठ्यक्रम पनि नयाँ । सुरुमै इन्जिनियरहरू त्यो सबै घर बनाउन ल्याउनु पर्ने । फ्याकल्टी स्थापना गर्न ल्याउनु पर्ने पूरा विदेशबाटै, एक्स्पोर्टरहरू ल्याउनु पर्ने विदेशबाटै, शिक्षक ल्याउनु पर्ने विदेशबाटै २ के पाँचै वर्ष अर्को सरकालाई पनि मज्जाले फेससेभ हुने खालको छ हेर्दाखेरि तर चाहिँ यो दुई वर्षमै हामीले गर्न सक्यौं भने यो चाहिँ पन्ध्र सत्र महिनामा गर्न सक्यौं भने यो पब्लिकको चाहिँतपाईको कन्फिडेन्स जसरी अपर कर्णालीमा चरा पाल्ने चाहिँ कथा छ नी यो बाट हामी माथि आउँछौं । नभए यो धेरै प्रश्नहरू यसरी उठि राख्याछन् । त्यसकारण यो कुरामा हामी कसरी जान सक्छौं भन्ने मूख्य चाहिँ त्यो विषय हो जस्तो मलाई लाग्छ ।

अबयो यसको चाहिँ सैद्धान्तिक कुराहरूमा कति कुराहरू यसमा उल्लेख पनि गरेर आउनु पर्छ । जस्तो एउटा कुरा यहाँ के छ भने पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना, पर्वत भन्या कर्णालीमा मात्रै छ र त्यसकारण यो पनि सेम कपी एण्ड पेष्ट छ के खै अहिलेको सरकारले लिनु भो किपहिलाको ले लिनु भो कि अब स्वामित्व लिन त अहिलेको सरकारले पनि सल्लाह भए होला । नभए चित्त नबुझेर त अहिलेको सरकारले लिने कुरो भएन । चित्त बुझाएरै लिनु भो तर यो पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना, व्यवस्थापन र संचालन गर्न बनेको विधेयक लखनौ कानपुर लेखेपनि हुने । क्यालिफोर्निया युएसए लेखेपनि हुने । कमसेकम कर्णाली झल्किने त केही विषय आउनु पर्‍यो नि अगाडि यहाँ विषय भित्र के भन्याछ भने हर्बलहरूजडीबुटी ए बाबा कर्णाली हर्बल हब्सयुनिभर्सिटी अरु पनि यस्तै दिउँ न एउटा ठ्याक्क कर्णालीको क्याच गर्ने के भनेपछि अब यो धेरै गर्छौं भन्दा थोरैपनि यो फुत्किने खालको हुनत अब यो युनिभर्सिटी भन्या विश्वभरिको २ सय राष्ट्रको हो । के कर्णालीलाई जनाउने भन्ने भा होला ? त्यस्तो हुँदैन  त्यसकारण यसको अझै पनि यसलाई हामीले संशोधन गरेर ल्याउन जरुरी छ जस्तो मलाई लाग्छ ।

त्यसो भयो भने अब हामीले गर्न खोजेको कुराहरू सम्पन्न हुन्छन् । अब अर्को कुरा यस भित्रका चाहिँतपाईको जस्तो एउटा कुनै मेजर फ्याकल्टी अन्तर्गत कुन कुन कुन कुन हाम्रो फ्याकल्टीहरू हुन्छ ।कुन कुन प्रोग्रामहरू हुन्छ भन्ने कुरापनि यसमा निर्धारण गर्न जरुरी छ । त्यो कुरा यहाँ उल्लेख गरिएको छैन । जस्तो ठीक छ एउटा जडीबुटी उत्पादनसम्बन्धी कुनै हामीले मोडालिटी बनाउँछौं भने त्यस अन्तर्गतका के हुन्छ त्यो कुरा हामीले गर्नु पर्‍यो र नेपालको अहिले एउटा सम्मकै युनिभर्सिटीको निराशाजनक रिपोर्ट के छ भने डक्टरी गर्छ मान्छेले विद्यावारिधी गर्छ । कुनैपनि चाहिँतपाईको त्यसको थेसिसहरू अध्ययन गर्न लायकका छैनन् । अमेरिका या युरोपको अरु फरक के हुन्छ भने जब उसले थेसिस लेख्छ नि त्यो बजारमा बिक्री हुन्छ । किनकि त्यो तपाईको कन्ट्रक्शनसँगसम्बन्धित हुन्छ । मानिसको चाहिँतपाईको लाइफ स्टाइलसँगसम्बन्धित हुन्छ । हाम्रो हाउ टु गेट पास मार्क बाट मात्रै विद्यार्थीले पनि चिटिङ गर्ने शिक्षकले पनि चाहिँ कपी एण्ड पेष्ट गर्ने हाम्रो कुनै अनुसन्धान छैन । अब एउटा चाहिँतपाईको ढ्वाङ हामीले चाईनाबाट ल्यायौं २ अरबमा, चलाउने मान्छेपनि उहीँबाट ल्यायौं ती उतै गए अब त्यो बबइ डाइभर्सन हुनेवाला छ । यस्तो हाम्रो कथा छ । त्यसकारण यसमा हामीले कसरी गर्न सक्छौं । यो कुरापनि अलिकती यहाँ चाहिँतपाईको खुलेर आउन जरुरी छ र अर्को सँगसँगै एउटा के छ भने हामीले एउटा केवल चाहिँतपाईको एकेडेमिक मात्रै नभएर एजुकेशन इज नट द फिलिङ अफ द टेल बट द लाईकिङ अफ द फायर भन्या छ एउटा वैज्ञानिकले एउटा चाहिँ शिक्षाविद्ले । शिक्षा भनेको तपाईको केवल एउटा ध्वनि होइन के मैले यति पढ्याछु भन्ने टाइ लाएर हिँड्ने कुरा होइन । शिक्षा २ क्लास पढ्नुस् ५ क्लास पढ्नुस् नपढ्नुस् त्यसले तपाईको लाईफ स्टाइलमा केही चमक दिन सक्दछ । त्यसकारण त्यो खालको हामीले के गर्न सक्छौं ।

फर्मल एजुकेशन विल मेक यु अ हाउ टु लिभ अथवा लिभिङ बट सेम एजुकेशन विल मेक यु अ फर्जन भन्छ के । त्यसैले हामीले यस्तो खालको प्राविधिक विश्वविद्यालयबाट प्राविधिक ज्ञानबाट हामीले चाहिँतपाईको एउटा वैज्ञानिक ज्ञानहरूबाट आफू पालिने मात्रै होइन कसरी जागिर गर्ने भन्ने कुरा होइनहामीले एउटा वैभवशाली जीवन कसरी जिउने भनेको आम जनतालाई कसरी त्यतातिर डोर्‍याउने ? भन्ने कुरा हामीले गर्न सक्छौं कि नाइ जो कुरा यहाँ चाहिँ ओरियन्टेशन भाको मलाई लाग्दैन । त्यसमा यहाँ छैन । त्यसकारण यी कुराहरू राखेर तपाईको चाहिँ यो आउन सक्यो भने वास्तवमै कर्णालीको मन छुने गरी जस्तो यहाँ प्रहरीको कुरा भैराछ त्यस्तै यो कर्णालीले पनि यो तपाईको यो विश्वविद्यालयले कर्णालीको मन छोएन के । कर्णालीको जडीबुटी पनि पक्डेन, कर्णालीको मन पनि छोएन, कर्णालीको नाम पनि छोएन भने यो हो के त ? त्यसकारण युनिभर्सिटी हामी बनाउने कुरा यसको अलिकति चाहिँतपाईको आइडेन्टिटी भन्छ निसंघीयताको एउटा पक्ष आइडेन्टिटी हो । विश्वविद्यालयमा एउटा आइडेन्टिटी

दिउँ न । नत्र विश्वविद्यालय त यहाँ नट अ युनिभर्सिटी छन् त अनेक खालका चाहिँतपाईको कर्णाली प्रदेशमै छन् । थप किन चाहियो त भने के थप हाम्रो आइडेन्टिटी यो हो भन्ने किसिमले हामी गर्न सक्छौं । यी कुरा मैले सभामुख मार्फत जाहेर गरें, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री रातो कामी ।

**माननीय श्री रातो कामीः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेश सभाको सातौं अधिवेशनको यो तेस्रो बैठकमा पर्वतीय विज्ञान प्रविधि विश्वविद्यालयको स्थापना सम्बन्धी विधेयकको सैद्धान्तिक छलफलमा हामी छलफल गरिरहेका छौं । त्यो सन्दर्भमा पहिलो कुरा त यो एउटा कर्णाली प्रदेश भित्र जुन रूपमा पर्वतीय विज्ञान प्रविधि विश्वविद्यालयको स्थापना गर्न भनी सम्बन्धी विधेयक कर्णाली प्रदेश सरकारले सदन समक्ष ल्याएको छ यसको लागि कर्णाली प्रदेश सरकारलाई म धन्यवाद दिन चाहन्छु ।

किनकिहामीले यी र यस्तै प्रकारका नयाँ खालका कामहरूहामीले गर्न सकेनौं भने अथवा ल्याउन सकेनौं भने हाम्रो छुट्टै गर्ने काम आजका मितिमा के हो त ?भन्दा आज यो पर्वतीय विज्ञान प्रविधिसँगसम्बन्धित विद्यालयको स्थापना गरेर हामीले जुन खोलाको पानि पिइरहेका छौं जुन ठाउँमा हामी जिइरहेका छौं, जुन ठाउँको चाहिँहामीलाई बढी भन्दा बढी पहिचान छ, जान्दछौं यसका बारेमा थप एउटा चाहिँ शिक्षा हाँसिल गरेर र हामीले नयाँ, संसारलाई पनि नयाँ केही दिन सक्छौं र त्यो जनशक्ति यो विश्वविद्यालय स्थापना भै सकेपछि त्यो सँगसम्बन्धित जनशक्ति बढी भन्दा बढी हाम्रो प्रदेशबाट उत्पादन हुनेछ भन्ने मैले चाहिँविश्वास लिएको छु र सभामुख महोदय हामीले यसका बारेमा केही विषयहरू मुखरकृत गर्नु पर्ने विषयहरू र कतिपय विषयहरूहामीले नसक्ने हाम्रो वलबुताले न भ्याउने विषय पनि होलान् । फेरि पनि आजका मितिमा हामीले यस्ता विषयहरूलाई अगाडि बढाउने सन्दर्भमा प्रदेश सरकारले जसरी यो ल्याएको छ यसलाई जोडतोडका साथ अगाडि बढाउनु पर्छ । कानूनमा मात्रै होइनहामीले यो विश्वविद्यालय स्थापना गरेर हामीले यसलाई अगाडि बढाउनका लागि हामी सफल हुनु पर्दछ । हामीले आज केही न केही नयाँ गर्न जरुरी छ । नयाँ गर्न सकेनौं भने हामी यथास्थितिमा हामी रमाइराख्ने कुरामा ठीक हुन सक्दैन र अर्को कुरा के पनि म भन्न चाहन्छु भने हामीले खर्च घटाउने कुरा भन्दा पनि उत्पादन बढाउने कुरासँगसम्बन्धित रहेर हामीले विषयवस्तुलाई अगाडि बढायौं भने हामी सही ठाउँमा पुग्दछौं । हामीले यो होला कि त्यो होला कि भन्दै हामीले चाहिँ यसलाई हामीले गर्न सकेनौं भने अहिले भएको मौजुदा हामीले चाहिँ अथवा पहिचान भएका अथवा यसलाई अगाडि बढिरहेका चिजले मात्रै हामीलाई आजको परिवेशमा अपुगपनि हुन सक्छ ।

त्यसैले गर्दा यो हाम्रो कर्णाली प्रदेश बढी भन्दा बढी पहाड र मतलबचाहिँ चुरे हिमालले भरि ढाकेको प्रदेश हो । जसले गर्दा आज यस्तो ठाउँको या ठाउँको

संसारलाई हामीले या ठाउँलाई पहिचान दिन र यसको ज्ञान आर्जन गर्नका लागि पर्वतीय प्रविधि विश्वविद्यालयको जुन अवधारणा यहाँ आएर हामी सैद्धान्तिक छलफल गरिरहेका छौं । सारमा यो असाध्यै राम्रो छ र यसलाई राम्रो छ भन्ने तिरबाट हामीले अगाडि बढेर यसलाई सही ठाउँमा पुऱ्याउनका लागि हामीले चाहिँ सफल हुनुपर्छ भन्ने कुरा राख्न चाहन्छु, धन्यवाद।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री विमला के.सी.लाई पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना, व्यवस्थापन र संचालन गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**माननीय श्री विमला केसीः-** माननीय सभामुख महोदय, आज शिक्षा क्षेत्रमा कर्णाली प्रदेश सरकारले देखेको एउटा ठूलो सपनाको उजागर यो विधेयकमार्फत भएको छ । निकै महत्त्वपूर्ण दिनको रूपमा हामीले यसलाई लिएका छौं र शिक्षा क्षेत्रमा देखिएको वर्तमान समस्यालाई साँच्चिकै समाधान गरेर वैज्ञानिक, व्यावहारिक र दक्ष प्राविधिक जनशक्ति निर्माण गर्ने एउटा सपना हामीले यहाँ कुँदेका छौं । यो कर्नालीलाई कर्नालीबाट मात्रै पहिचान गर्दा यसमा सीमित हुन्छ भनेर पर्वतीयविश्वविद्यालयको सपना देख्यौं । एउटा सपना पूरा गर्ने ढिलै होला, समय लाग्ला मेहेनत लाग्ला स्रोत र साधन जुटाउन केही कठिनाइ होलान् तर पनि यो जग चाहिँबसाल्न कानूनबाटै गर्नुपर्छ । कानूनबाटै जग बसाल्ने भएको कारणले कानूनको चाहिँ एउटा सुरुवात गरेका छौं । कर्णाली प्रदेश सरकारले त्यो सपना देखेको छ र यहाँको सम्भाव्यता कर्णालीको विशिष्टता कर्णालीको सम्भाव्यतालाई पनि मध्यनजर गरेर पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको विधेयक हामीले अगाडि बढाएका छौं। यसमा तत्कालिन समाजिक विकास मन्त्रीज्यूले निकै मिहेनत गर्नु भएको छ ।

यहाँ पनि महत्त्वपूर्ण आफ्ना भनाईहरूराख्नुभएको छ यसलाई यसको औचित्यताको विषयमा म धन्यवाद दिन चाहन्छु तत्कालिन मन्त्रीज्यूलाई र यहाँ उठाइएका सवालहरू माननीयज्यूहरूले जसरी उठाउनु भएको छ माननीय जीवनबहादुर शाही, माननीय पद्मा खड्का, माननीय ठम्मर विष्ट, माननीय रातो कामी लगायतको खासगरी तत्कालिन मन्त्रीज्यूले जसरी कुराहरू उठाउनु भएको छ विषयहरू निकै गम्भीर छन्, सोचनीय छन्, छलफलयोग्य छन् । म यसलाई सम्मान गर्न चाहन्छु प्रदेश सरकारको तर्फबाट । सामाजिक विकास मन्त्रीका हैसियतले खासगरी यहाँ उठेका सवाल भनेका सामर्थ्यता छ कि छैन त हाम्रो प्रदेशमा यत्रो विश्वविद्यालय आफैं त विश्वविद्यालय संचालन गर्न न सकिरहेको अवस्थामा यो सक्छौं कि सक्दैनौं ? स्रोत साधनले पुग्ने हो कि होइन भन्ने निकै महत्त्वपूर्ण सवाल हो, सोचनीय सवाल हो । यो कुरा उठ्न एकदमै स्वभाविक र हाम्रो आफ्नो सक्षमता र दक्षताको क्वेसन गर्दै

गर्दाखेरिहामीआफूलाई तयार गर्ने कुराको मानसिक रूपमा तयार गर्नका निम्ति यो प्रारम्भिक चरण पनि हो भन्ने मलाई लाग्छ । यो राजनीतिकरण हुन्छ कि भन्ने अर्को चिन्ता छ । अर्को कानूनमा मात्रै सीमित हुने किकार्यान्वयन नहुने हो कि भन्ने चिन्ता छ मुलभूत यी ३ ओटा चिन्ताहरू, ३ ओटा चासोहरू, ३ ओटा जिज्ञासाहरू यहाँ उठेका छन् । यी सबै जिज्ञासाहरू निकै महत्त्वपूर्ण मार्मिक र सान्दर्भिक छन् । यसलाई हामीले अन्यथा लिनु हुँदैन । सरकारले लिदैंन पनि ।

त्यसैले यसलाई अझै वैज्ञानिक र व्यावहारिक कसरी गराउन सकिन्छ हामी अझ सामर्थ्यवान कसरी बन्न सक्छौं ? स्रोत साधनले कसरी सम्पन्न हुन सक्छौं ? भन्ने कुराको छलफल हामीले यो विधेयकको विषयमा छलफल चलाउँदै गर्दाखेरि संसद सदनको विषयमा हामीले आफ्ना संशोधनका प्रस्तावहरू राख्दै गर्दाखेरि अझ वैज्ञानिक वनाउने छौं । त्यो विश्वास प्रदेश सरकारले यो सदन सामु गरेको छ । त्यो अपेक्षा गरेको छ र मलाई के लाग्छ भने प्रदेश सरकार आफैमा एउटा सरकार हो । सरकार हो भने आफ्नोएउटा विश्वविद्यालय वनाउन सक्नुपर्छ भन्ने नै लाग्छ । त्यो हिसाबले नै प्रदेश सरकारले मन्त्रालयको कुरा मात्रै होइन टोटालिटीमा प्रदेश सरकारले नै निकै छलफल चलाएर सोचनीय विषय हो भन्ने भएरै यो प्रस्ताव र यो विधेयक हामीले अगाडि सारेका हौं । त्यसैले यो विधेयक निकै महत्त्वपूर्ण र ऐतिहासिक र कर्णाली प्रदेशको शिक्षा क्षेत्रमा देखिएका टोटालिटिमा देशमै देखिएको शिक्षा क्षेत्रलाई परिवर्तन गर्ने गरी एउटा गेम चेन्जर शिक्षा क्षेत्रको गेम चेन्जर परियोजनाको रूपमा हामीले यो कार्यक्रमलाई अगाडि बढाउन खोजेका छौं विधेयकमार्फतकानूनमार्फत । त्यसैले म यहाँ लामो कुरा गरिन । यसका परिच्छेदहरू १२ ओटा परिच्छेद छ, ५२ ओटा दफाहरू छन् । यी दफाहरूलाई संशोधन गर्नुपर्ने दफाहरू होलान्।

वैज्ञानिक बनाउने व्यावहारिक बनाउने अझ राम्रो बनाउने कुरामा यहाँहरूको मेहेनत निकै धेरै हुनेछ भन्ने कुरा सरकारको तर्फबाट त्यो अपेक्षा राख्दै यहाँहरूले उठाएका सैद्धान्तिक सवालहरूका आधारमा हामी एक ठाउँमा छौं । हामी यो जरुरी छ हामीले सामर्थ्य बनाउँदै जाने हो भन्ने कुरामा हामी सर्वसम्मत भएका छौं, यो नै राम्रो पक्ष हो । यो नै यो विश्वविद्यालयको निर्माणको लागि एउटा राम्रो आधार हो र सम्भावना हो भन्ने मैले बुझेको छु र यसका निम्तिफेरि पनि सभामुखमार्फत माननीयज्यूहरूले जसरी उठाएका सरोकार चासो र चिन्तालाई सम्मान र स्वागत गर्दै आभार व्यक्त गर्दै यहाँहरू प्रति धन्यवाद दिँदै यो विधेयक माथि उठेका सैद्धान्तिक सवालहरूलाई म यहीं उठेका सवालहरूको विषयमा मैले यी कुराहरू जवाफ राख्दै मेरा भनाइहरू अन्त्य गर्छु हवस् धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री विमला के.सी.ले सभामा प्रस्तुत गर्नु भएको पर्वतीय विज्ञान तथा प्रविधि

विश्वविद्यालयको स्थापना, व्यवस्थापन र संचालन गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १ अनुसार पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना, व्यवस्थापन र संचालन गर्न बनेको विधेयकमा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को दोस्रो संशोधनको लागि विशेष समिति गठन गरिएको र उक्त समितिले निर्धारित समयमा कार्य सम्पन्न गर्न नसकेका कारण उक्त समिति विघटन गरी देहायबमोजिमका माननीय सदस्यहरू रहने गरी पुनः कर्णाली प्रदेश सभा नियमावली २०७४ को दोस्रो संशोधनको लागि नियमावली संशोधन विशेष समिति गठन गरेको छु । यसको कार्यावधी २ महिनाको हुनेछ ।

१.माननीय श्री करवीर शाही

२.माननीय श्री दीनबन्धु श्रेष्ठ

३. माननीय श्री मिनासिंह रखाल

४.माननीय श्री विन्दमान विष्ट

५. माननीय श्री सोशिला शाही

माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को दोस्रो संशोधनको लागि नियमावली संशोधन विशेष समितिमा रहने माननीय सदस्यहरूको नामावली अनुमोदनका लागि प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

यो प्रस्तावको विपक्षमा रहने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ कर्णाली प्रदेश सभा नियमावली, २०७४ को दोस्रो संशोधनका लागि नियमावली संशोधन विशेष समितिमा रहने माननीय सदस्यहरूको नामावली सर्वसम्मतिले अनुमोदन भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७८ साल वैशाख १५ गते बुधवार दिनको २ बजे सम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा

सातौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८ बैसाख १५ गते

बुधवार

(बैठक संख्या-४)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको सातौंअधिवेशनको चौथो बैठकको कारवाही प्रारम्भ हुन्छ । के भयो माननीय सदस्य ?

**माननीय गुलाब जंग शाहः-** केहि विषयमा बोल्नु पर्‍यो सभामुख महोदय, ।

**माननीय सभामुखः-** के विषयमा बोल्नु पर्‍यो माननीय सदस्य ?

**माननीय गुलाब जंग शाहः-** आजको स्थिति यस्तो छ आज मुलुक भयाभह स्थितिमा छ । हामी सबैलाई थाहाजानकारी छ कि मुलुकले अहिले निषेधाज्ञा जारी गरेको छ । जनता अहिले त्रासमा छन् । मान्छे भाकभोकै मर्नुपर्ने अवस्थामा छ । सलाइन पानी नपाएर औषधी उपचार नपाएर घर घरमा बिरामी पल्टने अवस्था छ । माननीय सदस्यपनि बिरामी भएर घरमा पल्टेको अवस्था छ । यस्तो विशेष अवस्थामा हामीले पहिल्यै पनि भन्यौं औपचारिक ढंगले भन्यौं । अनौपचारिक ढंगले भन्यौं । बैठकमा भन्यौं फोरममा भन्यौं सरकारका प्रतिनिधिलाईभन्यौं कि यस्तो विशेषपरिस्थितिमा हामीले जनात आक्रान्त भएको बेलामा जनता दलदलमा फसेको बेला हामीले यो प्रदेश सभा जहाँ कानून बनाउने थलो हो जनतालाई पिडा भएको बेला यस्तो बेलामा यो सदन चल्न सक्दैन हामी जनप्रतिनिधि जनताका पक्षमा उभिनु पर्ने मान्छेहरूले हामीले आफैले आज सरकारले निषेधाज्ञा जारी गर्दैगर्दा हामी सदनमा उपस्थित भएर हामीले यो प्रारम्भ गर्दा कति औचित्यपूर्ण छ कति आवश्यकपूर्ण छ । यो कुरा सोचियोस् यसमानेमा चाहियो सभामुख महोदय, यसैले सभामुख महोदय, हामी भन्न चाहन्छौं,हामी जनताका प्रतिनिधि भएका नाताले हामी जनताको भावना सदनमा रिप्रेन्जेटिभ गर्न चाहन्छौं । यो जनताको चाहना जनताको भावना अनुसार बोल्ने दलको नाताले दलको सदस्यको नाताले यो भावना यहाँको बीचमा हामीराख्नचाहन्छौं । हामीले बारम्बारभन्यौं । हुनत सरकार वहिरो छ । अवैधानिक ढंगले भगुवालाई लिएर सरकार बनाउनेको नेतृत्व सरकारले गरेको छ । सरकारले विगतमा थुप्रै त्यसका दृष्टान्तहरू दिइसकेको छ । हामीले विकासका कुरा नभनौं अहिले हामीले विकासका तमाम सवाल जवाफ गरौंला तर अहिले हामी भन्न चाहन्छौं कि जनतालाई परेको पिडामा जनतालाई परेको मर्कामा हामीले एकाकार भावना गर्ने कि नगर्ने । जनतासँग आफ्नो भावना साट्ने कि नसाट्ने

जनतासँगहामी सहकार्य गरेर अगाडि बढ्ने कि नबढ्ने यस्तो अवस्थामा यो सदन चल्न उपयुक्त हुन्छ कि हुदैन । सभामुख महोदय, यस मानेमा हामीले हाम्रो दलको तर्फबाट यो भावना यहाँ प्रस्तुत गरेको हो त्यसैले हामी भन्न चाहन्छौं ।

यदि हामी सबै जनप्रतिनिधि हौं भने जनताको भावना रिप्रेन्जेटिभ गरौं । यस्तो बेलामा यो सदनलाई अगाडि बढाउन कति उपयुक्त हुन्छ । यो मानेमा पनि हामीले आजको सदन स्थगित गरियोस्, हुन सक्छ अहिले हाम्रा नियमित प्रक्रियाका कुरा छन् होला विलपास गर्ने कुरा छ होला केहि कानून बनाउने कुरा छ होला । यी पनि अत्यावश्यक कुरा हुन । हुनसक्छ सरकारले हिउँदे अधिवेशनमा आफ्नो पर्फमेन्स कति देखायो कति विल पास गर्यो भन्ने कुरा उसले देखाउने कुरा हो तर यो भन्दा पनि आज महत्त्वपूर्ण कुरा जनताका पक्षमा उभिएर बोल्ने जनताको आवाजलाई पहिलो कुरामा एकाकार गर्ने कुरा नै पहिलो कुरा हो सभामुख महोदय, यसैले पनि यो सदनको कारवाही फिटिक्कै अगाडि नबढाइकन कत्ती पनि अगाडि नबढाइकन आज जनताको भावनाअनुसार जनतालाई परेको पिडामा हामी साथ दिउ भन्ने कुरा राख्नचाहन्छु ।

(**माननीय सभामुखः-** छोटकरीमा छोटकरीमा राख्नुस् माननीय सदस्य ।)

सभामुख महोदय, यसैले आजहामीले भन्यौं, कार्यव्यवस्था परामर्श समितिमा भन्यौं, के सरकार त्यो कार्यव्यवस्था समितिले अहिले जनतालाई परेको पिडामा सबै हामी एकठाउँ उभिउ हुनत यो कर्णाली प्रदेशमा यसको राजधानी यसको नाम राख्ने बेला हामी सबै एक ठाउँमा उभिएर एउटा भावना प्रस्तुत गरेका थियौं । यो भन्दा पछाडि कहिल्यै पनि सत्तापक्ष र प्रतिपक्ष भएन सभामुख महोदय, अहिले हामीले देख्दै छौं ।यो सरकार यो सरकार,

(**माननीय सभामुखः-** छोटोमा,छोटोमा सकौं माननीय सदस्य ।)

अवैधानिक ढंगले एउटा दलका सांसदहरू चोरेर बनाएको सरकारले विगतमा हेर्‍यो भनेपछि असारको २८ गते रकमान्तर हुन्छ । सभामुख महोदय, असारको २८ गते रकमान्तर भएर त्यो जनताका पक्षमा कति सरकारले गर्यो कि गरेन त्यो कुरा समीक्षागरौंला सभामुख महोदय, सरकारले ल्यायो एउटा वडामा २४ ओटा निर्वाचन क्षेत्रमा सबै ठाउँ परेकि परेनन्। यो सरकार विभेदकारी हो कि होइन मुख्यमन्त्री रोजगार कार्यक्रममा निर्देशक समिति भन्ने छ ।

(**माननीय सभामुखः-** माननीय सदस्यले खास भन्न खोजेको के हो ।त्यसमा केन्द्रित होऊँ माननीय सदस्य।)

अहिले मुलुकको भयावह छ सरकारले निषेधाज्ञा जारी गरेको छ । यो निषेधाज्ञाले जनता घरघरमा थुनिएका छन् । यस्तो बेलामा यो सदन चलाउनु उपयुक्त हुदैन यसैले यो सदनको कारवाही अगाडि बढ्न सक्दैन भन्ने कुरा माग हो हाम्रो सभामुख महोदय,

यसैले आजको कारवाही यही स्थगित गर्नुपर्छ भन्ने हाम्रो दलको जोरदार ढंगले आफ्नो कुरा राख्न चाहे ।

**माननीय सभामुखः-** माननीय सदस्यको धारणा बुझियो बसौं माननीय सदस्य, आसन ग्रहण गरौं । दलीय सहमति कायम गरेर पनि गर्न सकिन्छ आसन ग्रहण गरौं ।

**माननीय गुलाबजंग शाहः-** हामीले भनेका हौं,हामीले औपचारिक ढंगले कार्यव्यवस्थामा कुरा राख्यौं, हिजो दलका तर्फबाट माननीय सदस्यले बोल्नु भयो । त्यसपछि अनौपचारिक बैठकमा पनि भन्यौं तर सरकार सुन्न चाहाँदैन सरकार देखेको कुरा पनि देख्नचाहदैन । सभामुख महोदय, त्यसको लागि आज हामीले यो बैठक अवरुद्ध गर्नु पर्ने अवस्था आयो । यो भन्दा पूर्व नै हाम्ले त सहमती गर्न चाहान्थ्यौ नि यो अवस्था हामीले ल्याउन चाहेको होइन तर यो कुरा सरकार सुन्नै चाहन्न, किन ?सरकार उदासिन छ,सरकार अन्धो छ। भगुवाहरूले बनाएको सरकार छ यस मानेमा पनि सरकार सुन्न चाहदैन सभामुख महोदय,

**माननीय सभामुखः-** आजको बैठकलाई सहयोग गरौं माननीय सदस्य, फेरि बसेर छलफल गरौंला यस विषयमा ।

**माननीय गुलाबजंग शाहः-** हामी जनताका प्रतिनिधि हौं । जनताका पक्षमा हामीले आवाज बुलन्दगर्नै पर्छ । सभामुख महोदय, जनतालाई परेको पिडाहामीले पनि एकाकार गर्न पर्ने छ सभामुख महोदय,

**माननीय सभामुखः-** आसन ग्रहण गरेर सहयोग गरौं माननीय सदस्य । माननीय सदस्यले उठाउनु भएका कुरा महत्त्वपूर्ण छन् संवेदनशील छन् । यस विषयमा दलीय सहमतीगरौंला बसेर छलफल गरौंला माननीय सदस्य आजको बैठकको लागि सहयोग गरौं आसन ग्रहण गरेर सहयोग गरौं माननीय सदस्य, आसन ग्रहण गरौं माननीय सदस्यहरू,

माननीय सदस्यहरू, आजको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित हुन्छ ।